# भव्य नेपालको निर्माण गरौं।

# जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गरौं ॥

लेखकः- तुलसीलाल अमात्य

नेपाल कम्युनिष्ट पार्टी प्रकाशन

काठमाण्डौ ।

## शुद्धि पत्र

| पेज नं. | हरफ | भएको यस्तो | हुनु पर्ने यस्तो |
|---|---|---|---|
| २ | २० | ले भन्दा | जितदस्तेले महा- |
| ३ | १ | आधा | अधि |
| ३ | १९ | शक्तिहनी | शक्तिहिन |
| ५ | १ | घोषण | घोषणा |
| ५ | ५ | अधिका | अधिकार |
| ७ | ४ | (सहेर को पछि कम्यूनिष्टहरूले भन्ने शब पर्ने) | |
| ८ | १९ | व्यवस्थासं | व्यवस्था संग |
| १० | २० | (पछि थपिनु पर्ने वाक्य) समाजव प्रजातान्त्रिक समाजवादीहरूको सम्म सिमित रहन्छ व्यवहारमा यो आउँदैन । | |
| १३ | ११ | प्रशस्त्र | सशस्त्र |
| १३ | १२ | ,, | ,, |
| १३ | १४ | सशस्त्र | शान्ति पूर्ण |
| १७ | ६ | उद्यमहरू लाई उद्यमहरू माथी कब्जा ग | |
| १८ | २० | लाखौं | लाख |
| १९ | १० | कहिले | कसैले |
| २० | १३ | ३ | ३५ |
| २३ | १० | ४ | ५ |
| २४ | ६ | कर्ता | कता |
| २७ | २१ | दमन गरी | दमन खतम गरी |

# भव्य नेपालको निर्माण गरौं ।

# जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गरौं ॥

With the best of compliments to Com. Gopal Sakya
Jlanak

लेखकः- तुलसीलाल अमात्य

नेपाल कम्युनिष्ट पार्टी प्रकाशन
काठमाण्डौ ।

प्रकाशक :-

नेपाल कम्यूनिष्ट पार्टी

काठमाण्डौ ।

पहिलो प्रकाशन १००० प्रति

२०४८ फागुन

मूल्यः- १०

लेखकः- तुलसीलाल अमात्य

# प्रस्तावना

यो भव्य नेपाल आज बिश्वको सबभन्दा पीछडिएको हालतमा पुगेको छ । प्रकृतिले हामीलाई हाम्रो देशको विकासको निम्ति सबै कुरो दिएको छ । हिम शिखर भएको ठूल-ठूला पहाडहरू देखि लिएर गरम तराईको क्षेत्र, सधैं भरि पानीले भरिएको ठूल-ठूला नदिहरू, जसको सदुपयोग गरेर नेपालको सम्पूर्ण जमिनमा सिंचाई गर्नलाई प्रशस्त पुग्दछ । यसैबाट बिजुली निकालेर नेपालको सम्पूर्ण उद्योगहरू चलाउन, यातायातको निम्ति ट्रलिबस, रेल, रोपवे चलाउनको लागि र सम्पूर्ण नेपालीहरूको घर जग-मग गरी उज्यालो गर्नलाई मात्र होइन अझ अरू लाखौं किलोबाट बिजुली बाहिरका देशहरूलाई समेत दिन पुग्छ । फलफूल र औषधीको निम्ति जडीबुटी उब्जने पहाड र अन्नको भण्डार त्यो विशाल तराई क्षेत्र छ । र साथै हिरा जवाहरात, सुन, चाँदी, तामा, फलाम, निकेल, प्राकृतिक ग्यास, तेल टङ्गस्टिन इत्यादि २२ औं प्रकारका पदार्थ र धातुहरू भएको पहाडी इलाका छ । यी सबै कुरोहरूलाई सहि ढङ्गले बिकास गरेको खण्डमा प्रति व्यक्तिको हिसाबले नेपाली जनता बिश्वको सबभन्दा धनी जनता बन्न सक्थ्यौं । तर आज नेपालमा स्थापित हुकुमशाही सामन्ती तथा पूंजीवादी सरकारहरूको गलत नीतिले गर्दा यो भव्य नेपाल बिश्वमा सबभन्दा पिछडीन गएको छ । र यहाँको जनता बिश्वको सबभन्दा रिब हालतमा पुगेका छन ।

आज हाम्रो अगाडि एकटा ठूलो चुनौति छ कि हामीले आफ्नो देशलाई कसरी बिश्वको बिकसित देशहरूको दाँजोमा पुर्‍याउने हो र

नेपाली जनतालाई आफ्नो देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा मालिक बनाए उनीहरूको जीवन सुखमय र निश्चिन्त बनाउने हो ?

यी नै समस्याहरू समाधान गर्ने बाटोको खोजीमा यो सानो पुस्तिका राजनीतिक प्रस्तावको रूपमा लेखेको छु । मार्क्सको शिक्षा हो । "कुनै कुरोको खण्डन गर्दा सत्य-तथ्य र तथ्याङ्कको आधारमा वैज्ञानिक विश्लेषण गरेर खण्डन गरोस ।" यसरी खण्डन गरेर अझ राम्रो प्रस्ताव अथवा राजनीति अगाडि आएमा सहर्ष स्वीकारिने छ । हामीलाई आफ्नो देशको विकास र जन जीवनको सुख समृद्धि चाहिएको छ । यसै निम्ति यसलाई स्वीकार्नु भन्दा पहिले बहसको निम्ति तयार गरेको हुँ । देश र जनता प्रति बफादार भएर हामी आपसमा बहस गरौं, विचारको आदान-प्रदान गरौं । देश र जनताको निम्ति एक साझा कार्यक्रम निकालौं र सबै मिलेर अगाडि बढौं ।

– तुलसीलाल अमात्य

महाशिवरात्री २०४८
क्वठः– नारायण स्थान
ललितपुर

# "जनवादी राष्ट्रीय प्रजातन्त्र" किन र कसरी ?

(बहसका निम्ती)

लेखकः– तुलसीलाल अमात्य
अध्यक्ष
नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त)

## भव्य नेपाल र यसको पतनः–

प्राकृतिक श्रोत र साधनले परिपूर्ण विश्वको सबभन्दा धनी देश नेपाल आज विश्वको सबभन्दा गरिब मुलुकहरू मध्ये तेश्रो स्थानमा पुगेको छ । नेपालका ६०% जनसंख्या आज गरिबीको रेखा मुनी बाँची रहेका छन् । धेरै जनताको अगाडी बिहान खाएर बेलुका के खाने भन्ने समस्या छ र कतिले सिस्नुको खोले खाएर जिन्दगी गुजार्न बाध्य छन् । पहाडी क्षेत्रमा मात्र होइन अन्नको भण्डार तराई क्षेत्रको पनि ६०% भन्दा बढी जनताको यहि हाल छ ।

नेपालको इतिहास खोतल्दा पुरानो सामन्ती जमानामा पनि नेपाल एउटा समुन्नत राष्ट्रहरू मध्ये गनिएको राज्य थियो । नेपालमा कलाकौशल हरूका भग्नावशेषले यस कुरालाई छर्लङ्गाएका छन् । हुयेनसाङ्गको पाला मा नेपालको कैलाशकुट भवन तथा अन्य कलाहरूबाट प्रभावित भई चिनले आजभन्दा २७०० वर्ष पहिले नै नेपालबाट अरनिकोको नेतृत्वमा ८० जना कलाकार र कालिगढहरू मगाएको थियो । डेनियल राइटले

सम्पादन गरेको अंग्रेजी भाषाको इतिहास अनुसार लिच्छीवी राजा भाष्कर वर्माले दक्षिणमा रामेश्वर सम्म जितेका थिए। धेरै पछि सम्म नेपालको इलाका पश्चिममा कांगडा पूर्वमा दार्जिलिङ्ग भन्दा पर टिष्टा नदी सम्म तथा दक्षिणमा गङ्गा नदी सम्म थियो। यस मानेमा नेपाल आर्थिक रुपमा मात्र नभएर राजनैतिक रूपले पनि धेरै सम्पन्न थियो। चन्द्रगुप्त प्रथम (३१९–३३५ ई०) ले नेपालको लिच्छवी राजाकी छोरी कुमार देवी संग विवाह गरी लिच्छवी राजाको मद्तले नै राज्य सिंहासन प्राप्त गरेका थिए। यसै कारण उनी आफ्नो सिक्कामा एकातिर आफ्नो र अर्कोतिर कुमार देवीको नाम लेख्ने गर्थे। लिच्छीवी राजाहरू प्रति उनी अति अनुगृहित थिए। चन्द्र गुप्त प्रथम को छोरा उत्तराधिकारी भारतको सम्राट समुद्र गुप्तको राज्य गङ्गा दक्षिण विहार र उत्तर प्रदेशमा थियो भने नेपाल राज्य गङ्गाजीको उत्तरमा सम्राट समुद्र गुप्त कै इलाहाबाद अभिलेख अनुसार पूर्वमा (आशामको) काम रूप देखि पश्चिममा कर्ट्रिपुर सम्म थियो। ३५०० सय वर्ष अगाडिको अरू अभिलेखहरूमा पनि नेपालको अभिलेख गरिएको पाइन्छ। विश्वका एक महान विभूति गौतम बुद्ध नेपाल कै छोरा थिए, सीता जस्ती आदर्श नारीको जन्म पनि नेपाल मै भएको थियो। यस्तै महाभारतको समयमा अर्जुनलाई हराएर फेरी पनि मित्रवत व्यवहार गरि पाशुपतास्त्र प्रदान गर्ने किरातेश्वर महादेव पनि नेपाल कै राजा हुमति थिए। यहि मित्रताको आधारमा हुमतिको उत्तराधिकारि राजा (किराँती राजा) ले भन्दा भारतमा युद्धमा पाण्डवहरूको पक्षमा भाग लिएका थिए। जस्को दरबारको भग्ना विशेष पाटनको पट्को टोलमा अधावधि छ। धेरै अत्याचार गरे पछि करीब



२१ सय वर्ष आघा किराँती राजाहरूको विरोधमा विद्रोह गरि भगाई पठाउने कार्य पनि पाटन कै जनता को थियो। पाटनका जनताले किराँत राजा मात्र होइन अत्याचार गरे पछि कतिपय मल्ल राजाहरूलाई पनि भगाएका थिए। यसै गरी नेपालका अनेक ठाउँबाट त्यहाँको जनताले अत्याचारी र अन्यायी राजाहरूलाई भगाएका थिए। एकातिर नेपालका कतिपय राजाहरूले अनेक वीरता देखाए, आफ्नो देशको विकास गरे भने कतिपय राजाहरूले जनता माथि अन्याय गरे पछि जनताको समस्या समाधान नगरे पछि यस्तो राजाहरूलाई भगाउने तथा आत्मसमर्पण गराउने शक्ति पनि नेपाली जनताले देखाएका थिए। राजाहरू हटाउने कुरोमा इतिहासलाई बङ्गाएर उपद्रवी प्रधानहरूको कार्यको रूपमा चित्रण गरेको पाईन्छ। तर किराँती राजाहरूलाई भगाउने प्रधानहरू थिएनन्। काठमाण्डौ र पाटनको राजा हरि देवको बिरोधमा विद्रोह गरी मन्त्रिहरू; पाटनको सिपाईहरू र जनता मिलेर लडाईमा हराएर भगाएका थिए। काठमाण्डौको राजाको घोडाले जनताको खेतमा चरेर बाली खाएकोमा राजदरबार घेरी राजाको श्रीपेछ झ्यालबाट खसाल्न लगाई आत्म समर्पण गराउने प्रधानहरू थिएनन। उनीहरू थिए कान्तिपुर (काठमाण्डौ) को जनता। यसरी नेपालका राजाहरू मात्र बीर र शक्तिशाली होइन जनता पनि उत्तिकै जागरूक र शक्तिशाली भएको कुरा इतिहासले प्रष्टाउँछ भने त्यहि शक्तिशाली जनता आज शक्तिहनी भएर एक सानो सिमानामा सीमित पुगेको छ।

जनताको जागरूकता र प्रजातान्त्रिक स्पिरिट मार्ने पहिलो राजा श्री पृथ्वी नारायण शाह, जसलाई पाटनको जनताले राजा हुनको निम्ती

बोलाएका थिए । जनताको स्वेच्छाले बोलाएर नआई फौंजि बलले जितेर जनतालाई दमन गर्ने कार्यको सुरुवात पृथ्वी नारायण शाहबाट भयो । त्यसबेला जितिसकेपछि जनताको नाक ओठ काट्ने र आत्मसमर्पण नगरे पाटनको जनताको हात काट्ने धम्कि समेत दिइने काम भयो । नेपालको पञ्च भलादमी द्वारा शासन गर्ने प्रणाली नष्ट गरेर पठाउने काम भयो। फेरी पनि राणा शासन काल भन्दा पहिले सम्म नेपाल एउटा पूर्ण स्वतन्त्र सामन्ती राज्य कै रूपमा थियो । राणा शासनको स्थापनाको संग सगै नेपाल अंग्रेज साम्राज्यवादको नवउपनिवेशमा बद्लियो राणा शासनको मूल आधार अंग्रेज साम्राज्यवाद थियो । राणा शासन कालमा नेपालले एउटा पश्चिमि साम्राज्यवादको खुला बजारको रूपमा परिणत भयो। पश्चिमि साम्राज्यवाद र पछि गएर जापानी पूंजीवादको सस्तो सामानको प्रतिस्पर्धामा नेपालको कला कौशल र घरेलु उद्योगहरू नष्ट भएर गए। भारतीय एकाधिकार पूंजीको प्रवेशले नेपालीको हातबाट उद्योग र व्यापार पनि खोसिन्दै गयो। अंग्रेज साम्राज्यवादको नीति अन्तरगत गाउँ तथा देहातमा जमिन्दारी प्रथा स्थापना भई किसानहरू माथिको शोषण, दमन र अत्याचार तिव्र भएर उनीहरूको जीवन झन् झन् संकट ग्रस्त भएर गयो। जनताको उत्साह झन् झन् क्षीण भएर गयो।

## प्रजातान्त्रिक संघर्षको शुरूआत एवं प्रजातन्त्रको उदय र विलयः–

भारतको स्वतन्त्रता संघर्षले नेपाली जनतालाई पनि राणा शासनबाट मुक्ति पाउने संघर्षका लागि प्रेरणा प्रदान गऱ्यो। नेपालमा विस्तारै प्रजातान्त्रिक आन्दोलनको प्रारम्भ भयो । नेपाली कांग्रेसको पहल कदमिमा राजा र जनता मिलेर २००७ सालको सशस्त्र संघर्ष भयो र त्यसै संघर्षको परिणाम स्वरूप नेपालमा राणा शासनको पतन भई



प्रजातन्त्रको घाम झुल्केको थियो । राजा त्रिभुवनले घोषण गरेका थिए, "अब उप्रान्त हाम्रा प्रजाको शासन उनीहरूले चुनेका प्रतिनिधिले तर्जुमा गरेको गणतान्त्रिक सम्विधान अनुसार हुनेछ।" त्यस बेला दुई वर्ष भित्र सविधान सभाको चुनाव गराउने निधो गरेर एक अन्तरीम विधान समेत बनेको थियो । तर बिस्तारै बिस्तारै राजा त्रिभूवनद्वारा जनताको अधिकार सीमित भएको र राणाहरूको हातमा रहेको शक्ति जनताको हातमा आउने सट्टा राजाको हातमा केन्द्रित हुँदै गयो तथा सम्बिधान सभाको चुनावलाई विलीन पार्ने काम भयो। २०१४ सालमा कम्यूनिष्ट पार्टी र नेपाली कांग्रेस मिलेर फेरी एक पटक संयुक्त संघर्ष गरेर संसदीय चुनाव गराउनु पऱ्यो। यसमा राजाद्वारा नै सम्बिधान तयार गरेर दिने काम भयो । यो संसदीय व्यवस्था ल्याउने संघर्षमा नेपाल कम्यूनिष्ट पार्टी र नेपाली कांग्रेसको समान सहभागिता थियो । फेरी पनि चुनावको बेला भारतीय एकाधिकार पूंजी पति वर्गको सहयोगले बहुमत प्राप्त गरी नेपाली कांग्रेसको सरकार स्थापित भयो । नेपाली कांग्रेसले भन्ठान्यो यो नेपाल नेपाली कांग्रेसको निजी राज्य हो । यसैले कर्मचारी भर्ती, उद्योग व्यापार देखी लिएर अन्य सबै कार्य सबै नेपाली कांग्रेसको अनुग्रहमा हुन थाल्यो । जनताको समस्या समाधान गर्ने कुरा एकातिर पन्छिदै गयो । संसद भित्र कम्यूनिष्ट प्रतिनिधिहरूको तर्फबाट बार बार यस कार्यको विरोधमा र सही दिशामा राज्य चलाउनको निम्ती कांग्रेसी मन्त्रि मण्डलको ध्यानाकर्षण गरियो। त्यस बेला अमेरिकी साम्राज्यवादको षडयन्त्रले ठाउँ ठाउँमा प्रजातान्त्रिक व्यवस्थाहरू खतम गरी फौजी हुकुमशाही व्यवस्था कायम गर्दै आई रहेको थियो । नेपालमा यस्तै प्रकारले राज्य व्यवस्था चलाउँदै गएमा फौजी कार्य द्वारा नेपालको संसदीय प्रजातान्त्रिक व्यवस्था खतम हुन सक्ने कुरामा

पनि कम्यूनिष्ट प्रतिनिधिहरुद्वारा बराबर ध्यानाकर्षण गरिएको थियो। तर यी सबै कुरोमा नेपाली कांग्रेसका नेताहरुद्वारा हासेर टालि दिने काम भयो।

## प्रजातन्त्र माथि प्रहार र हुकुमशाही व्यवस्थाको स्थापना:-

संसदीय प्रजातान्त्रिक व्यवस्थाको हत्या र हुकुमशाहीं व्यवस्थाको स्थापना गर्ने षडयन्त्रको नेपाल कम्यूनिष्ट पार्टीले संसद भित्र र बाहिर विरोध गरेको थियो। नेपालको कम्यूनिष्ट शक्ति र कम्यूनिष्ट आन्दोलन बढ्दै गई रहेको थियो। यस देखी दरबार र अमेरिकी साम्राज्यवाद तर्सिन थाल्यो र अमेरिकी साम्राज्यबादको सहमतिमा २०१७ साल पौष १ गते "फौजी कू" गरि राजा महेन्द्रद्वारा नेपालमा संसदीय व्यवस्था खतम गरी पुन: एकपटक पश्चायतको पर्दा भित्र सामन्ती हुकुमी शासनको अन्धकार युग शुरू भयो।

त्यसबेला नेपाली कांग्रेसको एक सानो अङ्गले साथ दिएको थियो भने कम्यूनिष्ट पार्टीको पनि अर्को एउटा सानो अङ्गले राजाको फौजी कार्यवाहीमा समर्थन गरेको थियो।

## कम्यूनिष्ट पार्टीको विभाजन र नेपालको राजनीतिमा यसको असर:-

राजा महेन्द्र द्वारा गरिएको "फौजी कू" को समर्थनमा ने०क०पा० को एउटा सानो अङ्ग उभियो र तिन दिन सम्म दिपमाला जलाएर ग्रामिण जनतालाई भनेर दिपमाला जलाउन लगाए। तर कम्यूनिष्ट



पार्टीको अत्यधिक बहुसंख्यक अङ्गले राजाको फौजी कार्यवाहीको विरोध गर्‍यो। फलस्वरूप कतिले जेल भोग्नु पर्‍यो, कतिले गोली खानु पर्‍यो, कतिले विदेश भाग्नु पर्‍यो र कतिको सर्वस्व हरण भयो। फेरी पनि अनेक दु:ख कष्ट सहेर लगातार ठुला साना संघर्ष गर्दै गए। जति धुकै दु:ख कष्ट संग सामना गर्न परेता पनि कम्यूनिष्टहरुले विचलित नभईकन आ-आफ्नो तरिकाले संघर्ष गर्दै रहे। राजा महेन्द्रले कम्यूनिष्ट पार्टीका तत्कालिन महामन्त्री डा० रायमाझीलाई हात लिंदा पनि सम्पूर्ण कम्यूनिष्ट हरु हात न आउनाको कारणले कम्यूनिष्ट युवाहरुलाई उग्र नारामा फँसाएर कम्यूनिष्ट पार्टीलाई टुक्राउन सफल भए। स्तालिनले एक ठाउँमा भनेका थिए, "जब प्रतिक्रिया वादीहरुले दायाँ हात चलाएर सफलता प्राप्त गर्न सक्तैनन् तब बायाँ हात चलाउन थाल्दछ।" (भनाईको मतलब हो प्रतिक्रिया वादीहरुले संसोधनवादी र विसर्जनवादी लाईनबाट कम्यूनिष्ट हरुलाई नष्ट गर्न न सके पछी उग्र नारामा फँसाएर कम्यूनिष्ट पार्टीलाई टुक्राउने षडयन्त्र भयो। तर उग्र काम गराएर कमजोर पार्ने काम गर्छन्।) यसरि टुक्राउँदा पनि कम्यूनिष्टहरुको संघर्ष रुकेन। गलत-सहि तथा उग्रवादी ढंगले पनि बिभिन्न टुक्रामा विभाजित कम्यूनिष्ट पार्टीले आ-आफ्ना संघर्ष चालु राखे। हो अवश्य कम्यूनिष्टहरु टुक्रिदा कम्यूनिष्ट हरुको संघर्षले जुन असर देखाउनु पर्ने हो, त्यो असर देखाउन सकेन। उग्रवादी कार्यले गर्दा कतिले धोका पाए, कतिको अनाहकमा ज्यान गयो। तर यी तमाम गल्ती र कमजोरीहरु रहेता पनि कम्युनिष्टहरुको स्पिरिट मरेर गएन, संघर्ष चालु रह्यो।

## कम्यूनिष्ट एकताको शुरू र नेपालमा प्रजातन्त्रको पुनर्स्थापना:-

कुनै समय एकले अर्काको मुख सम्म पनि न हेर्ने विभिन्न समूहहरूले आ-आफ्ना गल्तीहरू महसुस गर्दै एकताको प्रयास शुरू भयो र अन्तमा "संयुक्त बाम मोर्चा" को गठन भयो। फेरी एक पटक कम्यूनिष्ट र कांग्रेस एक भएर २०४६ साल फाल्गुण ७ गते देखी संयुक्त जन आन्दोलन शुरू भयो। आन्दोलनले ४६ दिनको घनघोर संघर्ष पछि विजय प्राप्त गर्‍यो र नेपालमा एक पटक फेरि प्रजातन्त्रको उदय भयो। यो प्रजातन्त्र २०१५ सालको संसदीय व्यवस्था भन्दा गुणात्मक रूपले विकसित प्रजातन्त्रको रूपमा देखा पर्‍यो। नेपालको इतिहासमा सर्व प्रथम जनतालाई देशको "सर्वभौम" अथवा देशको मालिकको रूपमा संविधानले स्वीकार गर्‍यो। यसले नेपालको इतिहासमा एक युगान्तकारी परिवर्तन ल्यायो। सामन्ती हुकुमशाही अन्धकार युगको अन्त गरि प्रजातान्त्रिक युगको शुरूआत गर्‍यो।

## नेपाली कांग्रेसले संघर्षको बेलामा लिएको नीतिः-

जन आन्दोलन भन्दा पहिले नेपाली कांग्रेस र कम्युनिष्टहरूको संयुक्त कार्यवाहीका निम्ती गणेशमान जी को भनाई थियो, "महाभारतका गन्धर्वहरूसंग लड्नका निम्ती कौरव र पाण्डव एक भए झैं यो पञ्चायती हुकुमशाही व्यवस्थासं लड्नको लागि कांग्रेस र कम्यूनिष्ट एक हुनु पर्छ र गन्धर्वहरूलाई हराई सकेपछि कौरव र पाण्डव अलग अलग भए जस्तै पञ्चायती हुकुमशाही व्यवस्था माथि बिजय प्राप्त गरी सकेपछि कांग्रेस कांग्रेसै हुनेछ कम्यूनिष्ट कम्यूनिष्ट नै हुनेछ" अर्थात अलग अलग हुनेछ।



कम्यूनिष्टहरुको चाहना थियो, "कांग्रेस र कम्यूनिष्टको एउटा स्थाई संयुक्त मोर्चा बनोस्।" जनताको पनि यहि चाहना थियो। आन्दोलनको बेला जनताले ठाउँ ठाउँमा कांग्रेस र कम्यूनिष्टको एउटा झण्डा, एउटै ब्यानर बनाएर टागे। तर नेपाली कांग्रेसले आन्दोलनको सफलता पछि जनताको यस भावनालाई लत्याए। गन्धर्वलाई हराएर उनीहरूको हातबाट मुक्ति पाए पछि कौरवहरु हस्तिनापुरको राज्य चलाउन गए, पाण्डवहरू वनवासको वनवासमा रहे जस्तै कांग्रेस राज चलाउन गए कम्यूनिष्टहरु अहिले बनबासी कै हालतमा छन्।

## नेपाली कांग्रेस र प्रजातान्त्रिक समाजवादः-

नेपाली कांग्रेसले आफुलाई प्रजातान्त्रिक समाजवादी भन्ने गर्छन्। वहाँहरूको समाजवाद पनि एउटा अनौठो समाजवाद हो। वहाँहरू विश्वेश्वर जी ले कस्तो प्रजातान्त्रिक समाजवादको सपना देख्नु भएको रहेछ त्यसको कुनै रुप रेखा हाम्रो अगाडी छैन। बारा जिल्लाको एउटा बाबाले किसानहरूलाई सिताफल ख्वाउने आशा देखाए जस्तै नेपाली कांग्रेसले नेपाली जनतालाई प्रजातान्त्रिक समाजवादको आशा देखाउने काम गरेको छ। किसानहरूलाई सिताफल के हो ? भन्ने थाहा नभए जस्तै नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद के हो भन्ने कुरा नेपाली जनतालाई थाहा छैन। यो त सिताफल ख्वाउने आशा देखाई दिन भर खेतमा खटाएर बेलुका खाना ख्वाउँदा फर्सीको तरकारी खुवाए जस्तै हुने हो। यो हो नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद।

एकातिर साम्राज्यवादी तथा भारतीय एकाधिकार पूँजीको निम्ती उदार नीति लिएर बिदेशी पूँजीको निम्ती खुलाद्वार छोडेर हाम्रो देशको

अर्थ व्यवस्था माथि विदेशी कब्जा जमाउन दिने अनि हाम्रो राष्ट्रिय पूँजीपतिहरुले चलाएर आएको उद्योगहरु समेत साम्राज्यवादी तथा भारतीय र विदेशी एकाधिकार पूँजीको प्रतिस्पर्धामा नष्ट गरेर पठाउने हाम्रो जग्गा-जमिन, खानी, नदी, वन, उद्योग, व्यापार, निर्माण कार्य, पर्यटन सेवा ईत्यादी सम्पूर्ण आर्थिक क्षेत्रमा सम्राज्यवादी र विदेशी एकाधिकार पूँजीको कब्जा जम्न दिएर नेपाली जन जीवन दक्षिण कोरिया, थाइल्याण्ड, ब्राजिल, फिलीपिन्सको हालतमा पुऱ्याउने र साथै विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको दवावमा विद्यार्थीहरुको फीस ३००% पानी कर ३०० प्रतिशत, उद्योग सञ्चालन गर्न र विद्यार्थीहरूको अध्ययनका लागि नभई नहुने बिजुलीमा ११८ प्रतिशत बढाउने, देशमा नातावाद, कृयावाद, भ्रष्टाचार बढाएर, महंगी तथा बेकारी बढाउदै जनजीवन बर्बाद गर्ने अनि अर्कोतिर समाजवादको कुरा गर्ने त्यो कुन किसिमको समाजवाद होला एवं त्यसलाई कसरी ल्याउने होला । आश्चर्यको कुरा हो । सीताफल जस्तै अद्भुत र आश्चर्य जनक समाजवाद । यस नीति अन्तरगत नेपाली कांग्रेसले आफ्नो राष्ट्रिय पूंजीपतिहरूको सम्म पनि रक्षा गर्न सक्ने छैन । यसनीति अन्तरगत नेपालको अर्थ व्यवस्था र यसै कारण राजनीतिक व्यवस्थामा पनि आध्यपत्य साम्राज्यवादी र विदेशी एकाधिकार पूंजी कै जन्म जानेछ । साम्राज्यबाट तथा भारतीय एकाधिकार पूंजीको सेवा गर्दै गएर समाजवाद ल्याउनु बीष बृष रोपेर यसमा अनार फलाई दिन्छु भने जस्तै अनहोनी काम हो ।

## नेपाली कांग्रेस र प्रजातन्त्रः-

नेपाली कांग्रेस कति प्रजातान्त्रिक रहेछ भन्ने कुरा सो पार्टीले



संसदको निम्ती भएको आम चुनावलाई कसरी प्रयोग गऱ्यो भन्ने कुराले स्पष्ट गर्छ । चुनाव हुनुपर्थ्यो जनतालाई सैद्धान्तिक, राजनैतिक, आर्थिक कार्यक्रम बारे चेतना दिएर, विभिन्न कार्यक्रममा दिल खोलेर छलफल गरेर–गराएर अनि जनताद्वारा निर्णय निकालेको कुरोको पक्षमा मतदान गराएर । तर चुनाव भयो सिद्धान्त, राजनीति, अर्थनीतिलाई एक कुनामा [illegible], जनतालाई भ्रम दिएर, जाँड–रक्सी खुवाई जनताको दिमाग [illegible], गुण्डाहरू लगाएर आफ्नो पक्षमा मत नदेला जस्तो मतदाताहरूको मत दिने अधिकारबाट बञ्चित गरेर, मतदान केन्द्रमा जाने बाटोमा गुण्डाहरू राखी नाम, गाउँ सोधि आफ्ना विपक्षकाहरूलाई मतदान केन्द्रमा जान समेत नदिएर । के यहि प्रजातान्त्रिक चुनाव पद्धति हो ? जागिरको प्रलोभन दिएर मत प्राप्त गर्नु के प्रजातान्त्रिक पद्धति भित्र पर्छ ? यसरी [illegible] जुवा जिते जस्तै जितेर सरकार बनाई सबै कुरोमा कांग्रेसीकरण गर्नु पनि प्रजातन्त्र कै लक्षण हो ?

यस बाहेक आज यो कांग्रेस सरकारले जसरी स्थानीय निकायहरूको गठन गर्न खोजेको छ त्यसले पनि नेपाली कांग्रेस कतिको प्रजातान्त्रिक छ वा छैन भन्ने कुरा छलंङ्गाएको छ । यस सरकारले सो निकाय गठन गर्ने प्रजातान्त्रिक पद्धति अपनाउने सट्टा नगर पालिका तथा जिल्ला समितिमा श्री ५ को सरकारको तर्फबाट केही सदस्यहरू मनोनयन गर्ने कानुन बनाउँदै छ । अनि प्रत्येक निकायलाई स्वसाशित संस्थानको रूपमा विकास गराउने सट्टा ती निकायहरुलाई श्री ५ को सरकारले निर्देशन दिने र नियन्त्रण गर्ने प्रावधान राख्ने कुरो गर्दैछन् । हरेक कुरोमा कांग्रेसीकरण गर्नु गर्ने यो सरकारको निर्देशन र नियन्त्रण कसको हितमा हुनेछ भन्ने

कुरो पनि स्पष्ट छ । आज नेपाली कांग्रेसले संसदीय चुनावमा बहुमत पाएर सत्ता प्राप्त गरेपछि प्रजातान्त्रिक पार्टीको आचरण विपरित सर्वसत्तावादी एक हुकुमशाही प्रवृत्ति लिन थालेको छ । यसले आफ्नो मातहत यस्ता दलहरुको निर्माण गर्न थालेको छ जसको काम जनतामा सैद्धान्तिक र राजनैतिक चेतना फैलाउनु होइन की मारपीट र आतङ्क मचाएर, कसैको ज्यान सम्म पनि लिएर तथा झुठा मुद्दामा फसाएर विरोधी पार्टीहरूलाई नष्ट गर्नु हो । पञ्चहरूले जस्तै नेपाली कांग्रेसले पनि हर क्षेत्रमा कांग्रेसीकरण शुरु गर्ने कार्यमा लागेर रेडियो र टेलिभिजनको प्रशारणमा होस् वा गोरखापत्र र राईजिङ्ग नेपालको प्रकाशनमा होस् अथवा देशको सरकारी नोकर होस् वा उद्योग-व्यापार, कोटा-कन्ट्रोलको काम होस् वा विद्यार्थी विदेशमा पढ्न पठाउने होस् सबै कार्यहरूमा कांग्रेसी सदस्य अथवा समर्थकहरुले नै सहुलियत पाउने नीति अपनाएर तराई तथा पहाडका ग्रामिण क्षेत्रमा कांग्रेसी आतङ्क फैलिएर के नेपाली कांग्रेसले प्रजातन्त्रकै जग माथि प्रहार गरिरहेको छैन ? याद रहोस् हिटलरको नाजिवाद यहि तरिकाले निर्माण र विकास भएको थियो ।

जहाँ एकातिर मानिसहरु कांग्रेसलाई सघाएर प्रजातन्त्रको रक्षा र सुदृढी करणको कुरा गर्छन भने त्यहीं अर्कातिर नेपाली कांग्रेसले स्वयम् प्रजातन्त्रको जग माथि प्रहार गर्दै छ । पञ्चायत कालको मण्डले चरित्र अब कांग्रेसमा सर्न लागेको छ । कांग्रेसको यस रवैयालाई रोक्न सकिएन भने निश्चित छ नेपाली जनताले नेपाली कांग्रेसको शासन अन्तरगत पहिले पञ्चायती हुकुमशाही शासनमा जस्तै फेरी पनि हुकुमशाही शोषण-दमन भोग्नु पर्ने स्थिति उत्पन्न हुनेछ ।



## पूंजीवादी प्रजातन्त्रको स्थापना र जनजीवनमा यसको असर:-

नेपाली कांग्रेस र संयुक्त वाम मोर्चामा सङ्गठित कम्युनिष्टहरूले संयुक्त रूपले संघर्ष गरी प्राप्त गरेको यो प्रजातन्त्रले पूंजीवादी रूप लिएको छ । यदि कम्युनिष्टहरूले २०१९ सालमा भएको तेश्रो महा-अधिवेशनको निर्णय अनुसार सबै एक भई राष्ट्रिय प्रजातन्त्रका निम्ती तैंयारी गर्दै आएको भए आजको यो प्रजातन्त्र पूंजीवादी प्रजातन्त्र नभएर राष्ट्रिय प्रजातन्त्रको रूपमा देखा पर्ने थियो । तेश्रो महा-अधिवेशनको लगत पछि देशीय प्रतिक्रियावाद तथा अन्तरराष्ट्रिय साम्राज्यवादको प्रयासले कम्युनिष्ट पार्टी तेश्रो महा-अधिवेशनको राजनीति राष्ट्रिय प्रजातन्त्रको विरोध गर्दै प्रशस्त क्रान्तिको नारा दिंदै विभिन्न समूहहरुमा टुट्न गयो । आखिर प्रशस्त्र क्रान्ति कसैले गरेको होइन । वहाँहरुको नारा लफ्फाजि (Phrase mongering) मा नै सिमित रह्यो । आखिर नेपालको प्रजातान्त्रिक आन्दोलन सशस्त्र संघर्षद्वारा टुङ्गियो । यदि कम्युनिष्टहरू एक भई राष्ट्रिय प्रजातन्त्रको लक्ष राखी राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई अगाडि बढाएर जनचेतना दिई व्यापक सङ्गठन गरेर ल्याएको भए निश्चय नै यो प्रजातन्त्र राष्ट्रिय प्रजातन्त्रको रूपमा देखा पर्ने थियो र यसले आजको जस्तो अलमलमा नपरी देश र जनताको जीवन उकास्ने दिशामा कदम चाल्न सक्ने थियो । दुस्मनहरुको षडयन्त्र र दिशाहिन राजनीतिको चक्करमा परि कम्युनिष्टहरूले निर्णायक भूमिका खेल्न सकेनन् र आज नेपालमा पूंजीवादी प्रजातन्त्रको स्थापना भयो । आज यस प्रजातन्त्रको प्राप्तीको बाबजुद्ध जनजीवन संकट ग्रस्त भएर

रह्यो र यो संकट बढ्ने सिवाय घट्ने होइन। नेपालको प्रजातन्त्रले "विशुद्ध पूंजीवाद प्रजातन्त्र" को रुप लिन सकेन। एशिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरु जो अविकशीत छन् ती देशहरुमा बेलायत, अमेरिका, फ्रान्स, जर्मनी, जापानको जस्तो आफ्नै देशका राष्ट्रिय पूंजीपति वर्गको पनि सेवा गर्ने पूंजीवादी प्रजातन्त्र पनि स्थापना हुन सक्दो रहेनछ भन्ने कुरो नेपालको हाल स्थापना भएको पूंजीवादी प्रजातन्त्रले स्पष्ट गरेको छ नेपालको पूंजीवाद प्रजातन्त्र विश्व पूंजीवादको एक अङ्ग हुन आएको छ। ठूलो माछाले सानो माछ खाने "मत्स्य न्याय" नै पूंजीवादको नियम हो। यस पूंजीवादी प्रजातन्त्रले विश्वका ठूला ठूला एकाधिकार पूंजीलाई देश भित्र निम्त्याएर तिनीहरूसंगको प्रतिस्पर्धामा हाम्रो राष्ट्रिय पूंजी टिक्न नसकी दिवालिया भएर लोप भएर जानु पर्ने स्थिति नै तँयार गरेको छ।

यसपाली नेपाल माथि विदेशी ऋण चालिस अरब रूपैंयाँ पुग्न गएको छ। यो रकम कहिले तिर्ने? र के ले तिर्ने? पठाउनु पर्‍यो यहाँको चामल, दाल दुग्ध विकासको नाममा निस्केका चिज, मक्खन, क्रीम, मासु खाने पशुहरू, इत्यादि इत्यादि अनि यी सबै कुराहरू विदेशमा पठाएर पनि नपुग्दा व्याज र ऋण सेवामा तिर्नको निम्ती थप विदेशी ऋण लिनु पर्ने बाध्यता त छदैछ।

वर्तमानमा यो सरकारले ५ वर्ष भित्र १६० अरब रूपैंयाँ खर्च गर्ने योजना बनाएको छ। यो रकमको बाटो के हो ? यसको निम्ती देश भित्रको सम्भावित श्रोतहरू खोजेर क्रमिक रूपले देशको स्वतन्त्र आर्थिक



विकास गर्ने सट्टा यो पूंजीवादी सरकारले विदेशी पूंजी र विदेशी ऋणमा नै भर पर्ने काम गरेको छ। १६० अरब रूपैंयाँ मध्ये ४० प्रतिशत जति ऋण लिने कुरो सुनिन्छ, यस अनुसार ऋणबाट करीब ८० अरब आउने भयो भने बाँकी ११० अरब रूपैंयाँ कहाँबाट र कसरी आउँछ ? र यी रकम कुनै ठोस राष्ट्रिय उद्योगहरूको विकासमा लाग्ने लक्षण छैन। स्पष्टत: यसको बढी भन्दा बढी रकम विदेशको सम्पतिको रूपमा उद्योगहरू र उद्यमहरूमा लाग्ने छ। त्यस पछी यो सिद्ध छ की हाम्रो देशको अर्थ व्यवस्थाको मूल आधार विदेशी पूंजी नै हुनेछ र हाम्रो देशको अर्थ व्यवस्था माथि हाम्रो देशको राष्ट्रिय पूंजीको होइन अधिपत्य विदेशी पूंजीको हुन भयो। याद राख्नु पर्ने कुरा के छ भने जसको हातमा अर्थ व्यवस्था रहन्छ उसकै हातमा राजनीतिक व्यवस्था पनि रहन्छ र यसरी हाम्रो राजनैतिक व्यवस्था माथि पनि उनीहरूकै कब्जा जम्न जानेछ।

जहाँ सम्म ऋणको सवाल छ हामीले कुल रकमको ४० प्रतिशत मात्र ऋण लिए पनि हाम्रो विदेशी ऋणमा ८० अरब रूपैंयाँ थपिने भएको छ कुल ऋण हुने भयो १२० अरब रूपैंयाँ, ब्याज र ऋण सेवा गरी कमसेकम १२ अरब रूपैंयाँ, अरूलाई तिर्नलाई चाहिने भयो, एक पटक डलरको भाउ बढाई दियो भने कुनै थप ऋण नलिईकन हाम्रो विदेशी ऋण १५० अरब रूपैंयाँ या यो भन्दा बढी पुग्न जानेछ अनि तिर्नु पर्ने ब्याज र ऋण सेवामा १५ अरब या यो भन्दा बढी पुग्न जानेछ। यसरी ऋणमा फसेकाहरू माथि बिश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषले अनेक शर्तहरू लाद्ने गर्छन। यस पाली बिश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषको दबाबबाट नै बिजुलीको भाउमा ११८ प्रतिशत, पानीमा ३०० प्रतिशत, शिक्षा फिस ३०० प्रतिशत बढ्न गएको हो। आज बिश्व बैंक र

अन्तरराष्ट्रिय मुद्रा कोषले बीसौं हजार निजामति कर्मचारी हरूलाई सरकारी नोकरीबाट हटाउने दबाब दिई रहेका छन । बिश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोषको ऋणमा फसे पछि उनीहरूले ऋणि देशलाई र त्यस देशको जनतालाई बर्बाद गर्ने अनेक शर्तहरू राख्ने गर्छन् । ती शर्तहरू मध्ये केही त माथि गई सकेका छन् तर त्यति मै तिनीहरूका शर्त सिमित रहने छैनन् । यसरी उनीहरूले यस्तो रकमको वृद्धि त कति पटक गर्नेछन् गर्नेछन् । हाल क्याम्पसको फिस ३०० प्रतिशत बढेको छ भने अर्को पटक यस माथि कैयौं प्रतिशतले बढाइने छ । दक्षिण कोरिया कै उदाहरण लेउँ:- यस्तै किसिमले बढाउँदा दक्षिण कोरियामा मासिक फीस १५० अमेरिकी डलर पुगेको छ अस्पतालमा नाम लेखाउनमा नै १० डलर, रगत-पिसाब जचाउँनु पर्‍यो भने १५० डलर, कुनै थोत्रो होटलमा पनि खाना खान पर्‍यो भने १० डलर पर्छ । उनीहरूको पैसाको अवमूल्यन हुँदा हुँदा १ डलरको ८०० बोन पुग्न गएको छ, जबकी उत्तर कोरियामा १ डलरको २ बोन मात्र पर्छ । हाम्रो नेपाली मुद्रा पहिले १ डलरको ८।- रूपैयाँ थियो भने आज उही १ डलरको ४२।८० भई सक्यो । यो अवमूल्यन पनि यहीं रुक्ने होइन:- क्रमिक रुपले यो बढेरै जाने हो ।

आज बिश्व भरी निजीकरण र खुला बजार जो लागु हुँदैछ यो पनि अन्तरराष्ट्रिय मुद्रा कोषकै दबाबमा भएको छ । उनीहरू हाम्रो राष्ट्रिय उद्योगबाट हुने उत्पादनको भाउ बढाउनमा, खाद-मल माथि सरकारले दिने अनुदान बन्द गरेर मलको भाउ वृद्धि गराउनमा, जनताको सुविधाको निम्ती गरिने सरकारी खर्च घटाउनेमा, राष्ट्र बैंक देखि लिएर सम्पूर्ण बैंकहरू निजीकरण गर्नमा, राजकीय तथा निजी क्षेत्र दुवैमा दिइने ऋणहरू



कम दिने कुरामा जोड लगाउँ छन् । अनि हाम्रो आर्थिक योजनामा देशको हितलाई ध्यानमा राखी कुनै योजनामा प्राथमिकता दिने कुरो बन्द गर्नमा जोड दिन्छन् । सोभियत संघमा ५० प्रतिशत उद्योगहरू निजीकरण गर्ने जो योजना आयो त्यो पनि अन्तरराष्ट्रिय मुद्रा कोषबाट पाइने ऋणको प्रलोभनमा फसाउँदै गराएको हो राजकीय क्षेत्रको उद्योगहरूमा कमसेकम ५० प्रतिशत निजीकरण गर भन्ने अमेरिकी साम्राज्यवादको दबाब सोभियत संघ माथि मात्र होइन सबै देशहरू माथि दिंदै आएको हो । निजीकरण र खुला बजारको योजना अर्काको देश भित्र पसेर ती देशका उद्योग र उद्यमहरूलाई शोषण गर्ने ढोका खोल्नु अमेरिकी योजना हो । हाल नेपालका प्रधान मन्त्री श्री गिरीजा प्रसाद कोइरालाज्यूले उद्योग र व्यापारमा विदेशी पूंजीको निम्ति उदार र खुलाद्वारको जो योजना अगाडी बढाउनु भएको छ, त्यो योजना अमेरिकी साम्राज्यवादको नेतृत्वमा बिश्व पूंजीवादद्वारा अगाडी बढाइएको उनीहरूको साम्राज्यवादी स्वार्थ सेवा गर्ने योजना हो । अन्तरराष्ट्रिय मुद्रा कोषद्वारा साम्राज्यवादी स्वार्थ पूरा गर्ने अर्को योजना हो:- हरेक देशको वस्तुहरू, यातायात होस वा शिक्षा अथवा बिजुली होस वा मानिसहरुलाई दैनिक उपभोगका लागि नभै नहुने अत्यावश्यक सरसामान होस सबैको भाउ अन्तरराष्ट्रिय मूल्यको तहमा बढाउने । यहि योजना आज नेपाली कांग्रेसले लागु गर्दैछ । जनताको आम्दानी संसारको सबभन्दा गरीब देशको बराबर, तर बजार भाउ भने महिनाको हजारौं डलर कमाउने अमेरिकी नागरिक बराबर यो कस्तो योजना होला ? आजको यो नव-उपनिवेशवादोन्मुख पूंजीवादी प्रजातन्त्रले नेपालको जन जीवनलाई बर्बादीको हालतमा पुर्‍याउने छ भन्ने कुरामा कुनै शंका छैन । हाम्रो जस्तो अविकसित देशहरुमा मात्र होइन

विकसित पूंजीपति देशहरू र संसार लुटेर धनी हुने साम्राज्यवादी मुलुकहरूमा पनि पूंजीवादी प्रजातन्त्रले ती देशहरूको जनजीवन सुरक्षित गर्न सकेको छैन र ती देशहरूमा पनि संकट झन् झन् तीव्र रुपले बढ्दैछ ।

बिश्वव्यापी रुपमा फैलिएको अमेरिकाको नदेखिने जाल नेपालमा पनि फैलिदैछ । यस जाललाई पन्छाएर नेपालको स्वतन्त्र अर्थ विकासको बाटो तिर लाग्ने सट्टा साम्राज्यवादी जाललाई अझ फैलाउने काम नै नेपाली कांग्रेसको सरकारले गर्दै छ । नेपाली कांग्रेसको सरकारले नेपाललाई एकातिर साम्राज्यवाद तथा विश्व एकाधिकार पूंजीवादको जालमा फसाउँदै छ भने अर्कातिर भारतीय एकाधिकार पूंजीको निम्ति पनि हर सम्भव सहुलियत दिएर नेपालमा पसाउने खुला द्वारको नीति लिएको छ । हामी भारतको विरोधी होइनौं, हामी भारत टुक्रा टुक्रा होस् अथवा भारतीय जनता माथि कुनै आपत्ति आवोस् भन्ने चाहन्नौं, भारतीय जनता फूलोस, फलोस भन्ने पक्षमा नै हामीहरू छौं तर भारतीय एकाधिकार पूंजीद्वारा हाम्रो अर्थ व्यवस्थामा कब्जा जमाउने नीतिको हामी अवश्य विरोधी छौं । २००७ सालको क्रान्ति पछी नेपाली कांग्रेसको सरकारले कोशी नदि भारतलाई दिए भने २०१५ सालको चुनाव पछी नेपाली कांग्रेसकै सरकारले गण्डकी नदी भारतको हातमा सुम्पे । त्यसको नतिजा आज यो भएको छ की सीमाना पारीका खेतहरू सधै हरा-भरा छन् भने सिमाना वारीका खेतहरु पानी नपाएर सुखा र फुटेर चिरा चिरा परेका बन्जन छन् । फेरी एक लाखौं एकड नेपाली भू-भाग डुबाएर बनाइएका पोखरीको माछा पनि भारतकै एवं बिजुली पनि भारतकै । अब यता २०४८ सालको चुनाव पछी त झन् भारत तथा अन्य पूंजीवादी



[illegible] हाम्रो देशको अर्थ व्यवस्था नै कब्जा गर्ने ढोका खोलि [illegible] नेपाली कांग्रेसको सरकारले ।

[illegible]को नाममा पूंजीवादी प्रजातान्त्रिक व्यवस्था स्थापना [illegible] बेलायत फ्रान्स जर्मनी इत्यादी पूंजीवादी देशहरूमा [illegible] जनताको जीवन कदापि सुनिश्चित्त छैन । आज बिश्वको [illegible] देश अमेरिकामा ३ करोड जनता गरिबीको रेखा मुनि [illegible] छ लाखौं जनता जाडोको बेला बस्ने घर नहुँदा कागजको [illegible] गर्छन र उनीहरु मध्ये कैयौं मानिसहरू बक्साले जाडो थाम्न [illegible] भित्रै जाडोले कठाङ्गीएर मरी रहेका हुन्छन् । गरिवीले [illegible] सहन गर्न नसकेर पेट भर्ने जुगाड गर्न कहिले आफ्नो आँखा [illegible] विज्ञापन दिएका थिए भने कतिले आफ्नो मृगौला (Kidney) [illegible] दिएका थिए । अमेरिकी सरकारले पछि आएर यस्तो [illegible] प्रतिवन्ध लगाई दियो । यसले अमेरिकी जनता कुन [illegible] रहेको छ भन्ने कुरा स्पष्ट गर्छ । आजकल अमेरिकामा [illegible] जनता वेकारीको शिखार छन र त्यहाँ अहिले आर्थिक मन्दी ([illegible]onomic Recession) शुरू भएको छ । कारखानाहरू बन्द [illegible] रहेका छन र एक एक कारखानाले एकै पटक २० सौं हजार [illegible] कामबाट बर्खास्त गरी बेकारीको संख्या अझ बढाउँदै छन । [illegible] औद्योगिक उत्पादनमा न्हास भएको छ भने आर्थिक प्रगति पनि [illegible] रहेको छ । यस्तो संकट ग्रस्त हालतमा पुगेको कुरा स्वयं [illegible] राष्ट्रपति वेकरले स्वीकारेर बोलेका छन । यस्तो बेकारी [illegible] मात्र हाइन बेलायत, फ्रान्स जर्मनी सबै जसो पूंजीवादी

मुलुकहरूमा छ । बेलायतमा ३५ लाख, फ्रान्समा यो बेकारी २० लाखबाट बढेर २८ लाख पुगेको छ । याद रहोस आफूलाई प्रजातान्त्रिक साम्राज्यवादी भन्ने फ्रान्स्वाँ मित्तराँको शासनमा यो बेकारी बढ्न गएको हो ।

जब सम्म पूर्वी जर्मनीमा समाजवादी व्यवस्था थियो, कम्यूनिष्टहरुको राज थियो, त्यहाँ बेकारी भन्ने कसैलाई थाहा थिएन न त महंगी भन्ने नै थाहा थियो । सम्पूर्ण महिलाहरूलाई कामको ग्यारेण्टी थियो । महिलाहरू काममा जाँदा उनीहरुको बच्चा हेरचाह गरेर राख्ने क्रीचेज, किण्डर गार्टनको प्रबन्ध थियो । हरेक बच्चाहरुको लागि आमालाई भत्ता दिइन्थ्यो । महिलाहरुले गर्भावस्थामा स्वास्थ्य रक्षाको निमित्त अनेक सहुलियत र थप खर्च पाउँथे र सुत्केरी बेला सुत्केरी भत्ता पाउँथे । त्यहि पूर्वी जर्मनीलाई जस्तै पश्चिम जर्मनीसंग गाभेर पूंजीवादी प्रजातन्त्रको छायाँमा बस्नु पऱ्यो त्यहाँ आज १४ लाख जनता बेकारीका शिकार छन र पूरै जर्मनीमा आज ३ लाख बेकार छन । महिलाहरुले चरित्र बेचेर बाच्न परि रहेको छ । रण्डी भन्ने थाहा नभएको देशमा आज ३०० भन्दा बढी रण्डी खानाहरु स्थापना भई सकेका छन । आज २५ प्रतिशत महिलाहरुले मात्र काम पाएका छन । र ती महिलाहरुले आपनो बच्चाहरु आफैले हेर्दै काम गर्न बाध्य भएका छन । एक एक बच्चाको नाममा पाइने भत्ता, सुत्केरी भत्ता, गर्भावस्थामा पाइने सुविधाहरू, बुढा–बुढीहरूले पाउने भत्ता सबका सब खतम गरिएको छ । कम्यूनिष्ट व्यवस्था अन्तरगत निश्चित जीवन बिताउने युवाहरूले आज सडकमा एउटा गिटार लिएर माग्न बाध्य भएका छन । महिलाहरुले आपनो बच्चा अगाडी राखी रुमाल फैलाएर मागि प्राण धान्न वाध्य भएका छन ।



यस्तै अल्वानियामा हाल नेपाल टि० भी० ले देखाए बमोजिम त्यहाँको सयकडा ५० बच्चाहरू कुपोषणको शिकार भै मर्ने बाँच्ने दोसाँधमा छटपटाई रहेका छन । जुन बच्चाहरुलाई हरेक कम्यूनिष्ट देशमा झैं अल्बानियामा पनि आपनो देशको बादशाह भन्ने गरिन्थ्यो, आज उही देशका बच्चाहरु पूंजीवादी प्रजातन्त्र अन्तरगत कस्तो हालतमा पुगेका छन? सम्झंदा दुःख सिवाय हर्ष लागेर आउँदैन । यस्तै जब सम्म सोभियत संघमा समाजवादी व्यवस्था थियो, जब सम्म त्यहाँ कम्यूनिष्ट शासन थियो त्यहाँ गर्भ देखि बुढा–बुढी भएर मर्न पर्यन्त सम्पूर्ण जनताको जीवन सुरक्षित र सुनिश्चित थियो । बेकारी र महंगी थाह थिएन । सबैलाई बिरामी बेला मुफ्त उपचारका साथै बिरामी भत्ताको प्रवन्ध थियो । त्यहाँका विद्यार्थीहरुका निम्ती ११ क्लास सम्मको शिक्षा मुफ्ट मात्र होइन विद्यार्थीहरूका निम्ति किताव, कलम, खाना कपडा, छात्रावाश सम्पूर्ण कुरोहरुको बन्दोबस्त थियो । बुढा–बुढीहरुलाई बुढेशकालको भत्ता यी सबै कुरा सोभियत संघको जनताका लागि मात्र होइन सोभियत संघले ११८ वटा नेपाल जस्ता पिछदिएका देशहरूबाट हजारौं हजार विद्यार्थीहरु साल सालै भर्ना गरेर उनीहरूका पढाईका निम्ति सम्पूर्ण कुरोहरुको प्रवन्ध गरिदिने गरेको थियो । आज त्यही सोभियत संघमा पूंजीवादी व्यवस्था थपिदै छ र जनताको संकट आज भन्दा भोलि दिन दिनै बढेर आउँदैछ । त्यहाँ ६५ प्रतिशत जनसंख्या गरिबीको रेखा मुनी पुगि सकेका छन र उनीहरूको जीवन स्तर झन झन गिर्दै गई रहेको छ । अहिले त्यहाँ २ करोड मानिस बेकारीको शिकार भएका छन । मजदूरहरुलाई कामबाट बर्खास्त गर्ने क्रम जारी नै छ । महंगाई चर्म सीमामा पुगेको छ र जनताले

बाँच्नको निम्ति आफुसंग भएका सामानहरू बेच्दै खान बाध्य भएका छन ।

सोभियत संघको अर्थ व्यवस्था आज संकटमा फसेको छ । जुन देशमा ३ वर्ष अघि सम्म ३० करोड टन अनाज उब्जेको थियो र प्रतिव्यक्ति प्र तदिनका हिसावले ३ किलो बाड्न पुग्थ्यो त्यो देशमा आज अनाजको उब्जनी घटेर १९ करोड टन रह्यो यस मध्ये पनि आधा अर्थात ९ करोड ५० लाख टन सडाएर पठायो । कारण त्यो पूंजीवादी सरकारको भनाई अनुसार त्यो अन्न ओसार्ने साधन भएन रे, राख्ने गोदाम र बितरणको प्रणाली भएन रे । यसको फलस्वरुप सोभियत संघमा अन्नको कमि भयो भनेर अमेरिकासंग ४ करोड टन अन्न उधारो माग्दैछ । अब एउटा प्रश्न स्वभाबिक रूपले उठ्छ, आफ्नो देशमा उब्जेको अन्न ओसार्ने साधन नहुने, त्यो अन्न राख्ने गोदाम नहुने, अनि वितरणको प्रणाली पनि नहुने ! उहि देशमा अमेरिकाबाट उधारो आएको ४ करोड टन अन्न ओसार्न नपर्ने हो की ? गोदाम पनि नचाहिने हो की ? वितरण प्रणाली नभए पनि हुने हो की ? साफ साफ यहाँ समाजवादी व्यवस्था तथा कम्यूनिष्ट शासनलाई बदनाम गर्ने षडयन्त्र भै रहेछ भन्ने कुरो सिद्ध हुन्छ । अब यो पूंजीवादमा के भयो ? बेकारी बढ्यो, महंगाई पहिले भन्दा दसौं गुणाले वृद्धि भयो । यो महंगाई अर्को साल सालै बढ्ने सिवाय घट्ने होइन । यो हो पूंजीवादको देन र पूंजीवादी प्रजातन्त्र अन्तरगत जनजीवनलाई कसरी संकटमा पार्दै लान्छ भन्ने प्रमाण । यस पूंजीवादी प्रजातन्त्रले सोभियत संघको त्यो गौरबमय जनतालाई अमेरिकाको दया मायामा जिउनु पर्ने भीखभङ्गाको हालतमा पुर्‍याई दिएको छ ।



विकसित पूँजीवादी मुलुकहरूमा पूँजीवादी प्रजातन्त्र अन्तर्गत आफ्नै देशको पूँजीपतिहरूको शोषण भार मात्रै सहे पुग्छ, ती देशका पूँजीपतिहरूले कमाएको धन उही देशमा रहन्छ तर एशिया, अफ्रिका, ल्याटिन अमेरिकाको जस्तो अविकसित देशहरूको पूँजीवादी प्रजातन्त्रमा आफ्ना देशका पूँजीपतिहरू समेत सम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजिको चपेटमा परेर शोषण माथि शोषणको भार सहनु पर्छ । र ती विदेशी पूँजिपतिहरूले कमाएको धन त्यस देशमा रहन न दिई विदेशींदै जान्छ । भनिन्छ नेपालमा रहेको बिदेशी पूँजिले उनीहरूको जति धन नेपालमा छ त्यसको १० गुणा विदेशमा छ । अमेरिकाले जहाँ एक डलर लगानि गर्छ त्यहाँबाट सालाना २.४ डलर कमाएर लैजान्छ । स्पष्टत: यस्तो (नेपाल जस्तो) देशमा अमेरिका, बेलायत इत्यादि देशहरूमा झैं सयकडा ८-१० मात्र बेकारी हुने हैन की त्यहाँको जनताले व्यापक रूपले बेकारी महंगी र भुखमरिको सामना गर्नु पर्दछ । दक्षिण कोरिया; थाइल्याण्ड, ब्राजिलमा जस्तो जनताले व्यापक संकट भोगेर नैतिक रूपले पनि पतन भएर जानुपर्छ । आफ्नो देशका गरिब बाल-बालिकाहरूलाई व्याहार, सम्हार गरेर होइन की ब्राजिलमा जस्तै बाल-बालिकालाई मारेर उनीहरूको समस्या समाधान गर्नु पर्ने छ । ब्राजिलमा ७ हजार बाल-बालिकाहरू मरेर पठाएका थिए । यस बाहेक ऋणमा फसाएर शोषण गर्ने काम त छदैछ ।

आज नेपालमा बढ्दै गएको महंगी, बेकारी, अन्याय, अत्याचार यहि पूँजीवादी प्रजातन्त्रको देन हो । पूँजीवादी नव-उपनिवेशवादोन्मुख पूँजीवादी प्रजातन्त्रले हामीलाई यो भन्दा बढी दिन सक्तैन । नव-उपनिवेशवाद

अन्तर्गत पूंजीवादी प्रजातन्त्र क्रमशः हुकुम शाही तन्त्रमा बदलेर जाने गर्छ र नेपालमा यो लक्षण नेपाली कांग्रेसको सरकार अन्तर्गत देखा पर्दछ। यता एमालेको भनाई छ एमालेको हातमा शासन छोडी दिए वहाँहरुले तीन महिनामा नेपालको समस्या समाधान गरी दिने रे। यो पूंजीवादी प्रजातन्त्र अन्तर्गत एमालेको हातमा ३ महिना होइन ३०० वर्ष छोडी दिए पनि त्यस पार्टीले जनताको संकट बढाउँदै जाने सट्टा निवारण गर्न सक्ने छैन। एमालेले लिएको निती नेपाली कांग्रेसले लिएको नव-उपनिवेशवादोन्मुख पूंजीवादी बाटो भन्दा कुनै मानेमा फरक देखिदैन।

## लाल झण्डा बोकेर ए.मा.ले. कता जाँदैछ ?

आजकाल बगेको प्रतिक्रांतिकारी पूंजीवादी नयाँ धारमा हाम्रो देशको ए.मा.ले. पनि बगेर गएको देखिन्छ। वहाँहरूले एउटा नयाँ शब्द निर्माण गरेका छन्, त्यो हो - "बहुदलीय जनवाद"। वहाँहरूको शब्दमा "बहुदलीय प्रतिस्पर्धा भएको राजनैतिक शासन प्रणाली"। वहाँहरूले लेनिनको एउटा शिक्षा बिर्सनु भयो, "जब सम्म आर्थिक समानता हुँदैन राजनैतिक समानता हुन सक्तैन।"

हाम्रो जस्तो पिछडिएको देशमा सम्राज्यवादीहरु तथा, विदेशी एकाधिकार पूंजी निम्त्याएर यस पूंजीवादी प्रजातन्त्रमा पूंजीवादी पार्टी र सर्वहारा वर्गको पार्टी कम्यूनिष्ट पार्टी बीच कदापि प्रतिस्पर्धा हुन सक्तैन। जब सम्म देशलाई सम्राज्यवादी, नव-उपनिवेशवादी, विदेशी एकाधिकार पूंजीको प्रभुत्वबाट मुक्त गरेर लिन सकिन्न र काला बजारियाहरूको २ नम्बरी धन्दालाई निर्मुल गर्न सकिदैन र साथै जबसम्म सम्पूर्ण वामपन्थीहरु आपसमा प्रतिस्पर्धा छोडेर सबै एक भएर सम्राज्यबाद विरोधी,



नव-उपनिवेशवाद विरोधी, विदेशी ऋण र विदेशी पूंजी विरोधी, प्रतिक्रियावादी सामन्त विरोधी र काला धन्दा विरोधी संघर्षमा एक जनवादी कार्यक्रमको आधारमा अरु पनि देश भक्त प्रजातान्त्रिक पार्टीहरु, समूहहरु, वर्गहरू, समेत समावेश गरेर एउटा व्यापक संयुक्त मोर्चा गठन गरेर सम्राज्यवाद परस्त, पूंजीवादी पार्टी वा पार्टीहरुसंग टक्कर लिईदैन।

एमालेले अगाडी बढाएको अर्को अनर्थकारी शब्द हो, "पूंजीवादी जनवाद।" पूंजीवाद कहिल्यै पनि जनवादी हुन सक्तैन। सम्पूर्ण जनतालाई शोषण गर्ने "पूंजीवाद" तथा सम्पूर्ण जनताको जीवन सुरक्षित गर्ने 'जनवाद' कहिल्यै मेल खान सक्तैन। प्रजातन्त्र स्पष्टतः दुई प्रकारका छन्, एक हो "पूंजीवादी प्रजातन्त्र" (BOURGEOIS DEMOCRACY), अर्को हो "जनवादी प्रजातन्त्र" (PEOPLE'S DEMOCRACY)। यी दुई वटैलाई छ्यासमिस गरेर एउटै बनाउन सकिदैन। पहिलोले सम्राज्यवाद, नव-उपनिवेशवाद, विदेशी एकाधिकार पूंजी, प्रतिक्रयावादी सामन्त, काला बजारियाहरुको स्वार्थ सेवा गर्ने खालको प्रजातन्त्रलाई प्रतिनिधित्व गर्छ भने अर्कोले सम्राज्यवाद विरोधि नव-उपनिवेशवाद विरोधी, प्रतिक्रयावादी सामन्त विरोधी, काला बजारिया विरोधी, जनता पक्षको प्रजातन्त्रलाई प्रतिनिधीत्व गर्छ। जसले व्यवहारिक रुपले देशको जनतालाई राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा देशको मालिकको रुपमा स्थापना गरि देशको स्वतन्त्रता, सार्वभौमिकताको रक्षा गर्दै, देशको अर्थ व्यवस्थालाई स्वतन्त्र रुपले विकास गर्दै जाने कुरोमा जोड दिन्छ। स्पष्टतः "पूंजीवादी जनवाद" भन्नु जनतालाई अलमलाउने खालको औंसी र पूर्णिमा एकै दिन पार्ने बारा

हो। "पूँजीवादी जनवाद" "पूँजीवादी प्रजातन्त्र" भन्दा अरु हुन सक्तैन। पूँजीवादसँग जनवाद जोडी पूँजीवादलाई ढाक छोप गर्ने प्रयास मात्र हो यो। "जनवाद" को अर्थ "प्रजातन्त्र" मात्र हो भने यस्तो प्रजातन्त्र अहिले पनि छ। र "पूँजीवादी जनवाद" को चरित्र यो भन्दा फरक हुन आउँदैन र सक्तैन पनि। "बहुदलिय जनवाद" पनि "बहुदलिय प्रजातन्त्र" नै हुन आउँछ।

एमालेको समझदारी हो, "अरु शक्तिहरुसँग प्रतिद्वन्दिता गर्दै अगाडि बढ्ने। वहाँहरु आफू बाहेक अरु सबैसंग प्रतिद्वन्द गरी अगाडी बढन चाहनु हुन्छ। वहाँहरुको नजरमा साम्राज्यवादोन्मुख पूँजीवादी शक्ति के हो?, सर्वहारा शक्ति के हो? कुनै फरक छैन। कुन वर्गिय शक्ति आफ्नो दोस्त हो, कुन वर्गिय शक्ति आफ्नो दुश्मन हो छुट्याएर हेर्ने कुनै जरुरत वहाँहरु ठान्दैनन्। का. मदन भण्डारी द्वारा लिखित "बहुदलीय जनवाद" को पन्ना ४ मा सम्राज्यवाद तथा दलाल नोकर शाही पूँजीवादीलाई पूँजीवादी जनवादी क्रान्तिको शत्रुको रुपमा भनिएको छ। तर उल्लेखनीय कुरो के छ भने वहाँहरुले कहिल्यै अमेरिकी सम्राज्यवाद तथा पश्चिमी सम्राज्यवादको खुलेर बिरोध गरेको र उनिहरुको चरित्रलाई स्पष्ट संग बिश्लेषण गरेर देखाएको पाईदैन। अनि विरोध कसरी? एक पटक गाली गर्नु नै विरोध गरेको ठहरिदैन। हाल सालै अमेरिकाबाट फर्केपछी एमालेका अध्यक्ष का. मनमोहन अधिकारीले अब कम्युनिष्टहरुले अमेरिकी सम्राज्यवाद संग मेल जोल गर्नु पर्ने शिक्षा प्रचार गर्न लागेका छन्। अर्को कुरा वहाँहरुले आफ्नो चुनाव घोषणा पत्रमा विदेशी पूँजी भित्र्याएर हाम्रो अर्थ व्यवस्थाको हर क्षेत्रमा विदेशी पूँजीलाई प्रोत्साहन दिने कुरा



गर्नु हुन्छ। साम्राज्यवादलाई चाहिएको अरु के हो? साम्राज्यवादको मूल चाहना हो - अर्काको देशको प्राकृतिक श्रोत न साधनहरु, कच्चा माल, सस्तो श्रम र बाजार कब्जा गर्नु। विकासशील देशहरुलाई सहयोगको नाममा ऋणमा फँसाउँदै जानु र अकुत ब्याज द्वारा शोषण गर्नु। ऋण दिनको लागि पनि अनेक शर्तहरु लादेर त्यस देश माथि आफ्नो हुकम चलाउनु। पहिले पहिले यो सबै प्राप्त गर्नको लागि उनिहरुले ती देशहरुलाई फौजको बलले जितेर आफ्नो उपनिवेश बनाउंथे। आजकल उनिहरुले यस तरिकालाई छोडेर त्यस देशको सरकार अथवा नेताहरुलाई हात लिएर उनिहरुको माध्यमबाट नदेखिने गरी अर्काको देशमा सुरक्षाको नाममा आफ्नो फौज राख्ने र आर्थिक क्षेत्रमा त्यस देशको प्राकृतिक श्रोत र साधनहरु, कच्चा माल, सस्तो श्रम र बाजार कब्जा गर्ने गर्छन र ऋणको जालमा फँसाउने गर्छन्। नव-उपनिवेशवादको यहि चरित्र हो। साम्राज्यवादको यस चरित्रको विरोधमा एमालेले आफ्नो अडान लिएको देखिदैन। वहाँहरु दलाल पूँजीको विरोध गर्ने कुरो गर्नु हुन्छ। आखिर दलाल पूँजी के हो? विदेशी पूँजी भित्र्याएर उनिहरुसंग संयुक्त लगानीको नाममा साईनबोर्ड आफ्नो, पूँजी बिदेशीको गरी उद्योग खोल्नेहरु नै दलाल पूँजीपतिहरु हुन्। अनि संयुक्त लगानीलाई खुला द्वार छोडी वहाँहरुले "दलाल पूँजी" को बिरोध गर्ने नाराको के अर्थ भयो?

बहुदलीय जनवादको पन्ना ७ मा वहाँहरुले बहुदलीय जनवादमा देश र जनता प्रति बफादार भएर आपसमा सहयोग गरि मिलेर काम गर्ने कुरोको बिरोध गरि साम्राज्यवादीहरुको हाँ मा हाँ मिलाएर बहुदलिय व्यवस्था अन्तर्गत सबै संग प्रतिस्पर्धा गर्ने निती अपनाएर ती साम्राज्यवादी

हरूको अगाडी घुंडा टेक्न जानु हुन्छ । साम्राज्यवाद तथा नव-उपनिवेश-वादीहरूको चाहना हो कि कुनै देशको देशभक्त र जनवादी शक्तिहरू आपसमा सहयोग न गरुन् र फुटेर बसुन् । जनतालाई "फुटाउ र राज गर" भन्ने साम्राज्यवादी षडयन्त्रलाई वहाँहरू सघाउनु हुन्छ । फुटे पछी प्रजातन्त्र हुने, आपसमा जुटेर काम गरे पछी हुकुमशाही भयो भन्ने यो कुन प्रजातांत्रिक सिद्धान्त हो ? प्रजातन्त्रमा सम्पूर्ण जनतालाई गोलबन्द गर्नु हुन्न र सयुक्त मोर्चा बनाएर काम गर्न हुन्न भन्ने कुरो साम्राज्ययादका सेवकहरूले गर्ने कुरो हो । सम्पूर्ण कम्यूनिष्ट देशहरूले बहुदललाई मान्दा मान्दै पनि सकेसम्म यी सम्पूर्ण दलहरूसंग मिली, आपसमा छलफल गरी एउटा साझा कार्यक्रम निकालेर संयुक्त रूपले शासन चलाउने नीति लिएर आएका छन् ।

बहुदलीय जनवादको पन्ना ६ मा एमालेले आफुलाई "नयाँ खाले पूंजीवादी जनबादी" भन्ने गरेको छ । "पूंजीवादी" भन्ने शब्द आफ्नो नामको अगाडी नजोडी नहुने के मर्का एमालेलाई परेको रहेछ ? जबकी नयाँ जनबाद न पूंजीवादी प्रजातन्त्र हो, न समाजवादी प्रजातन्त्र । यो समाजवादमा जाने खुड्किलो हो । नयाँ जनवादले आफ्नो नामसंगै पूंजीवाद जोड्दैन । नयाँ जनवादले विदेशी पूंजी भित्र्याउने कुरो गर्दैन जवाहरलालनेहरुको नेतृत्वमा भारत जस्तो पूंजीवादी देशले पनि "विदेशी पूंजी" लाई प्रोत्साहन दिने काम गरेन । उनीहरुको आर्थिक व्यवस्थाको आधार आफ्नै राष्ट्रिय पूंजी हो । जसमा सार्वजनिक क्षेत्र उनीहरूको अर्थ व्यवस्थाको एक आधार हो । विदेशी पूंजी र संयुक्त लगानी अनि सिमित मात्रामा मात्र भारतले अपनाएको छ ।



यसरी एमालेले विदेशी पूंजीको सेवा गर्दै नेपालमा "नयाँ खाले पूंजीवादी जनवाद" को नाममा भारतको जस्तो पूंजीवादी प्रजातन्त्र भन्दा पनि तल्लो खालको नव-उपनिवेशवोन्मुख पूंजीवादी प्रजातन्त्रलाई अगाडी सार्ने काम गरेको छ ।

साम्राज्यवादको सवालमा वहाँहरू भारत भन्दा पनि साम्राज्यवादको नजिक देखिन्छन । जहाँ सम्म समाजवादमा जाने कुरा छ, भारतका पहिलेका प्रधानमन्त्री जवाहरलालनेहरुले पनि समाजवाद कै कुरो गर्नु हुन्थ्यो । बेलायतको मजदूर पार्टीले पनि आफुलाई प्रजातान्त्रिक समाजवादी नै भन्ने गर्छन् । जाने बाटो गलत भए पछी कुरो समाजवादको गरे पनि खास फरक पर्दैन । र यसरी कुनै देशमा कहिले पनि समाजवादी व्यवस्था स्थापना हुन सक्तैन ।

पन्ना १८ मा बहाँहरुले एक भयंकर र खतरनाक प्रस्थापना अगाडी सार्नु भएको छ - वहाँहरू भन्नु हुन्छ, "जनताको इच्छानुरूप एवं वस्तुगत परिस्थितिको विकासको परिपक्व अवस्थामा नयाँ समाजको जन्म हुन्छ भने फेरी पूरानो समाज फर्कलाकी भनि सधैं पहरेदारी गरी रहनु पर्ने स्थिति हुँदैन ।" वहाँहरू फेरी लेख्नु हुन्छ, "यस बेला नेपाली समाजमा पूरानो दास प्रथा वा मध्ययुगिन सामन्ती प्रथा फेरी फर्कलाकी भनि कसैले पहरे-दारी गरि रहेको छैन ।" यो कुरो भन्दा वहाँहरुले आजको अन्तर्राष्ट्रिय स्थितिलाई बिर्सनु हुन्छ । परिपक्व अवस्था कुन बेला भन्ने ? के सोबियत संघमा परिपक्वता थिएन ? अझ त्यहाँ त बहुदलिय प्रजातन्त्रको पनि स्थापना भएको थिएन । फेरि पनि गोर्वाचेव र एल्तशिन जस्तो सम्राज्यबाद परस्त नेताहरूले पूरा समाजवादी व्यवस्थालाई खाई दिए ।

त्यहाँ पूंजीवादी व्यवस्था लाद्ने काम भई रहेको छ। यो कुरा देख्दा देख्दै एमालेले हामीलाई पुरानो व्यवस्था फर्केला भन्ने कुनै चिन्ता न लिएर निर्धक्कसंग बस्ने सल्लाह दिंदै छ। अनि सिद्धान्तको सवालमा एमालेले गोर्वाचेव र एल्तशीनलाई पनि मात गर्दै अगाडी बढेर पूंजीवादको र सम्राज्यवादको सेवा गर्ने नीति अगाडी सार्दैछ भन्ने कुरो स्पष्ट हुन्छ।

जहाँ सम्म दास प्रथा र सामन्ती प्रथा छ यो त पूंजीवादी विश्वले पनि छोडेका व्यवस्था हुन्। फेरी पनि २०१७ सालको वरिपरी अनेक देशहरूमा अमेरिकी साम्राज्यवादको षडयन्त्रले पूंजीवादी प्रजातन्त्रलाई नष्ट गरेर हुकुमशाही व्यवस्थाहरू स्थापना हुन गएका थिए।

जब सम्म विश्वमा साम्राज्यवादी शक्ति रहन्छ र समाजवादी खेमा निर्णायक शक्तिको रूपमा स्थापित हुन सक्तैन का. मदन भण्डारीको प्रस्थापनाले "जनवादी प्रजातन्त्र" को सुरक्षा कहिले हुन सक्तैन। हो साम्राज्यवादको आशीर्वादले "पूंजीवादी जनवाद" भन्दै पूंजीवादी प्रजातन्त्र स्थापना गरी साम्राज्यवाद परस्त, नव उपनिवेशवादको निम्ती ढोका खोली राख्ने हो भने केही हदसम्म ढुक्क बसे पनि हुन्छ। तर याद रहोस् आज यसरी ढुक्क भएर बस्न सक्ने स्थिति जनवादी चीन उत्तर कोरिया (NORTH KORIA) जस्तो देशहरुलाई पनि आएको छैन। मौका पाएमा यी देशहरुलाई पनि तहस नहस गर्ने षडयन्त्रमा अमेरिकी सम्राज्यवाद लागेकै छ।

एमालेले अगाडी सारेको राजनीतिले "नयाँ जनवाद" त के कुरो बहाँहरुको नेतृत्वमा स्थापना हुने पूंजीवादी प्रजातन्त्रलाई पनि रक्षा गर्न सक्ने छैन, यदि वहाँहरु स्वयंले साम्राज्यवादको समर्थकको रुपमा काम



गर्न सक्तैनन् भने। अमेरिकी साम्राज्यवादले चाहेको विशुद्ध पूंजीवादी प्रजातन्त्र होइन, अमेरिकाले चाहेको हो एशिया, अफ्रिका, ल्याटिन अमेरिकाका देशहरुमा पूंजीवादी प्रजातन्त्रको नाममा आफ्नो हुकम चल्ने र ती देशहरु माथि शोषण गर्न पाउने नव-उपनिवेशवादी व्यवस्था स्थापना गर्नु।

स्पष्टत: एमालेले अगाडी सारेको, "नयाँ खाले पूंजीवादी जनवाद" बेलायतको जस्तो पूंजीवादी प्रजातन्त्र पनि न भएर, "नवउपनिवेश वादोन्मुख पूंजीवादी प्रजातन्त्र हो।"

नेपाली कांग्रेस र एमाले बाहेक नेपालको राजनीतिमा अब अर्को एक पुनरुत्थानवादी सामन्ती शक्ति पनि अगाडी आउँदै छन्। प्रजातन्त्रको माला जप्दै पहिले कै हुकुम शाही व्यवस्था फर्काउन चाहने "पञ्चायति शक्ति" तथा अर्कातिर तराई क्षेत्रमा एक विखण्डनवादी पार्टीले पनि टाउको उठाउन थालेको छ।

यी चारवटै दलहरुको आपसी प्रतिद्वन्दीताले होस् वा संयुक्त मोर्चा बनाएर होस् नेपाली जनताको समस्या समाधान गर्न सक्ने छैनन्। कारण उनीहरु साम्राज्यवाद, नव-उपनिवेशवाद, भारतीय एकाधिकार पूंजी, आफ्नै देशको प्रतिक्रियावादी सामन्तहरु र काला बजारियाहरुबाट मुक्त हुन सक्ने स्थिति देखिदैन।

जब सम्म नेपाललाई यी शक्तिहरुबाट मुक्त गर्न सकिन्न, न त नेपाली जनताको समस्या नै समाधान गर्न सकिने छ, न त नेपालको यो नव-उपनिवेशवादोन्मुख पूंजीवादी प्रजातन्त्रको चरित्र नै बदल्न सकिनेछ।

# जनवादी राष्ट्रिय प्रजातन्त्र

नेपालको निम्ती पूंजीवादी प्रजातन्त्रले जन-जीवनमा कुनै ठोस परिवर्तन ल्याउन सक्दैन र जन-जीवनलाई झन् झन् संकटमा डुबाउने काम गर्छ भने के यहाँ समाजवादी व्यवस्था सम्भव छ त ? औद्योगिक रुपले अविकसित र पिछडिएको देशमा समाजवाद पनि सम्भव छैन । यसै कारण लेनिनले ईस्वी सन् १९२० मा मङ्गोलियाको क्रान्तिमा मङ्गोलिया जस्तो पिछडिएको देशको निम्ती राष्ट्रिय प्रजातन्त्रको राजनीति र आर्थिक कार्यक्रम अगाडी बढाएका थिए । स्तालिनले पूर्वी यूरोप र चीन मा नयाँ खाले प्रजातन्त्रको नाममा नयाँ जनवादलाई अगाडी बढाएका थिए । नयाँ जनवाद होस् वा राष्ट्रिय प्रजातन्त्र दुवै न त पूंजीबादी प्रजातन्त्र हुन न त समाजवादी प्रजातन्त्र नै हुन् । यसै कारण नेपाल र नेपाल जस्तो पिछडिएको देशका निमित्त सबभन्दा उपयुक्त व्यवस्था जनवादी राष्ट्रिय प्रजातन्त्र हो । राष्ट्रिय प्रजातन्त्र भन्नाले, यसका दुई आयाम छन् ।

आज कतिपय प्रजातन्त्रिक देशहरु नव- उपनिवेशवादोन्मुख छन् । हेर्दा स्वतन्त्र व्यवहारमा राजनैतिक, आर्थिक र सामाजिक सबै क्षेत्रमा अर्काले प्रभूत्व जमाएको प्रजातन्त्र । जस्तै वर्तमानमा नेपाली कांग्रेसको सरकारले प्रजातन्त्रको नाममा अमेरिकी साम्राज्यवाद या भारतीय तथा अन्य विदेशी एकाधिकार पूंजीपति वर्गको दवावमा नेपालको प्रजातन्त्रलाई नव-औपनिवेशीक प्रजातन्त्र तिर डोऱ्याउदै छ । एमालेले लिएको नीतिले पनि यही दिशातिर लैजाने कुरा निश्चित छ । यसै कारण हामीले



राष्ट्रियमा पनि उत्तिकै जोड दिन जरुरी छ । राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने कुरोमा जोड दिनु परेको छ ।

आफ्नो देशको अर्थतन्त्रलाई कसरी स्वतन्त्र रुपले विकास गर्ने हो भन्ने बाटो खोज्नु परेको छ । राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने प्रजातन्त्र भएकोले यसलाई राष्ट्रिय प्रजातन्त्र भनिन्छ ।

यसको अर्को आयाम हो जनता नभएको देश देशै होईन । तसर्थ जनताले नै राष्ट्र बन्दछ, राष्ट्रिय प्रजातन्त्र भन्नाले पूंजीवादी प्रजातन्त्रमा जस्तो मुठ्ठिभर पूंजीपति वर्ग अथवा तीनका सेवकहरु द्वारा शासीत प्रजातन्त्र होईन । यो प्रजातन्त्र हो सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान एकताको आधारमा हाम्रा देशका बुद्धिजिवीहरु, मध्यम वर्ग, राष्ट्रिय पूंजीपतिहरु र अझ अगाडी बढी देश भक्त सामन्तहरु सम्मको व्यापक संयुक्त मोर्चा बनाएर शासनको रुपमा चल्ने प्रजातन्त्र हो । यहाँ न सामन्त वर्गको एकलौटे अधिनायकवाद चल्छ न पूंजीपति वर्गको नै । यहाँ सर्वहारा वर्गको पनि अधिनायकवाद चल्दैन, विकसित पूंजीवादी मुलुकमा नै समाजवादी व्यवस्था स्थापना हुँदा पूंजीपति वर्ग माथी सर्वहारा वर्गको अधिनायकवाद चल्छ । यहाँ मजदूर वर्ग देखि लिएर राष्ट्रिय पूंजीपति वर्ग सम्म अर्काको थिचोमीचोमा परेर उठ्न नसक्ने हालतमा छन् । यिनी-हरु सबै विश्व साम्राज्यवाद, विदेशी एकाधिकार पूंजीपति वर्ग, आफ्नै देशका तस्कर र काला व्यापारीहरु तथा प्रतिक्रियावादी सामन्तहरुबाट मुक्त भएर एक स्वस्थ्य राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने पक्षमा छन् । जब यिनीहरु सबैको समस्या हल गर्नु छ, शासनमा यिनीहरु सबैको भागिदारी रहनु पनि आवश्यक छ । यस कारण मजदूर वर्ग देखी लिएर राष्ट्रिय पूंजीपति वर्ग तथा अझ अगाडी बढेर देश भक्त सामन्तहरु सम्मको

# जनवादी राष्ट्रिय प्रजातन्त्र

नेपालको निम्ती पूंजीवादी प्रजातन्त्रले जन-जीवनमा कुनै ठोस परिवर्तन ल्याउन सक्दैन र जन-जीवनलाई झन् झन् संकटमा डुबाउने काम गर्छ भने के यहाँ समाजवादी व्यवस्था सम्भव छ त ? औद्योगिक रुपले अविकसित र पिछडिएको देशमा समाजवाद पनि सम्भव छैन । यसै कारण लेनिनले ईस्वी सन् १९२० मा मङ्गोलियाको क्रान्तिमा मङ्गोलिया जस्तो पिछडिएको देशको निम्ती राष्ट्रिय प्रजातन्त्रको राजनीति र आर्थिक कार्यक्रम अगाडी बढाएका थिए । स्तालिनले पूर्वी युरोप र चीन मा नयाँ खाले प्रजातन्त्रको नानमा नयाँ जनवादलाई अगाडी बढाएका थिए । नयाँ जनवाद होस् वा राष्ट्रिय प्रजातन्त्र दुवै न त पूंजीबादी प्रजातन्त्र हुन न त समाजवादी प्रजातन्त्र नै हुन् । यसै कारण नेपाल र नेपाल जस्तो पिछडिएको देशका निमित्त सबभन्दा उपयुक्त व्यवस्था जनवादी राष्ट्रिय प्रजातन्त्र हो । राष्ट्रिय प्रजातन्त्र भन्नाले, यसका दुई आयाम छन् ।

आज कतिपय प्रजातन्त्रिक देशहरु नव- उपनिवेशवादोन्मुख छन् । हेर्दा स्वतन्त्र व्यवहारमा राजनैतिक, आर्थिक र सामाजिक सबै क्षेत्रमा अर्कोले प्रभूत्व जमाएको प्रजातन्त्र । जस्तै वर्तमानमा नेपाली कांग्रेसको सरकारले प्रजातन्त्रको नाममा अमेरिको साम्राज्यवाद या भारतीय तथा अन्य विदेशी एकाधिकार पूंजीपति वर्गको दवावमा नेपालको प्रजातन्त्रलाई नव-औपनिवेशीक प्रजातन्त्र तिर डोऱ्याउदै छ । एमालेले लिएको नीतिले पनि यही दिशातिर लैजाने कुरा निश्चित छ । यसै कारण हामीले राष्ट्रियमा पनि उत्तिकै जोड दिन जरुरी छ । राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने कुरोमा जोड दिनु परेको छ ।



आफ्नो देशको अर्थतन्त्रलाई कसरी स्वतन्त्र रुपले विकास गर्ने हो भन्ने बाटो खोज्नु परेको छ । राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने प्रजातन्त्र भएकोले यसलाई राष्ट्रिय प्रजातन्त्र भनिन्छ ।

यसको अर्को आयाम हो जनता नभएको देश देशै होईन । तसर्थ जनताले नै राष्ट्र बन्दछ, राष्ट्रिय प्रजातन्त्र भन्नाले पूंजीवादी प्रजातन्त्रमा जस्तो मुठ्ठिभर पूंजीपति वर्ग अथवा तीनका सेवकहरु द्वारा शासीत प्रजातन्त्र होईन । यो प्रजातन्त्र हो सर्वहारा वर्गको नेतृत्वमा मजदूर-किसान एकताको आधारमा हाम्रा देशका बुद्धिजिवीहरु, मध्यम वर्ग, राष्ट्रिय पूंजीपतिहरु र अझ अगाडी बढी देश भक्त सामन्तहरु सम्मको व्यापक संयुक्त मोर्चा बनाएर शासनको रुपमा चल्ने प्रजातन्त्र हो । यहाँ न सामन्त वर्गको एकलौटे अधिनायकवाद चल्छ न पूंजीपति वर्गको नै । यहाँ सर्वहारा वर्गको पनि अधिनायकवाद चल्दैन, विकसित पूंजीवादी मुलुकमा नै समाजवादी व्यवस्था स्थापना हुँदा पूंजीपति वर्ग माथी सर्वहारा वर्गको अधिनायकवाद चल्छ । यहाँ मजदूर वर्ग देखि लिएर राष्ट्रिय पूंजीपति वर्ग सम्म अर्काको थिचोमीचोमा परेर उठ्न नसक्ने हालतमा छन् । यिनी-हरु सबै विश्व साम्राज्यवाद, विदेशी एकाधिकार पूंजीपति वर्ग, आफ्नै देशका तस्कर र काला व्यापारीहरु तथा प्रतिक्रयावादी सामन्तहरुबाट मुक्त भएर एक स्वस्थ्य राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने पक्षमा छन् । जब यिनीहरु सबैको समस्या हल गर्नु छ, शासनमा यिनीहरु सबैको भागिदारी रहनु पनि आवश्यक छ । यस कारण मजदूर वर्ग देखी लिएर राष्ट्रिय पूंजीपति वर्ग तथा अझ अगाडी बढेर देश भक्त सामन्तहरु सम्मको

(साम्राज्यवाद बिरोधी, सामन्त प्रथा बिरोधी, स्वतन्त्र अर्थतन्त्र को पक्षधर तथा देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने कुराको अडान लिने र किसानहरु माथि अत्याचार नगरी आपद बिपदमा सहयोग गर्ने सामन्तहरू नै देशभक्त सामन्तहरु हुन) संयुक्त सरकार चल्ने व्यवस्था नै प्रजातान्त्रिक व्यवस्था हो ।

राष्ट्रिय प्रजातन्त्रले राजनैतिक तथा आर्थिक क्षेत्रमा मात्र न भएर सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पनि राष्ट्रिय दृष्टिकोण राखेर यिनी-हरुको विकास गर्ने छ । यसै कारण नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले प्रजातन्त्रका साथै राष्ट्रियता माथि जोड दिने गरेको हो ।

## राष्ट्रिय प्रजातन्त्रको अर्थनीतिः–

राष्ट्रिय प्रजातन्त्रले आर्थिक क्षेत्रमा पनि आफ्नो राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्दछ । जुन देशको आर्थिक व्यवस्था अर्काको हातमा हुन्छ त्यो देशको जनता कुनै पनि हालतमा सुखि र सम्पन्न हुन सक्तैन । यसै कारण हामी आफ्नो देशको आर्थिक विकास हामी आपनै राष्ट्रिय सम्पतीको रुपमा विकास गर्ने पक्षमा छौं । राष्ट्रिय सम्पती भन्नाले हाम्रो देशको सार्वजनिक सम्पतीको रुपमा चलाइने समाजवादी तथा सहयोगी क्षेत्रका उद्योग र उद्यमहरु र साथै हाम्रै देशका राष्ट्रिय पूंजीपतिहरु द्वारा चलाइने निजी उद्योग र उद्यमहरु सबै नै हुन् । यसरी राष्ट्रिय उद्योग र उद्यमहरुको बृद्धिले नै देशको उत्तरोत्तर विकास भएर आउने छ । र जनताको जीवन स्तर क्रमिक रुपले उँचा उठाउन सकिने छ ।

विदेशी पूंजी भित्राएर गरिने औद्योगिक विकास होस् वा उद्यमहरुले देशको अर्थतन्त्रलाई खोक्रो पार्दै जानेछन् । देशमा महंगि र बेकारी बढ्दै



जानेछ, जनताको जीवन स्तरमा ह्रास हुदै जानेछ । विदेशी पूंजीको प्रवेशले मजदूरहरुलाई आधापेट खवाएर मर्नु न बाँच्नु भन्ने स्थितिमा राखेर कमाएको सम्पूर्ण धन विदेशमा लैजाने गर्छ । अतः हामीले आपनै स्वतन्त्र अर्थतन्त्रको विकासमा आपनो ध्यान केन्द्रित गर्नु परेको छ । यहाँ सवाल आउँछ आपनै राष्ट्रिय उद्योग र उद्यमहरुको स्थापनाका लागि पूंजी कहाँबाट लिने ?

सर्व प्रथम तः हामीले अदम्य साहस र दृढ संकल्प लिनु परेको छ की हामीले आपनो देशको अर्थतन्त्रलाई स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको रुपमा विकास गर्ने छौं । त्यस पछी नै "जहाँ इच्छा छ वहाँ बाटो छ ।" भने जस्तै हाम्रो पनि बाटो निस्कने छ । सर्व प्रथम तः हामीलेः–

क) सुरक्षामा लगाईएको ३ अरब ७५ करोडबाट करिब दुई अरब बचाउन सक्छौं ।

ख) "यस पाली सोवियत संघले पश्चिमी देशहरुलाई एक वर्षको लागि ऋण न तिर्ने निधो गरेको छ ।"

(– राईजिङ्ग नेपाल २० मंशीर २०४८ पहिलो पन्ना)

हामीले पनि एक वर्ष ऋण न तिरेमा चार अरब रुपैयाँ भन्दा बढी आफ्नो औद्योगिक विकासमा लगाउन सक्ने छौं ।

ग) यो गरिब मुलुकमा हुनेहरुले एउटै विवाहमा पचासौं लाख रुपैयाँ खर्च गरेको पाईन्छ । यो रवाफ छोडी दिउँ । सालमा यस्ता विवाह पनि सयकडौंको संख्यामा हुने गर्छन् । हाम्रो जस्तो गरिब मुलुकमा यस्ता अनेकौं रवाफ र कवाफमा गरिने खर्च कटौति गर्न आवश्यक छ । जनवादी चीनले आपनो बिकासको दौरान "साइकल युग" भनेर

ठुलठुला अफिसर र मन्त्रीहरुले पनि मोटरको सट्टा साइकलमा नै हिंडने गर्थे। र आज जनवादी चीन एउटा शक्तिशाली राज्यको रुपमा देखा परेको छ। नेपाली समाजमा चलेको सामन्ती परम्पराका अनेक वृत्ति र व्यवहारमा हुने फाल्तु खर्चहरु पनि कटौति गर्न जरुरी छ।

घ) पंचायत कालमा अनेक पञ्च र महापञ्चहरुले नेपाललाई शोषण गरेको धन लगेर विदेशी बैङ्कमा जम्मा गरेका थिए। यस्तै कतिपयले विदेशमा आफ्नो लगानि गरेका छन्। नेपालमा राष्ट्रवादको ढकोसला गर्ने पनि यिनीहरु नै हुन्। यदि यिनीहरु साँच्चै नै राष्ट्रवादी हुन् र राष्ट्रको उत्थानको पक्षमा छन् भने विदेशी बैङ्कमा जम्मा गरिएको वा विदेशमा लगानि गरिएको धन फिर्ता ल्याई नेपालको औद्योगिक विकासमा लगानि गरुन् वा नेपाली बैङ्कमा जम्मा गरुन्।

ङ) अन्तरिम सरकारको बेला वन मासेर १ अरब १० करोड रु. को काठ चोरी निकासी भयो; जबकी अर्कातिर हाम्रो देशको प्लाईउड र सलाई कारखानाहरु लकडी न पाएर बन्द थियो। त्यस लकडीको सदुपयोग गरेको भए फर्निचरहरुको निर्माण गरेर यसबाट दशौं अरब रुपैयाँ कमाउन सकिन्थ्यो। यसरी आफ्नो देशका प्राकृतिक श्रोत र साधनहरुलाई सदुपयोग गरेर हामी आफ्नो देशको औद्योगिक विकास-को निम्ती अर्थ संकलन गर्न सक्छौं।

च) अर्को सबभन्दा ठूलो श्रोत हो - हाम्रो देशको खेती योग्य जमीन। हामीसंग २ करोड एकड खेती योग्य जमीन छ यसलाई पानीको प्रबन्ध गरेर काठमाण्डौको तरिकाले मात्र खेती गरे पनि मोटा - मोटी १४४ करोड मूरी धान बराबरको उब्जनी हुन्छ र यस मध्ये २० करोड



मुरी नेपाली जनतालाई खानको निम्ती खाद्यान्न थन्काए पनि १२४ करोड मुरी अन्न जो बच्छ त्यसलाई आजको बाजार भाउ भन्दा कम ४००।- रुपैयाँको भाउले बेच्यो भने पनि यसबाट ४९६०० करोड रुपैयाँ बच्न आउँछ। यसरी आएको रकमबाट अन्य खर्चहरुका लागी बढी भन्दा बढी छुट्टायौं भने पनि करीब ३०० अरब रुपैयाँ हामी आफ्नो देशको आर्थिक विकासका लागि निकाल्न सक्छौं।

यी तमाम कुराहरुलाई बिर्सेर विदेशी पूंजी भित्राउने र विदेशी ऋणमा भर पर्ने काम गर्छौं भने निश्चित छ हामी आफ्नो देश र जनता प्रति गद्दारी गर्दछौं। यसै कारण नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) विदेशी पूंजी भित्राएर आफ्नो अर्थ व्यवस्थालाई विदेशीको हातमा सुम्पने नीतिको विरोध गर्दै, विदेशी ऋणको फन्दामा देशलाई फँसाउने कुरोको विरोध गर्दै आफ्नो देशको आर्थिक विकास आफ्नै राष्ट्रिय सम्पतिको रुपमा विकास गर्ने कुरोमा जोड दिन्छ।

हामी देशको अर्थ व्यवस्थाको मेरुदण्ढ राजकीय उद्योगहरु र उद्यम-हरुलाई बनाउँदै निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीति लिने पक्षमा छौं। र त्यस्ता उद्योग र उद्यमहरुको सफलताका निम्ती उनीहरुलाई चाहिने कच्चा माल, सस्तो ऋण, टेक्निशियन र बजारको पनि प्रबन्ध गरिदिने नीति लिईने छ। राजकीय क्षेत्रलाई विकास गरेर नै देशको सम्पूर्ण जनताको सामाजिक सुरक्षा गर्न सकिन्छ। र विदेशी ऋणको घन चक्करमा न फँसीकन आफ्नो राष्ट्रिय बजेट घाटाबाट मुक्त हुन सक्ने छ। यसरी राजकीय क्षेत्र र निजि क्षेत्रको अभिवृद्धिले नै देशको व्यापार घाटा पनि मेटाएर पठाउन सकिने छ।

पूँजीवादी अर्थ नीति अन्तरगत चल्ने नीति अर्थात मत्स्यन्याय अन्तर्गत ठुलठुला पूँजीपतिहरुले साना उद्योग र व्यापार नष्ट गर्ने कामबाट उनीहरुलाई बचाउने छ र कसैलाई पनि अर्काको जीवन तथा कारोबार माथि खेल्ने अधिकार दिईने छैन। ताकी जस कसै द्वारा स्थापित उद्योग-हरु उद्यमहरु र व्यापार अर्काको प्रतिस्पर्धामा मार खप्न न परि स्वस्थ तरिकाले अगाडी बढ्न सकुन्।

नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले समाजवादी देशहरुसंग टेकनिकल सहयोग प्राप्त गर्ने कुरोमा जोड दिने छ। आज सम्म जसरी समाजवादी देशहरु-पहिलेको समाजवादी सोवियत संघ, जनवादी चीनले हाम्रो देशको विकासको निम्ती जो मदद गरेर आए हामी यसको सराहना गर्दछौं। र यस्तै निस्वार्थ सहयोगको आधारमा हामी आफ्नै खुट्टामा उभिएर स्वतन्त्र रुपले आफ्नो राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सक्छौं। भारतले पनि यस्तै निस्वार्थ सहयोग गरेको खण्डमा भारत प्रति पनि हामी आभारी नै रहने छौं।

आर्थिक स्वतन्त्रताको मतलब कसैसग कुनै व्यापारिक आदान प्रदान न गर्ने, आपसी हितमा कुनै कुरोको सहयोग लिने अथवा दिने न गर्ने होईन। आर्थिक स्वतन्त्रताको मतलब आफ्नो देशको अर्थतन्त्रमा अर्काको कब्जा जम्न न दिने हो अनि आफ्नै खुट्टामा उभिएक देशको विकास गर्नु हो।

यसरी जनवादी राष्ट्रिय प्रजातन्त्रले राजनैतिक क्षेत्रमा मात्र होईन आर्थिक क्षेत्रमा पनि आपनो राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्ने कुरोमा ध्यान दिने छ। यस्तो अर्थनितिले देशको विकासका साथै जन-जीवन पनि उत्तरोत्तर उकासे र ल्याउन सकिने छ।



## व्यापार नीतिः-

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) तस्करी र काला बजारियाको विरोधी हो। र हाम्रो पार्टी नेपालको व्यापार स्वस्थ्य ढंगले चलोस् भन्ने पक्षमा छ। स्वस्थ्य व्यापार बिना देशका उद्योग र उद्यमहरु फस्टाउन सक्ने छैनन्। ठुला माछाले साना माछा निले जस्तै ठुला व्यापारीले साना व्यापारीलाई घाँटी कट्वा प्रतिस्पर्धा गरी नष्ट गर्ने कुरो माथि सख्त कदम उठाईने छ। र जातिय भेदभाव गरी आफ्नो जातिको खुद्रा व्यापारीलाई सहुलियत दरमा सामान दिएर अरु जातिको खुद्रा व्यापारीलाई प्रतिस्पर्धामा टिक्न नसक्ने स्थितिको सिर्जना गर्छन् भने त्यस्ता थोक व्यापारी माथि कडा नजर राखेर विदेशी पूँजी सरह व्यवहार गरिने छ। त्यस्तै ठुला उद्योग पतिले साना उद्योग पतिलाई एवं ठुला व्यापारीले साना व्यापारी-लाई बिगार्ने तथा अर्काको जीवनमा खेल्न न सक्ने गरी कदम चालिने छ। यसै कुरोलाई ध्यानमा राखेर सार्वजनिक र निजी दुवै क्षेत्रको व्यापारलाई प्रोत्साहन गरिने छ। र साना तिना व्यापारीहरुलाई एकाधिकार पूँजीको होड र षडयंत्रबाट रक्षा गर्ने नीति लिईने छ। बजार भाउ मुनासिब तरिकाले तोकिने छ र मूल्य बृद्धिलाई रोकिने छ।

## कृषि नीतिः-

किसानहरुको समस्या खेतसंग मात्र सम्बन्धित छैन। नेपोलियन बोनापार्टले फ्रान्समा सामन्ती व्यवस्था खतम गरी सामन्तहरुका सम्पूर्ण खेतलाई किसानहरुमा वितरण गरे। एक-दुई पुस्ता बित्न न पाउँदै किसानहरुको हालत जस्तो पहिले थियो त्यस्तै बेहालमा फर्क्यो। किन?

किन भन्नाले किसानहरुले जमीन पाए तर साल भर खानु पर्‍यो, बिरामी हुँदा ओषधी उपचार गर्नु पर्‍यो, वृत्ति व्यवहार गर्नु पर्‍यो, चाड वाड मनाउनै पर्‍यो; उता फसल पाकेको हुँदैन, ऋण लिनु पर्‍यो अथवा फसल न पाक्दै सस्तो मोलमा बाली बेच्नु पर्‍यो। यसो उसो गरेर किसानहरु ऋणमा फँस्दै गए। ब्याज तिर्नु पर्‍यो तिर्न न सके ब्याज माथि चक्र वृद्धि ब्याज लाग्ने भयो, ऋण बढ्दै गयो आखिर ती खेतहरु ऋण दाता पूँजी पतिहरुको हातमा पर्न गयो र किसानहरु सुकुम्वासीको सुकुम्वासी मै बदलिन पुगे। अर्कोतिर अलि बढी जमीन भएका धनि किसानहरु र मध्यम किसानहरु जसले ऋण लिनु परेको थिएय १-२ पुस्ता पछी उनीहरुका खेत आफ्ना सन्तानहरुमा बाँडिन जाँदा तिनिहरु पनि गरीब किसानमा पुगे र अर्को १-२ पुस्ता पछी उनीहरु पनि सुकुम्वासी किसानहरुमा बदलिए। स्पष्टतः सामन्ती व्यवस्था खतम गरी किसानहरुमा भूमि वितरण गर्नु नै किसान समस्याको स्थाई समाधान होईन्।

यहाँ दुईवटा समस्याहरु उत्पन्न हुन्छन्:-

क) किसानहरुलाई पूँजीवादी ऋणबाट कसरी बचाउने ?

ख) किसानहरुका सन्तान बढ्दै जान्छन् तर खेतले सन्तान जन्माउँदैन अनि किसानहरुको बढ्दो सन्तानहरुको समस्या कसरी समाधान गर्ने ? खेत साना-साना टुक्रा हुनबाट कसरी बचाउने ?

समाजवादी व्यवस्था नै त्यो व्यवस्था हो जसले किसानहरुलाई पूँजीवादी ऋणमा फँस्न दिदैन। सामूहिक खेती व्यवस्था नै कृषि क्षेत्रमा समाजवाद को रुपान्तरण हो। सामूहिक खेती गर्दा नै खेतलाई मशिनीकरण र रासायनिकरण गरेर यसको उब्जा धेरै गुणा बढाउन सकिन्छ। र एउटै किसानले धेरै खेत जोत्न सक्ने हुन्छ। सोवियत संघमा पूँजीवादी व्यवस्था



आउनु अघी एउटा-एउटा किसानको हातमा २० एकड अथवा १२० रोपनी अथवा १० विगाह जमीन थियो आज त्यहाँ प्रतिक्रान्तिकारीहरुले सामूहिक खेती नष्ट गरेर सो जमीन पूँजीपतिहरुको हातमा बेच्दै छन्। अब सोवियत संघका किसानहरुलाई ज्यालादारी मजदूर अर्थात ज्यालादारी दासमा परिणत गरिदै छ। त्यहाँ जग्गा जमीन माथि किसानहरुको सामूहिक स्वामित्व मात्र होईन व्यक्तिगत स्वामित्व खोसिदै छ। र रुसको किसानहरुलाई सुकुम्वासी किसानमा बदलेर किसानहरुमा बेकारी समस्या पैदा गरिदै छ। ती किसानहरुलाई समाजवादले दिएर आएको मुफ्त शिक्षा, स्वास्थ्योपचार, कामको ग्यारेन्टी, घर-द्वार, खाना, कपडाको ग्यारेन्टी सबै नष्ट गर्ने दिशामा पाईला चालिदै छ। यसले स्पष्ट गर्छ की पूँजीवादी प्रजातन्त्रमा किसानहरुले पाएका सारा सुविधाहरु, खेत माथि उनीहरुको मालिकत्व साराका सारा खोसिदै जान्छन्। उनीहरुले भोक, दरिद्रता, अशिक्षा र रोगलाई बोकेर हिंडनु पर्दछ। यसै कारण किसानहरुको निम्ती सामन्ती व्यवस्था खतम गरी जमीन वितरण गर्दैमा किसानहरुको समस्या स्थाई रुपले समाधान हुने छैन।

किसानको जीवन सुखी, सम्पन्न र सुनिश्चित गर्नको निम्ती समाजवादी व्यवस्था नै जरुरत छ। र हाम्रो जस्तो अविकसीत देशमा "जनवादी राष्ट्रिय प्रजातन्त्र" को नै आवश्यकता छ।

जनवादी राष्ट्रिय प्रजातन्त्रले एकातिर किसानहरुलाई जमीनको मालिक बनाउँछ, उनीहरुलाई ऋणबाट मुक्त गर्दछ र उनीहरुको निम्ती कृषि औजारको प्रबन्ध गरि दिन्छ। उनीहरुलाई पूँजीवादी शोषणबाट मुक्त गर्दछ र साथै उनीहरुको बढ्दो संतानको चापलाई घटाउने आफ्नो राष्ट्रिय

उद्योगहरुमा वृद्धि गर्दै जानेछ । जसद्वारा किसानहरु र तिनका सन्तानहरुले कारखानामा काम पाएर जमीन माथि किसानहरुको चाप घट्दै जाने छ । एक एक किसानको हातमा बढी भन्दा बढी जमीन दिन सक्ने स्थिति तैयार भएर आउँछ । यस्तै मेशीनहरुको प्रयोगले नै पहिलेको कम्यूनिष्ट देश सोवियत संघमा १२० रोपनी जग्गा वा १० बिगाह जमीन एक्लै किसानले सम्हाल्न सकेका हुन् । तर विदेशी पूँजी भित्रिएमा ती जग्गाहरु किसानको हातबाट खोसीई विदेशीको बगानमा परिणत भएर किसानहरु खेत हिन मजदूर किसानमा बदलिने छन् ।

यसै कारण किसानहरुको जीवन सुनिश्चित गर्नको निम्ती सर्व प्रथम

क) यो पूँजीवादी प्रजातन्त्रलाई "जनवादी राष्ट्रिय प्रजातन्त्र" मा बदल्नु अति आवश्यक छ ।

ख) विदेशी पूँजी र विदेशी ऋण देशमा भित्र्याउने नीतिको विरोध गर्नुछ ।

ग) कृषिमा पूंजीवादी हस्तक्षेप रोक्नु छ ।

घ) सामन्ती जमीन र पर्ति कृषि योग्य जमीन खेत हिन तथा गरीब किसानहरुमा वितरण गर्न जरुरी छ ।

ङ) र साथै ती खेतहरु सामूहिक खेतमा बदलेर मशिनीकरण र रासायनिककरण गर्न जरुरी छ ।

च) देशमा चाहिने नगदे बालीको बगानहरु, फलफूल बगानहरु, चियाकफी बगानहरु, नरिवल तथा सुपारी बगानहरु, इलाइचि इत्यादी बगानहरु सामूहिक खेतीद्वारा नै सम्भव छ, कृषि बिकासको निम्ती पनि उद्योगमा जस्तै पढे लेखेका बुद्धिजिवीहरुको आवश्यकता छ र कृषि विकासमा योगदान दिने बुद्धिजिवीहरुलाई उनीहरुको योग्यता, कार्य कुशलता,



लगनशीलताको आधारमा यथोचित मान र उनीहरुको आम्दानी पनि एक सही अनुपातमा वितरण गर्न जरुरी छ ।

वैज्ञानिक तरिकाले खेती गरेर आएकाहरुको खेतमा काम गर्ने किसानहरुलाई स्थाई मजदूरको रुपमा काम दिई उनीहरुको मजदूर संघिय अधिकार दिलाईने छ । र उत्पादनको एक खास प्रतिशत उनीहरुको कामको आधारमा बोनसको रूपमा प्रदान गरिने छ । यही नियम अहिले स्थापना भई सकेका बगानहरुमा पनि लागु हुने छ ।

कृषिको बिकासको निम्ती पानी र बिजुली अति आवश्यक छ । यसै कारण आज नेपाली कांग्रेसको मन्त्री मण्डलले नेपालका नदीहरू भारतलाई सुम्पदै जाने जो नीति लिएर आएको छ त्यसको घोर विरोध गरिने छ । कृषि औजार कारखानाहरूको वृद्धि र रासायनिक मल र कीट नाशक औषधी आफ्नै देशमा निर्माण गर्ने कारखानाहरूमा जोड दिइने छ ।

नेपाली कांग्रेसले लिएको द्वैध स्वामित्व खतम गर्ने र एमालेले लिएको "जसको जोत उसको पोत" भन्ने दुइ वटै नाराहरू एउटै प्रकृतिका हुन् । यसले किसानहरूलाई जमीनको मालिक बनाउने सट्टा सामन्ती स्वार्थको नै रक्षा गर्ने छ र गरीब जनताको बीच झगडा मचाउने काम गर्छ ।

आवश्यकता हो सामन्ती जमीनमा हतबन्दी कम गरेर बाँकी जमीन किसानमा बाँड्नु । तर द्वैध स्वामित्व खतम गर्दा सो जग्गा किसानलाई नै दिनु पर्छ भन्ने भएन, "जसको जोत उसको पोत" भन्नाले ठुला - ठुला जमीनदारहरू जसले ट्र्याक्टर लगाएर आफैं जोतेर आएका हुन्छन्, यो नारा र नीतिले गर्दा त्यो जग्गा जोत्ने नै हुन्छ भन्दा उही जमीन्दार नै

नाममा रहने भयो। द्वैध स्वामित्व खतम गर्दा यस्तै किसिमले हुने हो। सामन्ती जमीन छुन नपाउने अनि २-४ रोपनी एक आध विगाह बालाहरू जसले कहीं सानो नोकरी गरेर बसेको हुन्छ, सानो दुकान राखेर बसेको हुन्छ, या नाबालक हुन्छ अथवा बुढाबुढी भएर या बिमार भएर काम गर्न नसकी अरूलाई जोताउनु पर्ने हुन्छ यस्तोको जग्गा जोत्ने किसानको हुने भयो र जग्गाको निम्ती यो गरीब जनता र जोत्ने किसानको निम्ती तानातानी र झगडा हुने सिवाय अरू बाटो रहदैन। यसरी नेपाली कांग्रेस र एमालेको किसान नीति सामन्ती बचाउने र गरीबहरू बीच झगडा मचाउने प्रतिक्रान्तिकारी नारा हो। आजको आवश्यकता हो गरीब मेहनतकश जनताको बीच मेल र सामन्तको विरोधमा संघर्ष। यस आवश्यकतालाई नेपाली कांग्रेस र एमालेले उल्टो दिशामा लैजाने काम गरेर यस पूँजीवादी प्रजातन्त्र र नव उपनिवेशलाई स्थाईत्व दिने काम गर्दैछन्। जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्नको निम्ती आज हाम्रो देशको मजदूर, किसान, बुद्धिजिवीहरू, मध्यम वर्ग र राष्ट्रिय पूँजीपति सम्मको व्यापक संयुक्त मोर्चाको आवश्यकता छ। तथा हाम्रो संघर्षको लक्ष हुनेछ, साम्राज्यवाद, विदेशी एकाधिकार पूँजी, विदेशी ऋण, काला बजारियाहरू तथा हाम्रा देशका प्रतिक्रयावादी सामन्तहरू। यिनीहरूको शोषण, दमन, थिचोमिचोबाट मुक्त नभए सम्म हाम्रो देशको जनताको जीवन कुनै हालतमा सुखी सम्पन्न र सुनिश्चित हुन सक्ने छैन र हाम्रो देशको सम्पूर्ण मेहनतकश जनताको जीवन सुनिश्चित गर्ने "जनवादी राष्ट्रिय प्रजातन्त्र" स्थापना हुन सक्ने छैन। लेनिनको नारा हो "विश्वको मजदूर वर्ग तथा शोषित - पिडीत, पद दलित जनता एक हौं।" यस



करोलाई चरितार्थ गरेर नै हामीले आफ्नो देशको तमाम मेहनतकश जनताका साथै किसानहरूको जीवन पनि सुनिश्चित गर्न सकिने छ।

स्पष्टत: कृषि समस्या किसानहरूको मोहियानी र साना - तिना टुक्रा जमीन संग मात्र सम्बन्धित न भएक किसानहरूको जीवनलाई क्रान्तिकारी ढंगले परिवर्तन गरी अन्य वर्गहरूको दाँजोमा ल्याएमा मात्र समाधान हुने छ। नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले किसानहरूको जीवनमा आमूल परिवर्तन गर्ने लक्ष राख्दछ।

ग्रामीण क्षेत्रलाई शहरमा बदल्नु मार्क्स र लेनिनको सपना आज उत्तर कोरियामा व्यवहारिक रूप दिंदै छ त्यहाँ गाउँहरूको झुग्गी - झोपडी उखाडी चार - पाँच तल्लाको सिमेन्टका पक्का घरहरू बन्दैछन्; जुन घरहरूमा बिजुली, पानी, नुहाउने घर तथा पाईखानाहरूको राम्रो प्रवन्ध छ। त्यहाँको लोकप्रिय नेता किम जोङ्ग इलको भनाई छ किसानहरूले मात्र किन झुग्गी - झोपडीमा रहने ? ती किसान बस्तीहरूमा स्कूलहरू, चिकीत्सालय सबै कुरोको प्रवन्ध हुनुका साथै त्यहाँ बस, कार इत्यादी जाने आउने पीच रोडको पनि प्रवन्ध छ। नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले देश विकासको साथै नेपालको तराई र पहाडका गाउँहरूलाई यस्तै शहरमा बदल्ने योजना राख्दछ र पहाडमा छरिएर बसेका गाउँहरूको सट्टा बाढी - पैरोले दु:ख दिन न सक्ने ठाउँहरू छानेर शहर निर्माण गरी बस्ती बसाल्ने कार्यक्रमलाई क्रयान्वयनमा ल्याउने छ। यी शहरहरू अन्य शहरहरूमा जस्तै अनेकं सुविधा युक्त बनाईने छ।

## दलित जातिहरू, जन-जातिहरू र किसान एकता:-

जनतालाई विभिन्न टुक्रामा बाँडी एक अर्कोलाई लडाएर आपसमा

मनमुटावहरू पैदा गर्ने कामको शुरूआत दास जमानाबाट शुरू भएर सामन्ती जमानामा राम्रै जग बसाल्ने काम भयो। पूँजीवादले पनि कानूनन् यिनीहरूको बीचमा भेदभाव मेटाए पनि व्यवहारीक रूपने नेपालको सम्पूर्ण जनतालाई समान अधिकार दिने काम गर्न सकेन र गर्न सक्दैनन् पनि। समाजवादी व्यवस्था नै यस्तो व्यवस्था हो जसले सम्पूर्ण देशवासी हरूलाई राजनैतिक आर्थिक र सामाजिक क्षेत्रमा समान अधिकार दिन्छ र सांस्कृतिक क्षेत्रमा सबैको सांस्कृतिक बिकासमा योगदान गर्छ। सबैको भाषाको बिकासमा उत्तिकै समान महत्व दिने गर्छ र नौकरी पेशामा सबैले समान अवसर प्राप्त गरोस भन्ने कुरोमा ध्यान दिने छ। यहाँ यहाँ एउटा संस्कृतिले अर्को संस्कृतिलाई दबाउने एउटा भाषाले अर्को भाषालाई दबाउने, नौकरी पेशामा एक जात र अर्को जातमा भेदभाव गर्ने र अर्कालाई उठ्न न दिने कार्यहरू जो भईरहेका छन् त्यस्ता कार्यहरूलाई बन्द गरेर सबै प्रति समान व्यवहार गर्ने र पिछडिएका जातिहरूलाई विशेष प्रकारको प्रवन्ध गरी देश भरका नागरिकहरूलाई समान स्तरमा उठाउने काम गरिनेछ।

जातिवादी अथवा क्षेत्रियतावादी सम्प्रदायिक नाराले किसानहरूको समस्या समाधान गर्ने कुरोमा बाधा नै दिने छ। के पहाड ? के तराई ? सबै किसिमका र सबै क्षेत्रका किसानहरू, के मगर, गुरुङ्ग, तामाङ्ग, राई, लिम्बु, थारू, यादव, कुर्मि, बाहुन, क्षेत्री, नेवार कुनै पनि जातका हुन् - नेपाल भरका किसानहरू एक भएर नै किसानहरूले आफूलाई साम्राज्यवादी बिदेशी एकाधिकार पूँजी, काला बाजारियाहरू र प्रतिक्रिया वादी सामन्तहरूको शोषण दमनबाट मुक्त गराउन सक्ने छन्। "फुट गर



राज गर" भन्ने साम्राज्यवादी नीति अन्तर्गत आज पहाड वासी र तराई वासी किसानहरूको बीच लडाउने कोशिश हुँदैछ। त्यस्तै मगर, गुरुङ्ग, तामाङ्ग, राई, लिम्बु, बाहुन, क्षेत्रीहरूका बीच लडाउने षडयन्त्र पनि हुँदैछ। हिन्दुहरू र बौद्धिष्टका बीच, हिन्दु र मुसलमानको बीच झगडा गराउने षडयन्त हुँदैछ। हिन्दु होस् वा मुसलमान, हिन्दु होस् वा बौद्धिष्ट, मुसलमान होस् वा बौद्धिष्ट, पहाड वासी हुन् या तराई वासी करोडौं किसान एक भएर नै उनीहरूले आफूलाई प्रतिक्रियावादी सामन्ती शोषण-बाट मुक्त गरेर, साम्राज्यबाद, नव उपनिवेशवाद र विदेशी पूँजीबाट मुक्त भएर नयां जीवनको निर्माण गर्न सक्ने छन्। आज किसान किसानको बीचमा फुट्नु होईन जुट्नु आवश्यकता छ। र सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा सम्पूर्ण क्रान्तिकारी वर्गहरू सग "संयुक्त मोर्चा" को निर्माण गरेर "जनवादी राष्ट्रिय प्रजातन्त्र" लाई नेपालमा स्थापित गर्नु परेको छ।

## नौकरी पेशाको सवालमा:–

आज नेपालमा स्थापित पूँजीवादी प्रजातन्त्र अन्तर्गत नेपाली कांग्रेसको मन्त्री मण्डलले नौकरी पेशाको सवालमा हर क्षेत्रमा नातावाद कृपावाद र भ्रष्टाचारको नीति अपनाएको छ। हरेक क्षेत्रमा कुनै काम लिनु पर्ने भएमा कांग्रेसी नै हुनु पर्ने। मानौं अब यो देशमा जनताको होईन कांग्रेसको नै राज छ। पहिलेका पञ्चहरूले लिएको नीति नै यो कांग्रेस सरकारले लिएको छ। अन्तरिम सरकार अन्तर्गत एमालेका मन्त्रीहरू (तत्कालिन माले र मार्क्सवादी) ले पनि यही नीति लिएका थिए। यो नीति सरासर जनता माथि अन्याय हो। कुनै पार्टीको समर्थन

गर्ने वा नगर्ने भन्ने कुरा जनताको आफ्नो अधिकार हो । तर नेपालको
सम्पूर्ण जनताले बिना भेदभाव आ-आफ्नो योग्यता अनुसार कसैको खुशा-
मद नगरी नौकरी प्राप्त गर्नु, व्यापारिक एवं उद्योगमा यथोचित सुविधा
प्राप्त गर्नु सबैको अक्षुण्ण मानव अधिकार हो । यो अधिकारलाई पञ्चायती
शासन काल देखी लिएर नेपाली कांग्रेसको शासनले पनि हनन गरेको छ ।
हरेक क्षेत्रमा स्वनिहीत स्वार्थ पूर्तिका लागि हुकुमशाही प्रवृत्ति देखाएको
छ ।

नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) नातावाद, कृपावाद, भ्रष्टाचार
तथा भेदभावको नीतिलाई समाप्त गरी सबै नागरिकलाई समान सुअवसर
प्राप्त गराउने पक्षमा छ । नौकरी पेशामा भर्ति गर्दा बीना भेदभाव जाँच
गरी योग्यता अनुसार भर्ति गर्ने पक्षमा छ । जब सम्म कुनै पदमा कर्मचारी
रहेको हुन्छ उसको कर्तव्य हुन्छ सरकारको निर्णयलाई कार्यान्वयन गर्नु ।
जुन बेला जनता नै २०४६ सालमा जस्तै विद्रोहमा उठ्छ त्यस बेला
आन्दोलनको औचित्य हेरेर सहयोग गर्नु अर्कै कुरा हो । होईन भने सरकार
बदली रहन्छ कर्मचारी बदल्ने सवाल आउँदैन । हरेक कर्मचारीहरूको
नौकरी सुरक्षित हुनु पर्छ । बेलायतको प्रधान मन्त्रीले समेत एउटा पियन
सम्म पनि भर्ति गर्न पाउँदैन न नौकरीबाट निकाल्न सक्छ । बिना कुनै
भेदभाव जाँच गरेर योग्यताको आधारमा भर्ति हुने अथवा प्रमोशन हुने
अधिकार सबैलाई हुनुपर्छ । कर्मचारीहरुलाई काम लिन सम्म लिएर झुत्रो
जुत्ता फ्यांके झैं फ्यांक्ने काम नहोस । उनीहरुले काम गर्न सक्दा सक्दै
पनि कामबाट अवकास दिलाउनाले उनीहरुकै जीवन मात्र बर्बाद हुने
नभएर राष्ट्र राष्ट्रको क्रयाशील शक्ति र अनुभव पनि बर्बाद गर्नु हो ।



अवकाश प्राप्त कर्मचारीहरुलाई उनीहरुले गर्न सक्ने इलमका कामहरुको
प्रबन्ध गरि दिनु आवश्यक छ । नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले यही
नीति कार्यान्वयन होस भन्ने आवाज उठाउँछ । "जनवादी राष्ट्रिय
प्रजातन्त्र" अन्तर्गत यसै नीतिलाई अबलम्बन गरिने छ ।

## बुद्धिजीविहरु:-

मजदूर-किसान र अन्य श्रमिक जनता देशको निर्माण शक्ति हो भने
बुद्धिजीविहरु देश निर्माणको निम्ति "मगज" हो । मगज कहिले काहिं
पागल पनि हुन सक्छ । तर मगज भन्नु नै पर्याप्त छैन । सामन्ती व्यवस्था
अथवा पूंजीवादी व्यवस्थालाई टिकाउनेहरु पनि बुद्धिजीविहरु नै हुन । अर्का
तिर मार्क्स र लेनिन जस्तो बुद्धिजीविले सम्पूर्ण शोषित-पीडित मानव
जातिको मुक्तिको बाटो देखाउने काम गरे । तसर्थ सन्तुलित मगजको
जरुरत छ । साम्राज्यवादीहरू तथा विदेशी पूंजीमा बिकेका मगजले
देशलाई बनाउने सट्टा बर्बाद गर्दछ । यसै कारण हामीलाई यस्तो
बुद्धिजीबिहरूको आवश्यक छ, जसले आफ्नो मगज देश र जनतको निम्ति
अर्पण गरोस । बुद्धिजीविहरुले निश्वार्थ पूर्ण तरिकाले देश र जनता प्रति
बफादार भएर काम गरेको खण्डमा उनिहरुलाई "देशको मगज" भन्न
सकिन्छ । यसकारण हाम्रो पार्टी र जनवादी राष्ट्रि प्रजातान्त्रिक सरकारले
देश भक्त बुद्धिजीविहरूको पनि उत्तिकै महत्व दिएर कदर गर्दछ । हाम्रो
देश निर्माणको निम्ति १० औं लाख बुद्धिजीबिहरु, टेक्निसियन (प्राविधिक)
हरू, कुशल प्रबन्धकहरूको जरुरत छ जनवादी राष्ट्रिय प्रजातान्त्रिक
सरकारले यसै निम्ति देशका बिभिन्न जातिहरू, जन-जातिहरु, दलित
जातिहरू र तराई बासी जनताहरू र बिभिन्न धर्माबलम्बीहरु र वर्गहरुबाट

लाखौं लाख बुद्धिजीविहरू प्राविधिक र प्रबन्धकहरू पैंदा गर्ने काम गर्नेछ। सर्वहारा वर्गको नेतृत्वमा मजदूर–मेहनतकश किसान र बुद्धिजीविहरूको एकताको आधारमा देशमा मध्यम वर्ग, राष्ट्रिय पूँजीपति वर्ग तथा देशभक्त सामन्तीहरू सम्म सबै क्रान्तिकारी वर्गहरुसंग व्यापक संयुक्त मोर्चा बनाएर एक साझा कार्यक्रम तय गरी देश निर्माण कार्यमा अगाडि बढ्नेछ ।

## मजदूरको समस्याः–

मार्क्स र लेनिनको सपना हो बिश्वबाट नै मानिसले मानिस माथि गर्दै आएको शोषण–दमनको अन्त गर्नु, सम्पूर्ण जनतालाई कामको ग्यारेण्टी गर्नु, कामको गौरव बढाएर मजदूर वर्गले पनि अरू मानिस सरह शिर ठाडो गरेर गौरवान्वीत जिन्दगी यापन गर्न सक्ने समाजवादी व्यवस्था स्थापना गर्नु। नेपाल जस्तो देशमा "जनवादी राष्ट्रिय प्रजातन्त्र" को स्थापना गर्नु। सम्पूर्ण समाजवादी देशहरूमा यस्तै प्रबन्ध गरिन्छ। उत्तर कोरियाले यस बारे एउटा अनुकरणिय उदाहरण पेश गरेको छ। उत्तर कोरियाको एउटा सिद्धान्त हो सबै कुरो मानिसहरूको निम्ती र सबै कुरो मानिसहरु द्वारा। यहि नीति अन्तरगत त्यहाँ कुनै प्रोजेक्ट शुरु गर्नु भन्दा अघि सर्वप्रथम मजदूरहरुको लागी पक्की घरको निर्माण गरिन्छ। उनीहरूको निम्ती कुखुरा पाल्ने, बंगुर पाल्ने र साग सब्जी उब्जाउनु ठाउँ मिलाइन्छ। र अनि मात्र त्यो प्रोजेक्टमा काम शुरू गरिन्छ। नेपाल कम्यूनिष्ठ पार्टी (संयुक्त) ले सर्वप्रथम यस्तै नीति लिनेछ।

हरेक कारखानाको प्रबन्धक समितिमा मजदूरहरुले बेला-बेलामा चुनेका प्रतिनिधिहरु समानुपातीक रुपमा समावेश गराइने छ। यसले



एकातिर अनेक कार्यद्वारा शोषण गर्ने र उचित सहुलियत नदिने चाललाई असफल पार्छ भने मजदूर वर्गको तर्फबाट पनि कारखाना सफल होस् वा असफल होस् पर्वाह नगरी अन्धाधून्ध हडताल गर्ने नौबतलाई पनि खतम गर्नेछ। कारखानाहरु सफल भएमा नै मजदूरहरुको निम्ति कामको ग्यारेण्टी गर्न सकिन्छ। र कारखानाको मुनाफावाट उनीहरुको जीवनमा चाहिने सुविधा दिन सकिन्छ। तसर्थ हामीले एकातिर मजदूर माथिको निर्मम शोषण खतन गर्नु छ भने अर्कोतिर कारखानाहरू पनि सफलताको साथ अगाडि बढोस् भन्ने चाहन्छौं। वर्ग संघर्षको निम्ती नभएर उत्तरोत्तर समाजको विकासको निम्ति हुनेछ।

## धर्मको सवालमाः–

नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) ले मानवताको सेवा नै आफ्नो धर्म सम्झन्छ। मानिस मानिसको बीच मैत्री, करूणा, दया, प्रेम, सदाचार, यदि धर्मका अङ्ग हुन् भने नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) सदैव यस्तो धर्मको पक्षमा छ। हैन धर्मको आडम्बरमा मानिसले मानिसलाई ठगी लाखौं कमाएर २-४ पैसा दान दिनु नै धर्म ठानिन्छ भने यस्तो तामसी धर्मको पक्षमा कम्यूनिष्टहरु छैनन्। धर्मको मर्म न बुझे पछि धर्म पनि अधर्म हुन जान्छ भन्ने कुरा बली राजाको कथाले स्पष्ट गर्छ। कृष्णले भने जस्तै सम्पूर्ण जनताको सेवा नै धर्म हो भने कम्यूनिष्टहरुले यस्तै कार्यको निम्ती आफ्नो जीवन अर्पण गरेका हुन्छन्।

नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त) कसैको धर्ममा हस्तक्षेप गर्ने पक्षमा छैन तर धर्मको नाममा साम्राज्यवाद अथवा प्रतिक्रयाबादको सेवा गर्ने कार्यमा संलग्न रहन्छ भने हामीले यस्तो धर्म प्रचारको विरोध गर्ने छौं।

सबैले आ-आफ्नो धर्म गरौस् तर साम्राज्यवादीहरू र प्रतिक्रियावादीहरू संग हात थापेर आएको धन लिएर धर्म प्रचार गर्ने र धर्म परिवर्तन गर्ने ईजाजत अवश्य हुनु हुँदैन। आज़काल साम्राज्यवादीहरू मानव अधिकारको पर्दा हाली धार्मिक स्वतन्त्रताको नाममा यस्तै धार्मिक संगठनहरू बनाउँदै छन्। यस्ता धार्मिक संगठनहरूको विरोध गर्नु हाम्रो राष्ट्रिय हित रक्षाको निम्ती न गरि नहुने नैतिक दायित्व हो।

धार्मिक स्वतन्त्रता हुनुपर्छ तर सम्प्रदायिकता फैलाउने र साम्राज्यवाद तथा प्रतिक्रियावादको दलाली गर्ने स्वतन्त्रता भने हुँदैन। कम्यूनिष्ट-हरूले धर्मको नाममा गरिने यस्ता पाखंडी क्रयाकलापको विरोध गर्छन्।

## मानव अधिकार बारे दुई भिन्न दृष्टिकोणः-

निश्चित रूपले "मानव अधिकार" मानिसहरूको जीवनको सुरक्षाका निम्ती, मानिस र मानव समाजको उत्तरोत्तर विकासको निम्ती नभै न हुने मानव मात्रको नैसर्गिक अधिकार हो। तर पूंजीवादीहरू यसलाई आफ्नै स्वार्थ रक्षा गर्ने कुरो सम्म मात्र सिमित राख्न चाहन्छन्। र यसको दुरूपयोग गरि मेहनतकश जनताको जीवन नष्ट गर्ने हतियारको रूपमा प्रयोग गर्न चाहन्छन्। उनीहरू मानव अधिकारलाई "बोल्ने, लेख्ने, सभा संगठन गर्ने" कुरोहरू सम्म सिमित राख्न चाहन्छन्। तर याद गर्नु पर्ने कुरो पूंजीवादी व्यवस्थामा आर्थिक संकटमा परेका गरीब जनताले यसको प्रयोग गर्ने बाटो बन्द रहन्छ। आम सभा गर्नु पर्‍यो भने "पोष्टर, पर्चा, माइक" इत्यादीको लागि पैसाको अभावमा काम रूक्न जान्छ जब की पैसावालाहरूको निम्ती माइक, पर्चा, पोष्टर, अझ सम्मेलन गर्ने हो भने पाँच तारे होटलका आलिशान हलहरू तथा चिया, टेबुलै पिच्छे माइक,



कफी, केक इत्यादी नास्ताको प्रबन्ध हुन्छ। गरीब जनताको निम्ती यी सबै कुरोहरू कहाँबाट ल्याउने ? भरसक जनताले त आफ्नो ज़ायज माग राखेर गरिने शान्ति पूर्ण जुलुशहरूमा पनि पूँजीवादी सरकारको लाठी-गोली खानु पर्छ। पूँजीवादी देशहरूमा मानव अधिकार यस्तैलाई भन्ने गर्छन्।

साम्राज्यवादका दलालहरू समाजवादी देशमा मानव अधिकार छैन भन्ने प्रचार गर्छन्। उनीहरूको मानव अधिकार त झूठ प्रचार गर्नु र समाजवादी देशलाई भताभुङ्ग पार्दै त्यहाँ पूँजीवादी व्यवस्था लाद्नु अनि आफ्नो पूँजी र ऋण घुसाएर ती देशहरूलाई शोषण गर्नु, ती देशहरूमा आफ्नो हैकम चल्ने नव-उपनिवेशवादी व्यवस्था लाद्नु हो।

पूँजीवादीहरूको मानव अधिकार भिन्न सम्पूर्ण जनताको जीवन सुरक्षा, गर्नु पर्दैन, बेकारी र महङ्गाई खतम गरी, सामाजिक सुरक्षा; मुफ्त शिक्षा, मुफ्त स्वास्थ्योपचारको ग्यारेन्टी उनीहरूको मानव अधिकार भित्र पर्दैन। याद रहोस् बोल्ने, लेख्ने, सभा-संगठन गर्ने अधिकार जनताले पाउनु पर्छ आफ्नो समाजलाई बढी सुसंस्कृत गर्नको निम्ती, उनीहरूको जीवन सुखी, सम्पन्न र सुनिश्चित बनाउनको निम्ती। न की यसलाई नष्ट गर्नको निम्ती।

"मानव अधिकार" भन्नाले हामी कम्यूनिष्टहरू यसरी सम्झन्छौं–

क) सम्पूर्ण जनताले आ-आफ्नो योग्यता निरंतर बृद्धि गर्ने कुरोको प्रबन्ध होस् र सम्पूर्ण काम गरेर खान सक्ने जनतालाई आ-आफ्नो योग्यता अनुसार कामको ग्यारेन्टी रहोस्।

ख) मानवले मानव माथि गरेर आएको शोशण प्रथा खतम गरी जनताले काम अनुसारको तलब-ज्याला पाउने अधिकारको ग्यारेन्टी होस्।

ग) सम्पूर्ण बुढा - बुढीहरुलाई बुढेस कालको भत्ताको प्रवन्ध होस् ताकी छोरा - छोरी भएनन् वा छोरा-छोरीले हेरेनन् भने ती बुढा-बुढीहरुले दुःख भोग्न न परोस् ।

घ) बिरामी बेला मुफ्त डाक्टर - औषधी - उपचारको तथा बिरामी भत्ताको प्रवन्ध होस् ।

ङ) महिलाहरुलाई गर्भावस्थामा चाहिने पौष्टिक आहारको प्रवन्ध र समय समयमा डाक्टरी जाँच – सुत्केरी बिदा, – काममा जाँदा बच्चाहरुका – काममा सुविधा, र किंडरगार्टनको प्रवन्ध रहोस् ।

च) हरेक बच्चालाई सुस्वास्थ्यकर आहारको निम्ती चाहिने भत्ताको प्रवन्ध होस् । तथा उनीहरुको तालिमको प्रवन्ध रहोस् ।

छ) सबैको निम्ती मुफ्त शिक्षा तथा पढुन्जेल किताब, कलम, खाने, बस्ने, लाउने कुरोको प्रवन्ध होस् ।

ज) अरु चाहिने सामाजिक सुरक्षा र साथै

झ) बोल्ने, लेख्ने, सभा-संगठन गर्न पाउने अधिकारको ग्यारेन्टी होस् ।

साम्राज्यवादी अमेरिकाले आज मानव अधिकारको नाममा सोवियत संघलाई नष्ट गरेर त्यहाको जन जीवन कष्टमय बनाएको छ । अमेरिकामा मानव अधिकार पूँजीपतिहरुको खेलौना भएको छ । करोडौं मानिसहरुको जीवन बर्बाद गरेर पनि अमेरिकाले मानव अधिकारको ढकोसला गर्न छोडेको छैन । साम्राज्यवादीहरु, नव उपनिवेश वादीहरु, मानव अधिकार-लाई बोल्ने, लेख्ने, सभा-संगठनको अधिकार सम्म सिमित राखी यसको दुरुपयोग गरि समाज वादलाई नष्ट गर्दै सम्पूर्ण जनताको निम्ति समाज-



वादले प्रवन्ध गरि राखेको सुख सुविधालाईसमाप्त गर्ने कार्यमा संलग्न छन् । उनीहरुले माथि उल्लिखित क) देखी ज) सम्मका अधिकारहरु जसले मानिसलाई मानिसको रुपमा बाँच्ने र विकास गर्ने अधिकार प्रदान गर्छन ती अधिकारहरुलाई नकार्दछन् । पूँजीवादी मानव अधिकार र समाजवादी मानव अधिकारमा यही फरक छ ।

## कम्यूनिष्ट व्यवस्था र बहुदलीय व्यवस्थाः–

साम्राज्यवादीहरुको प्रचार छ की कम्यूनिष्ट देशहरुमा अरु कुनै पार्टी रहन दिदैनन् । यो सरासर गलत कुरा हो । सोवियत संघमा मात्र एक पार्टीको राज रह्यो । अक्तुवर क्रान्ति पछि लेनिनको चाहना थियो सबै पार्टीहरुसंग मिलेर समाजवादी व्यवस्थालाई अगाडी बढाउने । प्रजातान्त्रिक समाजवादी पार्टीहरुसंग लेनिनले संयुक्त सरकार बनाएका थिए तर प्रजातान्त्रिक समाजवादीहरु मुखले समाजवाद भन्ने कामले समाजवादलाई व्यवहारमा लागु गर्ने कुरामा अडङ्गा हुँदा उनीहरुले आखिर सरकार छोडेर गए । समाजवादी क्रान्तिकारीहरु र मेन्शेवीकहरु सबै अक्तुबर क्रान्तिको विरोधमा प्रतिक्रान्तिकारी गृहयुद्धमा लागे, त्यसै बेला विश्वका १४ वटा राज्यहरु मिलेर भर्खरै स्थापना भएको समाजवादी सोवियत संघ माथि हमला गरेका थिए । आखिर बहादुर सोवियत जनता-ले सबैलाई परास्त गरी पठाए र सोवियत संघबाट विरोधी पार्टीहरु लोप भएर गए । यसको दोष कम्यूनिष्ट पार्टीलाई दिएर भएन ।

बुल्गेरियामा कम्यूनिष्ट पार्टीका साथै बुल्गेरियाइ कृषक जन एकता पार्टी पनि संगै मिलेर संयुक्त रुपले शासन चलाएर आएको थियो । पूर्वि जर्मनमा समाजवादी एकता पार्टीको अलावा क्रिश्चियन डेमोक्र्याटिक

युनियन, जर्मन लिवरल डेमोक्रयाटिक पार्टी, जर्मन नेशनल डेमोक्राटिक पार्टी, जर्मन नेशनल डेमोक्रयाटिक पार्टी तथा प्रजातान्त्रिक कृषक पार्टी गरी जम्मा ५ वटा पार्टीहरु मिली संयुक्त मोर्चा बनाएर सरकार चलाएर आएकै थिए। चेकोस्लोभाकियामा चेकोस्लोभाक समाजवादी पार्टी, श्लोभाक पुनर्निर्माण पार्टी, श्लोभाक फ्रीडम पार्टी इत्यादी गरी ५ वटै पार्टीहरूको संयुक्त सरकार थियो। पोल्याण्डमा अरू दुईवटा पार्टीहरु रोमन क्याथोलिक पार्टी समेतको संयुक्त सरकार थियो। उत्तर कोरियामा कोरियाको वर्कर्स पार्टी, धार्मिक चन्डोइष्ट चूग्गू पार्टी तथा उत्तर कोरियाई सामाजिक प्रजातान्त्रिक पार्टी गरि ३ वटा पार्टीको संयुक्त सरकार छ। यस्तै जनवादी चीनमा ८ वटा पार्टीको संयुक्त सरकार छ जस मध्ये एउटा हो चीनका क्रान्तिकारी नेता सुनयात सेनद्वारा बनाइएको तथा वहाँको देहान्त पछि वहाँकी श्रीमती सुङ्गचिङ्गलीले नेतृत्व गर्दै आएको कोमिङ्गताङ्ग पार्टी। यसै गरी भारतको पश्चिम बङ्गालमा कम्यूनिष्ट पार्टी (मार्क्सवादी) ले अन्य ८ वटा पार्टीहरूसंग मिलेर वामपन्थी प्रजातान्त्रिक मञ्च बनाएर संयुक्त रुपले सरकार चलाएर आएको छ। स्पष्टतः आफुसंग नमिल्ने -कुनै पार्टी माथि प्रतिबन्ध लगाएको छैन। स्पष्टतः कम्यूनिष्ट पार्टी अरू पार्टीहरूको अस्तित्व मेटाउने पक्षमा छैन, बरू जति सक्यो त्यति पार्टीहरूसंग मिलेर जनताको जीवन उकास्न सक्ने र देशको पनि उत्तरोत्तर प्रगति गर्ने खालको एउटा साझा कार्यक्रम बनाएर संयुक्त रुपले सरकार चलाउनु आफ्नो कर्तव्य सम्झन्छ। कम्यूनिष्ट पार्टीको चाहना अरू पार्टी वा पार्टीहरुलाई दबाउनु होइन। सबैसंग मिलेर एउटा साझा कार्यक्रम बनाएर देशको भविष्य निर्माण गर्ने र सम्पूर्ण जनताको जीवन



सुखमय र सुनिश्चित बनाउनु हो। कम्यूनिष्टहरू बहुदलको नाममा आपसमा काटमार गरी साम्राज्यवादीहरु तथा प्रतिक्रियावादीहरुको दलाल पार्टीहरू मार्फत साम्राज्यवादीहरु तथा विदेशी एकाधिकार पूंजी भित्राउने ढोका खोल्ने पक्षमा छैनन् बरु देश र जनता प्रति बफादार भएर काम गर्न चाहने सम्पूर्ण पार्टीहरु मिलेर एउटा साझा कार्यक्रम तयार गरी संयुक्त शासन चलाउने पक्षमा छन।

यस्तो स्थितिमा साम्राज्यवादीहरुले चाहे जस्तो एक अर्कोसंग काटमार गर्ने बिरोधी दल कम्यूनिष्ट व्यवस्थामा छैन भन्ने गुनासोको कुनै मतलब रहँदैन। जब सबैको सल्लाहले संयुक्त भएर काम गरिन्छ भने विरोधी दल निस्कन्छ कहाँबाट ? र यसको आवश्यकतानै किन पर्छ र ?

## सोभियत संघ पूर्वी यूरोपमा आएका प्रति क्रान्तिकारी परिवर्तन बारेः-

सोभियत संघ र पूर्वि यूरोपमा आएको प्रति क्रान्तिकारी परिवर्तनले विश्व कम्यूनिष्ट आन्दोलनको बाटोलाई धेरै अलमलाई दिएको छ। औसरबादीहरुले यसलाई नयाँ धार, नयाँ चिन्तनको नाम दिएका छन। मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा अटल विश्वास राख्नेहरुलाई कट्टरपन्थी भन्न थालेका छन। निश्चय पनि समाजवादबाट पूंजीवादमा जानु, आफ्नो देश टुक्रा-टुक्रामा बिभाजित गर्नु, अमेरिकी राष्ट्रपति बुशले भने जस्तै गरि अमेरिकी स्वार्थ अनुकुलको परिवर्तन ल्याउनु जनताको हितमा भएको क्रान्तिकारी परिवर्तन होइन। आज सोभियत संघमा आएको परिवर्तन जन-जीवनलाई नष्ट गर्ने प्रति क्रान्तिकारी परिवर्तन हो भन्ने कुरो स्पष्ट भई सकेको छ। यो परिवर्तन सोभियत संघका गणराज्यहरुलाई

अमेरिकी साम्राज्यवादको नव–उपनिवेशमा बदल्ने परिवर्तन हो। यसले सोभियत संघलाई मात्र नष्ट गरेको होइन सम्पूर्ण पूर्वि यूरोपका देशहरुबाट समाजवादी व्यवस्थाको जडमूल उखेली त्यहाँको निश्चितन्त जीवन नष्ट गरि दिएको छ। अहिले सम्म असंलग्न भएर बसेका राष्ट्रहरुलाई अमेरिकी साम्राज्यवादको करणमा जान वाध्य गरेको छ। यसले बिश्व कम्यूनिष्ट आन्दोलनमा ठुलो धक्का दिएको छ । नोक्सान गरेको छ। निश्चय पनि कम्यूनिष्टहरु कठमुल्लावादी होईनन्, न त कट्टर पंथी नै हुँन। मार्क्सवाद-लेनिनवाद एउटा सामाजिक विज्ञान हो। कट्टर पंथी भन्लान भन्ने डरले वैज्ञानिकहरुले विज्ञानलाई छोडदैनन् बरु यसको विकास गर्ने कुरामा निरंतर लागेका हुन्छन्। मार्क्सवाद-लेनिनवादलाई विकास गर्न सकिन्छ, यसलाई त्याग्ने होईन। मार्क्सले स्वयम् आफ्नो "क्यापिटले" लेखिसकेपछी भूमिकाको अन्तिम थ्यारामा लेख्नु भएको छ, "यसलाई वैज्ञानिक विश्लेषण गरेर यसको पूरै खण्डन गरे पनि म स्वागत गर्छु, तर पूर्वाग्रही भएर विरोध गरिन्छ भने मलाई केही भन्नु छैन, तिमी आफ्नो बाटो जाउ, म आफ्नो बाटो जान्छु।"

आज मार्क्सवाद-लेनिनवादको विरोध कुनै वैज्ञानिक विश्लेषणको आधारमा होईन, पूँजीबादलाई फर्काउनको निम्ती, साम्राज्यवादीहरूको स्वार्थ सेवा गर्नको निम्ती गैर जिम्मेवार तरिकाले हुँदैछ। आज आफूलाई कम्यूनिष्ट नेता हुँ भन्नेहरूले समेत अौसरवादी चरित्र अपनाएर गैर जिम्मेवारी तरिकाले मार्क्सवाद लेनिनवादलाई महत्वहीन बनाउने प्रयासमा लागेको देखिन्छ। आज आफूलाई कम्यूनिष्ट नेता भन्नेहरु मध्ये कतिपयले समाजवादी देशउरू तथा समाजवाद प्रति नै घृणा फैलाउने र अमेरिकी



साम्राज्यवादको तारिफ गर्न थालेका छन्। साम्राज्यवादीहरुको यस षडयन्त्रहरुको विरोधमा हरेक मेहनतकश तथा देश भक्त जनताले सतर्क भएर मार्क्सवाद-लेनिनवादको रक्षा गर्न एक भएर उभिनै पर्छ।

हो परिवर्तन जरुरी छ। मार्क्सले भने जस्तै हर चिज क्षण क्षणमा परिवर्तन भई रहन्छ। तर परिवर्तन कुन दिशामा ? समानवादलाई अझ सुसंस्कृत बनाउन यसमा देखा परेका नकारात्मक कुराहरु हटाएर सकारात्मक कुरोहरुलाई बिकास गरेर हो वा समाजवादको सम्पूर्ण सकारात्मक कुराहरु पनि खतम गरेर ? गोर्वाचेवले ल्याएको पेरेस्त्रोईकाले समाजवादको सम्पूर्ण सकारात्मक कुराहरु समेत नष्ट गरेर पूँजीवादी व्यवस्था फर्काउने काम गरि रहेको छ। मार्क्स-लेनिन जस्ता महा मानव प्रतिको आस्था खतम गर्ने र मार्क्सबाद-लेनिनवादलाई नै नष्ट गर्ने दिशामा आजको परिवर्तन भई रहेको छ। पहिले ग्लास्तनोष्ट र पेरेस्त्रोईकालाई अगाडी ल्याउँदा भनिएको थियो "बढी प्रजातन्त्र, बढी समाजवाद" र आपसमा खुला दिलले छलफल गर्ने। तर ग्लास्तनोष्टको उपयोग समाजवादमा देखा परेका सकारात्मक र नकारात्मक कुरो केलाउनको लागि होईन, समाजवादको सम्पूर्ण सकारात्मक कुराहरुलाई दबाएर नकारात्मक कुराहरुको मात्र प्रचार गरि समाजबाद प्रति नै घृणा फैलाउने काममा भयो। यो ग्लास्तनोष्ट अन्तर्गत पूँजीवादको प्रतिक्रयावादी चरित्रको कुनै बेला पनि चित्रण गरिएन। मानौं पूँजीवादी व्यवस्था एउटा स्वर्ग हो। जसरी समाजवादको विरोधमा पूँजीवादको पक्षमा आम जनता बीच एउटा मनोवैज्ञानिक असर पर्‍यो।

ती प्रतिक्रान्तिकारीहरु अमेरिकी साम्राज्यवादका दलालहरु हुन् र

यिनीहरु ईस्वी सन् १९१७ को समाजवादी क्रान्तिले फालेका सामन्तनरु, कुलकहरु र पूँजीपति वर्गका सन्तानहरु हुन् भन्ने कुरोमा कुनै शंका छैन। यिनीहरुको भित्री सम्बन्ध अमेरिकी साम्राज्यवाद संग शुरु देखी रहेर आएको थियो। आश्चर्यको कुरो एल्तशीन सोवियत संघको उपराष्ट्रपति छँदा अमेरिकी राष्ट्रपति बुशको दर्शन भेटको निम्ती १० दिन पर्खेर अमेरिकामा बसेर आएको थियो तथा एल्तशीन रुसी महासंघको राष्ट्रपति चुनिने वित्तिकै उनको पहिलो काम भयो राष्ट्रपति बुश कहाँ दर्शन भेटको लागि फेरी जानु। एल्तशीनको विजयमा अमेरिकाको डलरले काम गरेन भन्न सकिन्न।

जहाँ सम्म गोर्वाचेवको सवाल छ, आफ्नो उपराष्ट्रपति मनपरि विदेशी (त्यसमा पनि साम्राज्यवादी देश अमेरिकाको) राष्ट्रपतिलाई भेट्न जाँदा के हेरेर बसे? यसैले जाहेर गर्छ गोर्वाचेवको एल्तशीन संग भित्री साँठ गाँठ थियो। गोर्वाचेवले नोबेल शान्ती पुरस्कार प्राप्त गरे पछी समाजवादलाई भत्काउने काममा अझ तिव्रता आयो। स्पष्टतः अमेरिकी साम्राज्यवादी षडयन्त्रलाई व्यवहारिक रुप दिने दुई नेताहरुको नेतृत्वमा सोवियत संघ र पूर्वी यूरोपको समाजवादी व्यवस्थालाई धराशाई बनाई दियो। आज ती देशका जनताहरुलाई बाँच्न पनि मुश्कील परेको छ। सोभियत संघमा आज जो भईरहेको छ, त्यो अमेरिकी दवावमा भईरहेको छ। कारखानाहरु र खेतलाई निजीकरण गर्ने र खुला बाजारको नारा समाजवादलाई नष्ट गर्ने अमेरिकी चाल हो र यसलाई आजका रुसी नेताहरुले खुशी साथ गर्दैछन्। गोर्वाचेवको पेरेस्त्रोईका (पुनर्गठन) को अर्थ यहि हो। सोवियत संघ र पूर्वी यूरोपमा मात्र होईन आज नेपालमा



पनि सार्वजनिक रुपमा चलेर आएका कारखानाहरुको निजीकरण गरिदै छ। यी सबै कामहरु नेपालमा पनि अमेरिकी साम्राज्यवादको दवावमा नै भईररेको छ। हामीले पनि यसको फल महंगी, बेकारीको रुपमा भोगी नै रहेका छौं।

प्रारम्भमा साम्राज्यवादी अमेरिका परस्त रुसी नेताहरुको प्रचार थियो खुला बाजार भए पछी सबै संकट हट्ने छ। तर खुला बाजारले महंगीलाई अझ वढायो। त्यहाँको जनताको भनाई छ अव त्यहाँ मिलियोनियर्स (दशौं लाखका मालिकहरु) मात्र बाँच्न सक्छन्। बाजार-बाट सामान गायब छ। अब फेरी व्यापार मन्त्रीले भन्न थाल्यो, अब छ महिनामा सब ठिक हुन्छ। हेर्दै जाउँ ६ महिनामा जनताको संकट अझ चर्केर जाने छ। समाजवादी व्यवस्था अन्तर्गत रसियनहरुको रातो-पिरो, पुष्ट चेहरा अब यो पूंजीवादी व्यवस्था अन्तर्गत उनीहरु भोकमरीको शिकार भएर कालो-नीलो पिच्केका गालाहरु लिएर देखा पर्ने छन्। रुसी जनताको विश्वास छैन की अब ६ महिनामा केही सुधार होला भनेर।

समाजवाद र पूँजीवाद दुईटैको नतिजा कसरी फरक हुंदो रहेछ भनेर अनुभव गरेका रसियनहरु निश्चित रुपले एक पटक फेरी हँसिया हथौडा अंकित लाल झण्डा लिएर अगाडी आउने छन् र यो प्रतिक्रान्तिकारी व्यवस्थालाई उखाडेर फ्याँकी सोवियत संघमा समाजवादको स्थापना गर्नेछन्।

## के मार्क्सवाद असफल भयो ? के कम्यूनिष्ट व्यवस्थाको अन्त भयो ?:-

आज साम्राज्यवादीहरु र हाम्रै देशका शोषक तथा तिनका दलाल-

हरु एवं आफूलाई कम्यूनिष्ट भन्दै पार्टी भित्र घुसेका अवसर वादीहरु प्रचार गर्दै छन् की विश्वबाट कम्यूनिष्ट व्यवस्था खतम भएर गई सक्यो। मार्क्सवाद लेनिनवाद असफल साबित भएको छ। सोबियत संघ र पूर्वी युरोपबाट कम्यूनिष्ट व्यवस्था खतम भएकोमा उनीहरु खुशी छन्। तर याद रहोस् २०१७ सालमा नेपालको संसदिय व्यवस्था खतम गरी राजाको हुकुमशाही व्यवस्था स्थापना हुँदा हाम्रा देशका प्रतिक्रियावादीहरु र पार्टी भित्रका अवसर वादीहरु खुशीले फुलेका थिए। कतिपय आफूलाई कम्यूनिष्ट भन्नेहरुले पनि त्यस बेला हर्ष विभोर भएर जनतामा घुमि घुमि प्रचार गरि ३ दिन सम्म बत्ति जलाउन लगाएका थिए, दिप मालाले घर सजएका थिए। यहि २०१७ सालकै यता उता एक आध सालको फरक पारेर इरान, पाकिस्तान, इण्डोनेशिया ईत्यादी विभिन्न देशहरुबाट प्रजातन्त्र खतम गर्दै ती देशहरुमा फौजी हुकुमी शासन स्थापना गरिएको थियो। हाम्रा देशका प्रतिक्रयावादीहरु र पञ्चहरुले भन्ने गर्थे "यो निर्दलीय पञ्चायती व्यवस्थाको विकल्प छैन।" कतिपय कम्यूनिष्टहरु हुकुमशाही व्यवस्थाको अगाडी आत्म समर्पण गरेर पञ्चायत भित्र पसेका थिए।

तर त्यो हुकुमशाही पञ्चायती व्यवस्था दिर्घजिवी रहन सकेन र स्थापना काल (२०१७ साल) देखी नै यसको बिरोधमा विद्रोह हुन थाल्यो। अनेक ठूला साना संघर्षहरु भए। आखिरमा आएर ३० बर्षको संघर्ष पछी नेपाली जनता आगो भएर उठे, एवं २०४६ सालको निर्णायक आन्दोलनले त्यो पञ्चायती हुकुमशाही व्यबस्थाको जड-मूल उखाडेर फ्याँकी दियो। विभिन्न देशमा स्थापित फौजी हुकुमशाही व्यवस्थाहरु पनि एक पछि अर्को गरि उँखेलिएर गए। फेरी एक पटक प्रजातांत्रिक व्यबस्थाहरु स्थापित हुँदै आए। नेपालमा पनि २०१७ साल भन्दा अघिको संसदीय व्यवस्था



भन्दा बढी शक्तिशाली प्रजातांत्रिक व्यवस्थाको स्थापना भयो। पहिलो पल्ट सवैंधानिक रुपले जनता सार्वभौम-सर्वोच्च अधिकारीको रुपमा स्थापित भए। हामी हेर्दै छौं जुन जुन देशहरुबाट कम्यूनिष्ट व्यवस्थाहरु उखाडिये, ती सबै देशहरुमा जनताको जीवन बर्बाद भएको छ। चाउचेस्कुलाई गोली ठोकेर ल्याएको पूंजीवादी व्यवस्थाले रोमानियामा ५० प्रतिशत बच्चाहरु कुपोषणको शिकार भएर मर्ने बाँचने दोसाँधमा पुऱ्याई दिएको छ। जुन बच्चाहरुलाई कम्यूनिष्ट देशहरुमा आफ्ना देशका बादशाह भन्ने गर्थे, आज त्यहाँको पूँजीवादी व्यवस्थाले ती बच्चाहरुलाई बर्बाद गरेको छ। कम्यूनिष्ट व्यवस्था उखाडिएको सबै देशहरुमा महंगी, बेकारी, अन्न संकट तथा सामाजिक असुरक्षा व्याप्त छ। के यो पूँजीवादी प्रजातन्त्रको सफलता हो? के पूँजीवादी व्यवस्थाले दिएको मानव अधिकार यहि हो? के यहि कम्यूनिष्ट व्यवस्थाको असफलता तथा पूंजीवादी व्यवस्थाको सफलता हो? ती सबै देशहरको आजको स्थितिले पूँजीवादी व्यवस्था होईन कम्यूनिष्ट व्यवस्था नै एक मात्र जन-जीवनको सुरक्षा गर्न सक्ने व्यवस्था हो भन्ने कुरोलाई प्रमाणित गरि दिएको छ। निश्चय ती देशहरुमा कम्यूनिष्ट व्यवस्था अवश्य फर्केर आउने छ। अझ मजबूरिका साथ फर्केर आउनेछ र आजको गैर कम्यूनिष्ट देशहरुमा पनि एक पछि अर्को गरि कम्यूनिष्ट व्यवस्था स्थापना भएर आउनेछ। सामाजिक विकास क्रमलाई कसैले रोकेर रोकिन्न। केही समय अलमलिन सकिन्छ। सामन्ती हुकुमशाही व्यबस्था पछी प्रजातांत्रिक व्यबस्था आउनु एक स्वभाविक प्रक्रया हो। त्यस्तै पूँजीवादी व्यवस्थालाई नष्ट गरेर समाजवादी व्यवस्था स्थापना गर्नु पनि उस्तै प्राकृतिक प्रक्रया हो। सामाजिक विकासको यो नै नियम हो।

सामाजिक विकास क्रममा नयाँ प्रगतिशील समाज व्यवस्था एक पटक स्थापना भए पछी बीचमा फेरी नष्ट हुँदैन भन्न सकिन्न ।

बिश्वको सामाजिक विकासमा नयाँ समाज प्रगतिशील भएर पनि धेरै पटक असफल रह्यो । दास प्रथाबाट सामन्ती प्रथा सजिलैसंग आएन । सामन्ती समाजले पनि धेरै पटक उथल पुथल देख्नु र धेरै पटकको असफलता पछि यसले स्थायित्व लियो । राजा, महारजा र बादशाहहरुको जमाना आयो, बिश्व भरी सामन्ती राजा महाराजा र बादशाहहरुको जगजगी रह्यो । पूरानो दासका मालिकहरूको गणतन्त्रहरू खतम भएर गए । धेरै समय सम्म सामन्ती समाज रह्यो । यता जनताको चेतना बढ्दै गयो, जनताले थाहा पाए, देश भनेको कुनै एक ब्यक्तिको पेवा होईन, सबैको साझा हो । त्यसपछि स्वतन्त्रता, समानता, भातृत्वको नारा दिंदै बिस्तारै पूंजीवादी प्रजातन्त्रको उदय भयो । यो पूंजवादी प्रजातन्त्रले पनि धेरै उतार चढाव देख्नु पर्‍यो । फ्रान्सको पूंजीवादी प्रजातान्त्रिक क्रान्ति पछि फेरी त्यहाँ नेपोलियन बोनापार्टका खानदानहरूको रूपमा बादशाहहरू फर्केर र आए । यसको बाबजुद फ्रान्समा आज फेरी प्रजातान्त्रिक व्यवस्था नै कायम हुन आएको छ ।

समाजवादी व्यवस्थालाई हाल सोभियम संघ र पूर्वि यूरोपका देश-हरूबाट उखाडियो भनेर केहि आश्चर्य छैन । समाजवादी देशमा यस्तो उथल पुथल भयो भनेर आश्चर्य मान्नु पर्ने केहि छैन । महाभारत पढ्ने तथा हेर्नेहरुलाई थाहा छ पाण्डवहरुले के के हण्डर खानु परेको थियो । तर दुर्योधनको अनेक षडयन्त्रको बाबजुद अन्तमा पाण्डवहरुकै बिजय भएको थियो ।



पूंजीवादी प्रजातान्त्रिक व्यवस्था सामन्ती व्यवस्था भन्दा प्रगतिशील हो । तर समाजवादी व्यवस्था प्रजातान्त्रिक व्यवस्थाको अझ विकसित रुप हो । जसले नै सम्पूर्ण जनतालाई राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा व्यवहारिक रुपले देशको मालिकको रुपमा स्थापना गरि उनीहरूको निम्ति सुनिश्चित जीवनको ग्यारेण्टी गर्दछ । यसै कारण बीचमा जति सुकै हण्डर खान परेता पनि सामन्ती व्यवस्थालाई खतम गरी पूंजीवादी प्रजातांत्रिक व्यवस्था आउने कुरा रोकेर रोकिएन त्यसै गरी समाजवादी व्यवस्थाले पनि बीचमा अनेक हण्डर खाएता पनि अन्तमा विश्व भरी यसले स्थायित्व लिएरै छाडने छ । साम्राज्यवादी अमेरिकाको अनेक षडयन्त्रका बावजुद आज जनवादी चीन, उत्तर कोरिया, क्यूबा, भियतनाम ईत्यादी देशमा कम्यूनिष्ट शासनले दह्रो जरो गाडेर बसेकै छ । सोवियत संघमा कम्यूनिष्ट शासन नभए पनि त्यहाँको जनताले कुनै हार खाएको छैन । त्यहाँका बिभिन्न राज्यको राष्ट्रपति पदमा कम्यूनिष्ट नै चुनिएर आएका छन् । १४ वटा राज्यको एउटै पार्टी "कम्यूनिष्ट वर्कर्स पार्टी" को स्थापना भएको छ । पोल्याण्ड र बुल्गेरियाको चुनावको परिणामले पनि त्यहाँ समाजवादी व्यवस्था पुन फर्केर आउने संकेत देखाएको छ । र ढिलो चाँडो यी देशहरुमा कम्यूनिष्ट व्यवस्था फर्केर आउने छ भन्ने कुरा ती देश

(खास गरि सोवियत संघ) मा लाखौंको संख्यामा हँसिया, हथौडा, सहित-को लाल झण्डा लिएर निस्केका जुलुशहरुले देखाउँछ । जुन बेला चीन आज जस्तो बलियो थिएन, चीनलाई लिएर भनेको थियो "सुतिरहेको सिंहलाई न जगाउ ।" आज त्यो सिंह उठी सकेको छ । अमेरिकी साम्राज्यवादले

त्यहाँ केही गडबडी गर्न खोज्छ भने सिंहको पंजाबाट भाग्न सक्ने छैन। आज अमेरिकी स्वयम् अर्थ संकटमा फँसेको छ। त्यहाँ कुनै सामाजिक कार्यको निम्ती सरकार संग पैसा छैन।

अनि यता फ्रान्स, अमेरिका, भारत, चीन, उत्तर कोरिया, क्यूबा, भियतनाम, नेपाल ईत्यादी विभिन्न मुलुकका कम्यूनिष्ट पार्टीहरु कम्मर कसेर काम गर्दछन्। अतः विश्वबाट कम्यूनिष्ट लोप भयो भन्नु, रुसको जार शाहीले सूर्यतिर गोला वर्षाएर धूवाँले ढाकेर सूर्य न देखिए पछी सूर्य भाग्यो भने जस्तै हो। अहिले विश्व कम्यूनिष्ट आन्दोलनले एक धक्का खप्नु परेको छ, तर कम्यूनिष्टहरुले यसबाट अझ नयाँ शिक्षा लिएर भविष्यमा अझ दृढताका साथ अगाडी बढ्ने छ र विश्व भरी कम्यूनिष्ट व्यवस्था स्थापना गरेरै छाड्ने छ।

## देश र जनता प्रतिको जिम्मेदारीः-

नेपाल कम्यूनिष्ट पार्टीको स्थापना आफ्नो देशमा एक नयाँ समाजको निर्माण गर्नको निम्ति भएको हो। साँच्चै भन्ने हो भने साम्यवादी व्यवस्था आदिकाल देखी मानिसको चाहाना हो। यस चाहानालाई पूरा गर्नु नै कम्यूनिष्ट पार्टीको जिम्मेदारी हो। श्री कृष्णको भनाई थियो "साम्यवादी विचार राख्नेहरुले यसै पृथ्वीलाई स्वर्ग बनाउंछ," गौतम बुद्धको कल्पना थियो "उत्कृष्ट राज्यको स्थापना गर्नु जुन राज्यमा कसैको आँखामा आँशु नआवस र कसैलाई भिख मागेर खान नपरोस।" क्राईष्टको कल्पना थियो "स्वर्गको राज्य (Kingdom of heaven) स्थापना गर्नु।" यी सब कल्पनाहरु कल्पना नै रहे, व्यवहारमा आउन सकेन। यसलाई कसरी व्यवहारमा ल्याउने हो भन्ने बाटो देखाउन सकेन। कृष्णले भन्थाने, दुष्टहरुलाई नाश गरेर सज्जनहरुको रक्षा गरे पछि यस्तो साम्यवादी व्यवस्था स्थापना हुने छ। बुद्धले हृदय परिवर्तनको बाटो अपनाए। एक आध ठाउँमा अशोक जस्तो राजा देखा परे तर फेरी पनि विश्वमा उत्कृष्ट राज्य स्थापना हुन सकेन, साम्यवादी व्यवस्था पनि स्थापना हुन सकेन क्राईष्टको चेलाहरु त झन उल्टो साम्राज्यवादीको रुपमा विकास भयो। जसले विश्वमा स्वर्गको राज्य स्थापना गर्ने सट्टा आफ्नो देशमा शोषण दमनलाई कायम राखे भने, अर्काको देशहरु माथि पनि कब्जा गरी उनीहरु को राष्ट्र माथि नै निर्मम शोषण र दमन चालु गरे तथा उनीहरुलाई कहिल्यै उठ्न दिएन। द्वितीय विश्वयुद्ध भन्दा पहिले उनीहरुले अर्काको देश माथि सिधै कब्जा गरेर राज्य गर्थे भने आजकाल साम्राज्यवादीहरुले नयाँ चाल चली अर्काको देशमा दलाल सरकार खडा गरी नदेखिने तरिकाले शोषण गर्ने नयाँ तरिका अपनाए। अर्काको देशलाई नयाँ उपनिवेशवादमा बदल्ने नयाँ नीति अपनाए क्राईष्टको इच्छालाई साम्राज्य-वादीहरुले धुलोमा मिलाई दिए। पवित्र बाइबललाई अर्काको देशमा घुसेर हस्तक्षेप गर्ने र सो मुलुक माथि कब्जा गरेर त्यहाँ शोषण र दमनको राज्य खडा गर्ने साधान बनाए।

आदीकाल देखी महापुरुषहरुले इच्छा साम्यवादी व्यवस्था स्थापना गर्ने ईच्छालाई व्यवहारिक रुप दिने बाटो सर्व प्रथम मार्क्सले नै देखाए। मार्क्सले भने श्रमिक जनता माथिको शोषण दमन खतम गर्ने हो भने श्रमिक वर्गको आफ्नो पार्टीको जरुरत पर्दछ। कम्यूनिष्ट पार्टी यस्तै पार्टी हो, जसको लक्ष्य विश्वमा मानिसले मानिस माथिको शोषण र दमन गरी एक नयाँ समाज बनाउनु हो। जुन समाजमा बुढा बुढीहरुले मलाई कसले

पाल्ला भन्ने चिन्ता लिन नपरोस् र हाम्रो आमा-बाबु छैन कसले पढाई देला भन्ने चिन्ता लिन नपरोस् र हाम्रो देशको सम्पूर्ण बाल-बालिकाहरु लाई र युवकहरुले आफ्नो चौतर्फी विकास गर्ने बाटो खुलोस र हाम्रा आजका बाल-बालिकाहरु र युवक-युवतीहरु भोलीको महान व्यक्तित्वको रुपमा संसारमा उभिन सकोस् । र पढाई सिद्धिए पछि कसैले कसैसाई खुसामद नगरी योग्यतानुसारको काममा नियुक्ति हुन सकोस् । सबैको निम्ति कामको ग्यारेन्टी होस । बिरामीहरुले कसरी औषधी उपचार गर्ने हो वा गरिदिने हो भन्न नपरोस । यस्तो व्यवस्था मुट्ठीभर पैसावालको निम्ति मात्र नभई बिना जातिय अथवा धार्मिक भेदभाव, के पहाड के तराई नेपालको सम्पूर्ण जनताको निम्ति होस ।

यो पुरा गर्न आज नेपालमा नेपालको वर्ग चरित्र, वर्ग चेतना, आर्थिक अवस्था, सामाजिक संरचना, शिक्षा, संस्कृति, धर्म र समाजको आधारलाई दृष्टिगत गरी हाम्रो पार्टी कार्यक्रम "जनवादी राष्ट्रिय प्रजातन्त्र" स्थापना गरेर नै हामीले सम्पूर्ण जनताको समस्या समाधान गर्न सक्नेछौं र आफ्नो देशलाई छिटो भन्दा छिटो बिकसित मुलुकहरुको दाँजोमा पुऱ्याउन सक्ने छौं ।

# बहुदलीय व्यवस्थाको कमजोरी र यसको निराकरण

हुकुमशाही व्यवस्थामा जनताको बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्ने सारा मानव अधिकार खोसेर आफ्नो मनपरि राज चलाएर जनजीवन बर्बाद गरिराखेको हुन्छ भने बहुदलीय व्यवस्थाले यी सबै कुराहरूको



विपरीत जनतालाई मानव अधिकारको ग्यारेण्टी गरि जनतालाई नै देशका मालिकको रुपमा स्थापना गरेको छ- जनताको हातमा सार्वभौम-सत्ता आएको छ । यो कुरो बहुदलीय व्यवस्थाको सकारात्मक देन हो । तर हरेक कुरोमा नकारात्मक कुरो पनि हुन्छ । सुन्तलामा पोषक रस मात्र होइन, आपेण्डिसाइटिस गराउने बिउ पनि हुन्छ । स्पष्टतः सुन्तला खाँदा बिउ फालेर रस खानु पर्छ । यस्तै बहुदलीय व्यवस्थामा पनि नकारात्मक कुरोहरू पनि छन् नकारात्मक कुरोलाई नकारेर नै बहुदलीय व्यवस्थाले देशको राजनैतिक व्यवस्थालाई पोषण गरेर यसलाई अगाडि बढाउन सकिनेछ । बहुदलीय व्यवस्थाको नाउँमा अनेकन यस्ता पार्टीलाई बनेका छन् जसले बहुदलीय व्यवस्थालाई नाश पनि गर्न सक्छ । पैसा बाँडेर सङ्गठन गर्नु, मारपीत बलजफ्ती गरेर अरू पार्टीलाई चल्न नदिनु छुरा-चैन जस्ता घातक वस्तुहरू दिएर कार्यकर्ताहरूलाई हिंसात्मक कार्यमा संलग्न गराउनु, झूठामन गढन्ते कुराहरूको प्रचार गरि अरू पार्टी प्रति घृणा फैलाउने काम गर्नु अनि जनतालाई सहि सिद्धान्त दिने सट्टा साम्राज्यवादीहरू र दलाल पूंजीपति वर्गको हित रक्षा गर्ने सिद्धान्त फैलाउनु र देश र जनतालाई कुबाटोमा दोऱ्याउने र आपसमा मिलेर काम गर्ने सट्टा एक अर्काको खुट्टा तान्ने काम गर्नु जातिवाद, साम्प्रदायिकताको आधारमा राजनीति गर्नु, सैद्धान्तिक र राजनैतिक बहस गर्ने सट्टा मारपीटमा उत्रनु सबका सब बहुदलीय व्यवस्थाको नकारात्मक पक्ष हुन । राष्ट्रिय स्वार्थलाई अगाडी राखेर संघर्ष गर्ने सट्टा नीजि गुटको स्वार्थ अगाडी राखेर संघर्ष गर्नु र अनि यसै संघर्षको दौरान ब्ल्याकमेल गरेर पैसा असुस गर्नु ईत्यादी बहुदलीय व्यवस्थाको नकारात्मक कुरोहरु हुन ।

हुकुमशाही व्यवस्था अन्तर्गत प्रजातन्त्रको अभावमा जनताको चेतना को स्तर दबेको हुन्छ । प्रजातन्त्र आयो । तर यसबेला जनताको चेतनाको स्तर व्यापक हुन पाएको हुँदैन । साथै मेहनतकश जनता गरिबीले सताई-एको हुन्छ । जनताको यो चेतनाको कमी र उनीहरुको दरिद्रताको फाइदा उठाएर पूँजीवादी पार्टीहरुले विदेशबाट पैसा ल्याउँदै जनतामा छर्दै जनता-मा झूठा प्रचार र गुण्डागर्दी समेत गर्दै जो मत जितिन्छ त्यसैको बलमा सजिलोसँग पूँजीवादी सरकार स्थापना हुन्छ र त्यो पूँजीवादी सरकारले विदेशी पूँजी ल्याउँदै देशलाई ऋणमा डुबाउँदै देशलाई नवउपनिवेशवादको हिलोमा गाडि दिन्छ ।

चुनाव सिद्धान्त राजनीतिको आधारमा हुनु पर्छ न कि पैसाको आधारमा । झूठको सहारा लिएर पैसा बगाएर जसरी भए पनि चुनाव जित्ने चलन बन्द गर्नु आवश्यक छ । आपसमा मारपीट बन्द गर्नै पर्छ । बरु जनतालाई आ-आफ्नो राजनीति र कार्यक्रम अगाडी राखेर जन-चेतना बढाएर आ-आफ्नो पार्टी बढावस र चुनावमा भाग लेओस । यसरी चुनाव जितेर बहुमत ल्याएमा नै बहुदलीय व्यवस्थाको कुनै सार्थकता रहनेछ । अनेक जनजातिहरु दलित जातिहरुको जातिय समस्याहरु छन, नभएको होईन, यी समस्याहरु पृथकतावादी सिद्धान्त अगाडी बढाएर होईन, राष्ट्रिय समस्याको प्रमुख अङ्कको रुपमा नै समाधान गर्नु जरुरी देखिन्छ । आज पिछडिएको विभिन्न जनजातिहरु, दलित जातिहरुलाई कसरी शिक्षित गर्ने, उनीहरुको साँस्कृतिक स्तर कसरी उठाउने, उनीहरुको स्वास्थ्य रक्षा कसरी गर्ने, उनीहरुलाई कामको ग्यारेन्टी कसरी गर्ने र विकसित जातिहरुको दाँजोमा कसरी पुऱ्याउने भन्ने कुरो राष्ट्रिय समस्याको रुपमा



समाधान गर्नु जरुरी छ । जनताको पिछडापन र गरिबी नै देशको पिछडापन र गरिबी हो । यसै कारण स्वस्थ प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु हाम्रो पार्टीको नीति हुनेछ र देश र सम्पूर्ण जनता प्रति बफादार भएर सबैसंग मैत्रीपूर्ण तरिकाले छलफल गरेर सही सिद्धान्तको आधारमा जन चेतना बढाएर संगठनलाई सुदृढ गर्दै लानु हाम्रो नीति हुनेछ । चुनाव पैसाको बलमा होईन सिद्धान्त र कार्यक्रमको आधारमा जनताको सद्भावनाको आधारमा जित्नु हाम्रो पद्धति हुनेछ ।

आज हाम्रो अगाडी ठुलो चुनौति छ । त्यो चुनौति जसरी भए पनि चुनाव जितेर सरकार कब्जा गरि आफुले पनि पञ्चहरुको परम्परा अनुसार ढुकुटी भर्नु र मोजमज्जा गर्नु होईन । चुनौती हो यो देशलाई कसरी विश्वको अरु विकसित मुलुकहरुको दाँजोमा पुऱ्याउने, कसरी सम्पूर्ण जनताको चौतर्फी विकास गर्ने, अविकसित जातिहरुलाई उठाएर कसरी विकसित गर्ने, कसरी देशको सम्पूर्ण जनताको जीवन सुख-सम्पन्न र सुनिश्चित गर्ने, जनताको चिन्ता कसरी दूर गर्ने, जनताको आँखाको आँसु कसरी पुछ्ने ? यो कार्य आपसमा गैर सैद्धान्तिक तरिकाले तानातानी गरेर, एकले अर्कालाई पछारेर पुरा हुने छैन । यसलाई पूरा गर्न मार्क्सवादी लेनिनवादी सिद्धान्तको आधारमा ठोस सिद्धान्त र कार्यक्रमको आधारमा सम्पूर्ण जनतालाई सही बाटो देखाएर सबै एक जुट भएर सञ्चालित गर्नु छ । यसको निम्ति जतिसक्यो उति पार्टीहरु सही सिद्धान्तको आधारमा मिल्ने र मिलाउने र यसरी मिल्न नसक्नेहरुसंग देश र जनताको समस्या समाधान गर्ने खालको साझा कार्यक्रमको आधारमा संयुक्त मोर्चा बनाउने र यो पनि नसक्नेहरुसंग खुलेआम मैत्रीपूर्ण ढङ्गले सैद्धान्तिक र राजनैतिक

बहस गरि साझा समझदारीमा पुग्ने। यसरी नै जन चेतना अगाडी बढ्नेछ। सैद्धान्तिक र राजनैतिक संघर्ष कहिले काहीं संयुक्त मोर्चाका घटकहरुको बीचमा पनि चल्न सक्छ। कुरा लुकाएर जन चेतना बढ्दैन। मैलो लुगा घर बाहिर नै धुनुपर्छ। यसरी हामी एकातिर पार्टीहरुको एकिकरणको पक्षमा छौं भने एकिकृत हुन नसक्नेहरुसंग व्यापक संयुक्त मोर्चाको पक्षमा पनि छौं। हामीले कम्यूनिष्टहरु मात्र एक मोर्चामा ल्याएर पुग्दैन, सम्पूर्ण देशलाई सञ्चालित गर्नको निम्ति अरु पनि देशभक्त प्रजातान्त्रिक तत्वहरु संग सहि सिद्धान्त र सहि कार्यक्रमको आधारमा व्यापक संयुक्त मोर्चा गर्नु आवश्यक छ। यसको निम्ति एक लामो अवधि सम्म आपसमा सैद्धान्तिक, राजनैतिक र संगठनात्मक संघर्ष बने पनि आवश्यक पर्न सक्ने छ। पहिले जनताको स्वार्थ रक्षा गरेर पछि मात्र आफ्नो समस्या हेर्ने परम्परा हामीले पार्टी भित्र कायम गर्नु परेको छ।

# जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने बाटो

आफुलाई क्रान्तिकारी भन्ने कुनै कुनै वामपन्थी समूहहरुको नारा रह्यो, "बन्दुकको नालबाट राजसत्ता आउँछ।" चीनको खास स्थितिमा यहि एक मात्र बाटो थियो। साँच्चै भन्ने हो भने संसारको कुनै देशमा पनि बिना हिंसात्मक क्रान्ति राजनैतिक परिवर्तन हुन सक्दैनथ्यो। २००७ सालको क्रान्तिमा बन्दुकै चलाएर मात्र प्रजातन्त्र आयो।

तर कुनै कुरोले पनि शाश्वत सत्यको रुपमा काम गर्दैन। हाम्रो पुरानो कहावत थियो, "दिया तले अँधेरा।" "दियोको तल अँध्यारो।"



हुन पनि त्यसबेला यो अकाट्य सत्य थियो। तर समयले बिजुलीको प्रादुर्भाव भयो। अब दिया तले अँधेरा अथवा बिजुलीको तल अँध्यारो भन्ने कुरै हराएर गयो। त्यस्तै का० माओको उक्ति एक समय सहि थियो भने आज पनि उही कुरो शाश्वत सत्यको रुपमा काम लाग्दैन। हाल कतिपय देशहरुमा खासगरि इरान, फिलिपाइन्स, बङ्गलादेश र नेपालमा बन्दुकको नालले राजनैतिक परिवर्तन आएन, व्यापक जन आन्दोलनले यो परिवर्तनहरु आए। बन्दुक जनताले चलाएन, प्रतिक्रियावादी शासकहरुले जन आन्दोलन दबाउनको निम्ति चलाए। फेरी पनि शासकहरुले आफुलाई बचाउन सकेन। कोही शासक भागे, कोही पक्राउ परे, कसैले सम्झौता गरे। उनीहरुको बन्दुकको नालले उनीहरुलाई राजसत्ता दिएन, बरु यसै कारण उनीहरु उखेडेर गए।

नेपालको राजनीतिक परिवर्तन "बन्दुकको नालबाट राजसत्ता प्राप्त हुन्छ" भनेर जय गर्नेहरुबाट आएन, जन आन्दोलनबाट आयो। हाम्रो तृतीय महाधिवेशनले हिंसात्मक क्रान्ति गर्ने काल्पनिक राजनीति नदिएको हुनाले हामीलाई संशोधनवादी भन्नेहरु मध्ये कसैले पनि बन्दुक चलाएर नेपालको राजनीतिक परिवर्तन ल्याएन, जन आन्दोलनबाट नै यो राजनीतिक परिवर्तन आएको छ। रौतहटको २००९ सालको किसान आन्दोलन यसको प्रारुप थियो। त्यसबेलाको किसान आन्दोलनले गर्दा त्यसबेला त्यहांको स्थानीय सरकार भागेर सीमानापार भारतमा शरण लिन पुगेको थियो।

ललितपुरको एक विशाल आमसभामा मालेको एकजना नेताले बोल्नु भयो। "हामी शस्त्र लिएर जन्मेको, हामीले बन्दुकको बलले नयाँ जनवाद

ल्याउने छौं।" जनताले खुशीले तालि बजाए। तर यो वहाँको मुखको मोख (Phrasem ongering) मात्र हो, कि व्यवहारमा लागु हुने कुरो हो? वहाँहरुको बन्दुक कहाँबाट आउने हो कहाँ राख्ने हो? अनि वहाँहरुसँग कति गुरिल्ला तयार भयो? अनि वहाँहरुले हिंसात्मक क्रान्ति गर्दा कहाँबाट समर्थन पाउने हो? जबकि त्यो हिंसात्मक क्रान्तिमा वहाँहरुले नेपाल सरकारको मात्र होईन अन्तर्राष्ट्रिय साम्राज्यवादी तथा विश्व प्रतिक्रयावादी शक्तिहरुको पनि सामना गर्नु पर्नेछ। अहिले आएर वहाँहरुले यसको विपरित बहुदलीय जनवादको राजनीति अगाडी सारेको छन्। भियतनामका क्रान्ति सोभियत संघको मद्दत बिना १६ वर्ष लडेर पनि छेउ पुच्छर लागेन। त्यसबेला भियतनामलाई जनवादी चीनको मद्दत पाईरहेकै थियो। अन्तमा सोभियत संघको मद्दत पाएपछी बल्ल अर्को ४ बर्ष लडेर भियतनामी जनताले विजय प्राप्त गरे।

का० माओको एक उक्ति हामीले याद गर्नु छ। चीनी क्रान्तिको दौरान वहाँले भन्नु भएको थियो, "हाम्रो क्रान्ति हाम्रै सर्वहारा वर्गको शक्तिले मात्र सफल हुने छैन। हामीलाई बिश्व सर्वहारा वर्गको समर्थन चाहिन्छ, खास गरेर सोभियत संघको समर्थन चाहिन्छ।" "सोभियत संघको मद्दतलाई नामञ्जुर गरे क्रान्ति अवश्य फेल हुनेछ।" आज स्थिति यस्तो आई पुगेको छ की हामीले सोभियत संघको मद्दत नामञ्जुर गर्ने होईन, अब सोभियत संघ कसैसाई पनि हिंसात्मक क्रान्तिको निम्ति मद्दत गर्ने भन्ने कुरा नै लोप भएको छ। नत जनवादी चीन नै यस पक्षमा देखिन्छ। अनि कसको मद्दत अथवा समर्थनले हिंसात्मक क्रान्ति गर्ने? के अमेरिकी साम्राज्यवादले नेपालमा समाजवादी क्रान्तिको निम्ति मद्दत गर्ने



हो? अमेरिकाले समाजवादी व्यवस्था ध्वस्त गर्नको निम्ति प्रतिक्रान्तिकारीहरुलाई मात्र मद्दत गर्ने हो। अमेरिकाको चालले आज विश्वबाट समाजबाट एकपछि अर्को ढल्दै गईराखेको छ। अमेरिका कम्यूनिष्टहरुलाई पनि मद्दत गर्ने पक्षमा छ तर त्यो मद्दत समाजवाद ल्याउनको निम्ति होईन, कम्यूनिष्टहरुलाई टुक्रा टुक्रा पारेर कम्यूनिष्ट आन्दोलन शक्तिहीन बनाउनको निम्ति हो।

पंजाबको जस्तो आतङ्ककारी आन्दोलनको निम्ति पनि कुनै समाजवादी अथवा प्रगतिशील मुलुकहरुले मद्दत गर्ने छैन। यस्तो कार्यमा अमेरिका, पाकिस्तानको जस्तो प्रतिक्रान्तिकारी सरकारले प्रतिक्रान्तिको मद्दत गर्ने हो। अनि वस्तो आतङ्ककारी आन्दोलनले देशलाई कहिल्यै नटुङ्गिने भुमरीमा फसाई दिने हो। जुन भुमरीमा फसेपछि देश ध्वस्त हुने सिवाय यसले कहिल्यै प्रगति मार्गमा अगाडी बढी विकास गर्न सक्ने छैन। यस्तो कार्य नेपाली जन जीवनसंग सरोकार नभएका प्रतिक्रियावादीहरु र साम्राज्यवादीहरुको निम्ति फाईदाजनक भए पनि यसले देश, जनता र देशमा क्रान्तिकारी परिवर्तन ल्याउने चाहने कम्यूनिष्टहरुको निम्ति कदापि लाभदायक हुने छैन। अमेरिका तथा अन्य साम्राज्यवादीहरुको सहयोगले क्रान्ति होईन, प्रतिक्रान्ति मात्र हुन सक्ने छ। तसर्थ प्रजातन्त्रलाई अझ विकास गरी जनवादी राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने एकमात्र बाटो हो, व्यापक जन चेतना बढाएर जनतालाई सुसगठित गरि सम्पूर्ण जनताको बलले राजनीतिक परिवर्तन ल्याउने। यस्तो स्थितिमा "संसदीय भास" भनेर यसबाट अलग रहेर कदापि क्रान्तिकारी शक्ति अघि बढेर शासन सत्तामा पुग्न सक्ने छैन। जन जीवनमा क्रान्तिकारी परिवर्तन

ल्याउने कार्यक्रमको आधारमा संसदमा बहुमत प्राप्त गरेर आपनो सरकार कायम गरेर नै कम्यूनिष्टहरुले नयाँ समाजको निर्माणमा कदम चाल्न सक्ने छ ।

"संसदीय भास" भनेर संसदको खिल्लि उडाउनेहरुले न त बन्दुकको नालबाट नै क्रान्तिकारी परिवर्तन ल्याउनेछ, न त संसदबाटै, न त जन आन्दोलनबाटै । खालि लफ्फाजि गरेर, जनता अलमल्याएर समय मात्र खेर फाल्नेछ । यो अवश्य आजको संसदीय चुनाव पद्दती पैसामा आधारित छ । यस चरित्रलाई बदलेर चुनाव पैसामा होईन सिद्धान्त राजनीति र कार्यक्रम मा आधारित गर्नु परेको छ । यस्तो तयारीको अभावता चुनाव जितेर पनि फाल्न सकिन्छ भन्ने कुरो जर्जियाको गाम्दा खोर्दियाको इतिहासले सिकाएको छ । क्रान्तिकारी शक्ति नभएमा कम्यूनिष्ट सरकार अवश्य टिक्न दिने छैन ।

स्पष्टत: आजको आवश्यकता हो व्यापक रुपले जन चेतना बढाउने र जनताको जुझारु संगठनको निर्माण गर्ने र यसको निम्ति एउटा स्पष्टत: राजनीति लिएन मिल्न सकिने सबै कम्यूनिष्टहरु एक भएर काम गर्ने र एकीकृत हुन नसक्नेहरुसंग संयुक्त मोर्चा बनाउने र यस बाहेक देश बनाउन चाहने अरु पनि सबैसंग एउटा बृहद संयुक्त मोर्चा बनाएर काम गर्ने जुन संयुक्त मोर्चामा कम्यूनिष्टहरु मात्र होईन सम्पूर्ण देशभक्त र प्रजातान्त्रिक तत्वहरु पनि रहन सक्ने छन । आजको स्थितिमा नेपालमा क्रान्तिकारी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन ल्याउने हो भने बन्दुकको नाली मात्र सम्झेर पुग्दैन, जन चेतना, जन संगठन, जनताको संघर्षशील शक्ति सबै कुराको याद गर्नु जरुरी छ । बन्दुकको नाली लफ्फा-



जीमा मात्र सीमित रहने छ र आखिर नेपाली समाजको निर्माण चेतनायुक्त जनताको संगठित तथा क्रियाशील शक्तिले नै गर्नेछ । हो, अवश्य हामी प्रतिक्रियावादीहरुको प्रतिक्रान्तिकारी षडयन्त्र र उनीहरुबाट हुन सक्ने प्रतिक्रान्ति प्रति पनि सजग भएर उनीहरुसंग हर सम्भव उपायले सामना गर्ने शक्ति पनि तयारै गरेर राख्नु आवश्यक छ ।

## माओवाद वा माओ विचारधारा प्रति हाम्रो दृष्टिकोण

मार्क्स उक्ति हो "विश्वको मजदूर एक हौं ।" लेनिनको भनाई हो "विश्वको मजदूर वर्ग तथा शोषित पीडित जनता एक हौं ।" माओको भनाई रह्यो, सम्पूर्ण जनताको ९५ प्रतिशत जनता आफुतिर मिलाउ र ५ प्रतिशत शोषक अत्याचारीहरु र प्रति क्रान्तिकारीहरुलाई अलग पार । का० माओको नेतृत्वमा चीनको कम्यूनिष्ट पार्टीले ३ पकट सम्म छापेको "जन क्रान्तिको विजय अमर रहोस्", भन्ने पुस्तिकामा लेखिएको छ । "संशोधनवादीहरुले साम्राज्यवादको सेवामा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन माथि भित्रीघात गर्दछ ।

का० माओकै अध्यक्षतामा चीनी कम्यूनिष्ट पार्टीको केन्द्रिय कमिटीले लेखेको २५ सूत्रीय कार्यक्रमको ८ वाँ सूत्रमा लेखिएको छ:– एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको इलाकाहरुमा "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति र समाजवादी क्रान्ति नै आजको बिश्वको ऐतिहासिक धारहरु हुन ।" फेरि लेखिएको छ । "राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति बिश्व

सर्वहारा क्रान्तिको सबभन्दा महत्वपूर्ण अङ्ग हो।"

आज आफुलाई माओवादी भन्नेहरू उपरोक्त कुरोहरूको विरोधमा नै गइरहेको देखिन्छ। राष्ट्रिय प्रजातन्त्रको विरोध गर्नु वहाँहरु आफ्नो क्रान्तिकारीताको प्रमाण भन्ठान्छन। अनि माओवादलाई नेपालको कम्यूनिष्ट आन्दोलन टुक्रा पार्ने साधन बनाएका छन। वहाँहरूको समझदारी अनुसार माओ विचार नमान्नेहरूको अर्को पार्टी हुनु पर्छ। यसरी वहाँहरू नेपालको कम्यूनिष्ट पार्टीलाई बिभक्त गरी देशको सम्पूर्ण मजदूरहरू किसानहरू र मेहनतकश जनतालाई टुक्रा गराई राख्ने योजना अगाडि ल्याउनु हुन्छ।

के नेपालको कम्यूनिष्ट आन्दोलन माओबादी र नमाओवादीमा विभक्त गराई राख्नाले नेपालको जन-आन्दोलन अथवा सामाजिक परिवर्तनमा मद्दत गर्ने छ? यसरी कम्यूनिष्ट आन्दोलनलाई विभाजित राख्नु स्वयम माओत्सेतुङ्गको विचारको विपरित कुरो हो। माओत्सेतुङ्ग विचारधारा मान्ने भन्नेहरूको स्पष्ट जवाफ दिन सक्दैन। अनि माओ विचार धारा माओ विचार धारा भनेर जप्दै हिड्ने। कसै कसैको भनाई छ माओ विचारधारा भनेको "नयाँ जनवाद हो।" अनि नयाँ जनवाद के हो भनेर सोध्यो भने मुख बन्द। यही माओ सेतुङ्गको सिद्धान्त देवस वहाँहरुले यसको स्पष्ट व्याख्या गर्नु पर्दछ। होईन भने यसले जनता-लाई धोखा मात्र दिनेछ। जहाँ सम्म माओत्सेतुङ्गलाई आदर गर्ने कुरो छ, हामी पनि वहाँलाई आदर दिन्छौं। वहाँ क्रान्तिकारी नेता हुनुहुन्छ, जसको नेतृत्वमा चीनको जनवादी क्रान्ति सफलताका साथ सम्पन्न भयो र चीनलाई साम्राज्यवाद तथा सामन्तवादबाट मुक्त गरेर त्यहाँ एउटा नयाँ व्यवस्था स्थापना भयो। "नयाँ जनवादी व्यवस्था" जो कालान्तरमा समाजवादमा परिवर्तन भयो। वहाँबाट लेखेका कृतिहरु पढ्न सकिन्छ, तर सुगा भएर होईन। कसैको कृति कण्ठ गरेर कम्यूनिष्ट बन्दैन, जडसुत्रवादी मात्र बन्दछ। मुर्ख पण्डित बन्दछ। मुर्ख पण्डितहरु हरेक समस्याको



समाधान किताब खोलेर खोज्ने गर्दथ्यो। कतिपय कम्यूनिष्टहरुको यति चाल छ। के माओत्सेतुङ्गलाई थाहा थियो कि २०४६ मा कस्तो स्थिति उत्पन्न हुन्छ र त्यस स्थितिमा के गर्ने भनेर। यस्तो कुरो न मार्क्सलाई थाहा थियो, न लेनिनलाई। हामीले मार्क्स, एन्जेलस, लेनिन, स्टालिन, माओ, किमइल सुङ्ग, क्याष्ट्रो सबैको कृतिहरु पढ्नु पर्छ साथै कम्यूनिष्ट खेमा बाहिरका महापुरुष र बिद्वानहरुको पनि पुस्तकहरु पढ्नु पर्छ। अनि नै हाम्रो दृष्टिकोण व्यापक हुन्छ। तर कसैको कुरा कण्ठ गरेर होईन, ती कुरोहरुलाई केलाएर पढ्नु पर्छ। गौतम बुद्धले भने झैं, किताबमा लेखि राखेको भनेर त्यसमाई नमान।" गौतम बुद्धको भनाई छ, "मैले भनि राखेको भनेर पनि नमान।" कुराहरु ग्रहण गर्नु भन्दा अघि यसलाई सुनारले सुन जाँचे जस्तै अनेक तरिकाले जाँच, अनि आफ्नो ज्योती आफै भएर निर्णय गर।" यो कुरो बुद्ध कै चेलाहरुलाई मात्र काम लाग्ने नभएर सबैलाई काम लाग्ने कुरो हो।

नेपालमा गुरिल्ला वार नै गरेर मात्र सामाजिक परिवर्तन आउने हो वा अरु पनि बाटो छ भन्ने कुराको जवाफ मार्क्स, लेनिन र माओको किताब पल्टाएर पाउने होईन। यसको जवाफ र समस्याको समाधान हामीले आफ्नो देशको आन्तरिक स्थिति, अन्तर्राष्ट्रिय स्थिति देशको सामाजिक, आर्थिक स्थिति सबै कुरोको बिश्लेषण गरेर निकाल्ने हो। जब सम्म आफ्नै दिमाग लगाएर नयाँ समस्याको समाधान खोजिन्न कुनै पनि समस्याको समाधान मिल्ने छैन। मार्क्सलाई कण्ठ गरेर लेनिनको लाईन निक्लेको होईन, मार्क्स र लेनिनलाई कण्ठ गरेर माओत्सेतुङ्गको लाईन निक्लेको होईन। चीनको स्थिति अध्ययन गरेर माओत्सेतुङ्गको चीनलाई कसरी मुक्त गर्ने भन्ने लाईन निक्लेको हो।

हामीले पनि आफ्नो देशलाई साम्राज्यवादी षडयन्त्र, सामन्ती शोषण दमनबाट कसरी मुक्त गर्ने भन्ने समस्याको समाधान मार्क्स, एन्जेलस,

लेनिन, स्तालिर र माओको किताब पल्टाएर होईन, ती महा-पुरुषहरुको भावलाई पक्रेर आफ्नो देशको स्थितिलाई आफैले विश्लेषण गरेर निकाल्नु छ। पण्डितहरुले हर कुरोको समस्या समाधान वेदमा खोजे झैं हामीहरुले पनि सबै कुरोको समाधान मार्क्सवादी पुस्तवहरुमा खोजेर निकाल्न चाहन्छौं भने आजको समाजको समस्या पण्डितहरुले समाधान गर्न नसके झैं हामीले पनि देशको कुनै समस्या समाधान गर्न सक्ने छैनौं

माओत्सेतुङ्गको कतिपय कुराहरु पुरानो भईसक्यो, कति कुराहरु अझै काम लाग्छ किताबहरु नपढौं भनेको होईन, आँखा खोलेर पढौं, काम लाग्ने कुराहरु लेउ, त्यसबाट सिकौं, काम नलाग्ने कुराहरु छोडौं। कुरो-हरुलाई केलाएर हेरौं। सत्य र तथ्यलाई अपनाऔं यसको निम्ति कसैले आफुलाई माओवादी नै भन्नु पर्छ भन्ने छैन। आफ्नो पार्टीको नाउँको पछाडी मार्क्सवादी-लेनिनवादी लेखि रहनु पनि जरुरत छैन। रामबहादुर नाम राख्दैमा त्यो मान्छे राम जस्तै मर्यादा पुरुषोत्तम बन्दैन, न त बहादुर बन्छ। भनाई हो नामको पछाडी पार्टी र कम्यूनिष्ट नफुटाऔं। मार्क्सवाद भनेको मार्क्स, लेनिन, स्तालिन र माओले दिएका सिद्धान्त र विचार सम्म मात्र सिमित कुरो होईन। मार्क्सवाद निरन्तर विकास भएर जाने कल्प वृक्ष झैं कहिल्यै नमर्ने सिमा हिन सिद्धान्त हो। आज अझै एउटा नयाँ सिद्धान्त थपिन आएकोछ, त्यो हो जुच्छे विचारधारा। यसकारण हामीले मार्क्स, एन्जेल्स, लेनिन, स्तालिन, माओ, का. किम इल सुङ्ग इत्यादी सबै जस्तो क्रान्तिकारी नेताहरुको कृतिहरु पढ्नु जरुरी छ र उनीहरुको अनुभवबाट सिक्नु छ। तर आफ्नो देश र जनताको समस्याको समाधान आफ्नै दिमाग लगाएर निकाल्नु छ। सबै कम्यूनिष्टहरुले आपसमा विचार-आदान प्रदान गरी सहि कुरो ठम्याएर सबै मिलेर एउटा स्पष्ट लक्ष्य राखेर अगाडी बढौं यहि हाम्रो आह्वान हो।

## नेपाल कम्यूनिष्ट पार्टी प्रकाशन द्वारा प्रकाशित

| पुस्तकहरू:- | लेखक:- |
|---|---|
| | - तुलसीलाल अमात्य |
| १) राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम | " |
| २) कुन बाटो ? | " |
| ३) नेपाल कम्यूनिष्ट आन्दोलनमा देखापरेका मतभेदहरू | " |
| ४) लेनिन (जीवनी) | " |
| ५) नकली क्रान्तिकारी माओ वादी हुनया सि. आ. ए को जाल ? | " |
| ६) सङ्गठनात्मक समस्या | " |
| ७) बुद्ध बुद्धत्व र बुद्ध दर्शन | " |
| ८) मानव र मानव अधिकार | " |
| ९) समाज विकासको नियममा कृयाशील चेतन शक्तिको स्थान | " |
| १०) राजनीतिक प्रस्ताव (तेश्रो महाअधिवेशन द्वारा पारित) | " |
| ११) धर्मको मर्म र श्री कृष्ण | " |
| १२) नेपालको स्वतन्त्र आर्थिक विकासको बाटो के हो ? | " |
| १३) जनवादी राष्ट्रिय प्रजातन्त्र | " |

मुद्रक:- मञ्जुश्री प्रिन्टिङ्ग प्रेस, फोन नं. ५-२१५०८